



# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA



नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्

कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं

सम्पर्क : ०१-४२६११७९

एक्सटेन्सन: ११३ (९ बजेदेखि ६ बजेसम्म)







## शिक्षामन्त्रीको ३ महिने कार्ययोजना

# कुरा बढी, काम कम

ईश्वरराज ढकाल, काठमाडौं

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले आफैले घोषणा गर्नुभएको ३० बुँदे कार्यक्रम कार्यान्वयन योजनाको अधिकांश योजना पूरा भएको छैन। मन्त्रीको यो योजना पूरा हुनु त परै जाओस् केवल कुरा बढी र काम कम गर्नमै सीमित भएको छ।

मन्त्री पदमा बहाली भएको करिब एक महिनापछि वैशाखदेखि असार महिनाभित्र गर्ने गरी जारी गर्नुभएको ३० बुँदे कार्ययोजना अधिकांश शुरू भएकै छैन, केही आंशिक शुरू भएका छन्। ३० बुँदे कार्ययोजनामध्ये झन्डै १५ वटा योजनाको प्रगति शून्य देखिएको छ। भएका योजनामध्ये कुनै पनि कार्यान्वयन भएको छैन। तर, कतिपय कार्यान्वयनको चरणमा रहेको मन्त्रालयको दाबी छ। ती योजना अधिकांश अधुरा छन्। जेठमा तयार गर्ने भनिएको संघीय शिक्षा विधेयक र अधिकारमा आधारित शिक्षा विधेयकको मस्यौदा, प्रदेश र स्थानीय तहका लागि नमुना कानुनको मस्यौदा, देशभित्रका वैज्ञानिक सम्मेलनको तयारीसमेत शुरू भएको छैन।

मानव संशाधन प्रक्षेपण र जनशक्ति विकास योजना निर्माण, उच्च शिक्षा र विद्यालय शिक्षाका निकायहरू साझेदारीमा बृहत् विज्ञान मेला सञ्चालन हुन सकेको छैन। मन्त्री पोखरेलले वैशाखमा पत्रकार सम्मेलन गरी कार्यक्रम कार्यान्वयन योजना सार्वजनिक गर्नुभएको थियो।

तामझामका साथ आफैले घोषणा गरेको अधिकांश योजना पूरा गर्न नसक्नु मन्त्रीको कमजोरी देखिएको छ। प्रत्येक स्थानीय तहमा क्रमश: प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको अवसर विस्तारका लागि आवश्यक योजना तर्जुमा, विश्वविद्यालयको लगानीको ढाँचा निर्धारण, देशभित्रका वैज्ञानिक

**जेठमा तयार गर्ने भनिएको संघीय शिक्षा विधेयक र अधिकारमा आधारित शिक्षा विधेयकको मस्यौदा, प्रदेश र स्थानीय तहका लागि नमुना कानुनको मस्यौदा, देशभित्रका वैज्ञानिक सम्मेलनको तयारीसमेत शुरू भएको छैन।**

सो अवसरमा घोषणा गरिएको एकीकृत उच्च शिक्षा विधेयक मस्यौदा निर्माण र छलफल, प्राविधिक कार्यदलबाट स्कुल चार्टर खाका निर्माण र विद्यालयद्वारा स्कुल चार्टर निर्माण प्रारम्भ गर्ने उल्लेख गरिएपछि त्यसको शुरुआत नै भएको छैन। 'योजना धेरै भए, प्रगति शून्य रह्यो।' -मन्त्रालयका उच्च कर्मचारीले भने।

सम्मेलनको तयारी, द्वन्द्वका कारण विस्थापित शिक्षकको व्यवस्थापन गर्ने सम्बन्धमा जाँचबुझ समितिको प्रतिवेदनका आधारमा विस्थापित शिक्षकको समुचित व्यवस्थापन गर्ने व्यवस्थाका लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेस गर्ने योजनाको प्रगति शून्य छ।

(क्रमश: पृष्ठ ९ मा)

## डा. केसीको समर्थनमा जनप्रदर्शन

# सरकार उत्रियो दमनमा

तस्वीर : अनिल आङदेम्बे, काठमाडौं




भगवती तिमल्सिना, काठमाडौं

प्राडा गोविन्द केसीको मागप्रति ऐक्यबद्धता जनाउँदै शनिबार काठमाडौंमा व्यापक जनप्रदर्शन गरिएको छ।

माइतीघर मण्डलाबाट शुरू भएको जनप्रदर्शन नयाँ बानेश्वरमा पुगी कोणसभामा परिणत भएको थियो।

माइतीघरबाट निस्केको जुलुसलाई नयाँ बानेश्वरमा सम्बोधन गर्दै पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीले डा. केसीले उठाउनुभएको माग पूरा नभए देशमा आगो बल्ने चेतावनी दिनुभएको थियो।

(क्रमश: पृष्ठ ९ मा)

## डा. केसीको समर्थनमा सामूहिक अनशन

काठमाडौं, (नेस)

चिकित्सा शिक्षा सुधारका विभिन्न माग राख्दै अनशनरत डा. गोविन्द केसीका समर्थकले आइतबारदेखि वसन्तपुरमा सामूहिक अनशन बस्ने जनाएका छन्।

दबाब कार्यक्रमलाई नयाँ स्वरूपमा अघि बढाउन सामूहिक सत्याग्रह शुरू गर्न लागिएको डा. केसीका समर्थक अधिवक्ता ओमप्रकाश अर्यालले बताउनुभयो। डा. केसी समर्थकले गरेको दबाबमूलक प्रदर्शनीमा केसीको जीवनरक्षाका निम्ति आइतबार बिहान १० बजेदेखि ५ बजेसम्म सामूहिक अनशन बस्ने जानकारी दिइएको हो।

प्रदर्शनीमा राजनीतिक दलका नेता, विभिन्न पेसाकर्मी, चिकित्सक, विद्यार्थी र सर्वसाधारणले चिकित्सा शिक्षासम्बन्धी माथेमा आयोगको प्रतिवेदनअनुसारको चिकित्सा शिक्षा विधेयक ल्याई डा. केसीको जीवनरक्षा गर्न माग गरेका हुन्।

## विनासर्त वार्तामा आउन आग्रह

काठमाडौं, (नेस)

सरकारले अनशनरत डा. गोविन्द केसीलाई विनाशर्त वार्तामा आउन आग्रह गरेको छ।

वार्ता टोलीका संयोजक एवं शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव खगराज बरालले शनिबार जारी प्रेस विज्ञप्तिमार्फत सो आग्रह गर्नुभएको हो।

(क्रमश: पृष्ठ ९ मा)

## देउवा सोझै बालुवाटारमा

काठमाडौं, (नेस)

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा शनिबार सीधै बालुवाटार पुगी प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेटेर डा. गोविन्द केसीको मागप्रति गम्भीर बन्न आग्रह गर्नुभएको छ।

उहाँले सरकारले शान्तिपूर्ण प्रदर्शनमाथि दमनकारी नीति अपनाए सडक र सदनबाट अझ कडा विरोधमा उत्रने चेतावनी दिनुभएको सभापति देउवानिकट स्रोतले जनाएको छ।

(क्रमश: पृष्ठ ९ मा)


GOENKA GOLD Fe 500 TMT BAR

अधिकतम कारखाना द्वार-मूल्य
Max. Ex-factory rates

(लागु मिति: २०७५ जेष्ठ १३/May 27, 2018 देखि)

| साईज (Dmm) | कारखाना द्वार मूल्य रू./कि.ग्रा* |
|---|---|
| १०/१२/१६/२० | ८२.00 |
| ८/२५/२८/३२ | ८५.00 |
| कारी ४.७५/७ | ८४.00 |

*अर्डर परिमाण र भुक्तानी अवस्था हेरी उपरोक्त मूल्यमा छुट गर्न सकिनेछ।

उपरोक्त मूल्यमा रु १/- प्रति के.जी. अन्त:शुल्क र १३% मू.अ.कर लाग्नेछ।

"तीन दशक अधिकको अनुभव, निर्माण क्षेत्रको गौरव"

गोयनका स्टील्स् प्रा. लि.
काठमाडौं: ०१-४४१४८१२, भैरहवा: ०७१-५२०३६१


# पहिरोमा परी ४ को मृत्यु

ललित सिंह, बझाङ

बझाङको खप्तड छान्ना गाउँपालिका-६ बयानामा पहिरोमा परी ४ जनाको घटनास्थलमै मृत्यु भएको छ। मृतकमध्ये ३ जना एकै परिवारका हुन्।

मृत्यु हुनेमा खप्तड छान्ना गाउँपालिका-६ बयानाकी ४५ वर्षीया उजलीदेवी थापा, उनकी बुहारी ३२ वर्षीया महेश्वरी थापा, उनका ६ वर्षीय छोरा कृष्ण थापा र सोही गाउँका-२० वर्षीय मंगल थापा रहेको घटनास्थलबाट वडा सदस्य प्रेमबहादुर थापाले बताएका छन्।

पहिरोमा परी २ जना घाइते भएका छन्। घाइते हुनेमा सोही गाउँका ५ वर्षीय कविराज थापा र रिकेश थापा रहेका छन्। गाउँनजिकै रहेको शिव मन्दिर गलेगडामा पहिरो जाँदा चौतारामा बसिरहेका र बाटोमा हिँड्दै गरेका उनीहरूको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बझाङले जनाएको छ।

उजली थापा, उनकी बुहारी महेश्वरी थापा र उनका छोरा कृष्ण थापा एकै परिवारका हुन्। महेश्वरी थापा खप्तड छान्ना गाउँपालिका-६ की महिला स्वास्थ्य स्वयंसेविका पनि हुन्। घरबाट घाँस लिएर पारीछाना भन्ने ठाउँमा जाँदै गर्दा बीचमा पहिरोमा परी उनीहरूको घटनास्थलमै ज्यान गएको वडा सदस्य थापाले बताएका छन्। घाइतेहरूको उपचारका लागि नजिकैको स्वास्थ्य संस्थामा लगिएपछि थप उपचारका लागि जिल्ला सदरमुकाम चैनपुर पठाइएको छ भने गाउँमा रुवाबासी चलेको छ। गाउँले शोकमा डुबेका छन्।

(क्रमश: पृष्ठ ९ मा)



# महानगर

सरकारले देशको स्वास्थ्य र शिक्षा नीतिका बारेमा निर्क्योल नगर्दा सधैंको भद्रगोलको शृंखला लामो समयदेखि चल्दै आएको छ। सरकारले डा. केसीले उठाएको सबै माग पूरा नगर्ने अडान लिएको छ भने केसीले आफ्नो माग पूरा नभएसम्म अनशन नछोड्ने अडान लिनुभएको छ।



नेपालको स्वास्थ्य र शिक्षा क्षेत्रमा देखिएको विकृति र विसंगतिका विरुद्ध धेरैपटक आन्दोलन भएका छन्। शैक्षिक क्षेत्र र स्वास्थ्य क्षेत्रमा देखिएको निजीकरणविरुद्ध बेलाबखत आवाज उठ्ने गरे पनि निजीकरणका कारण नेपालको स्वास्थ्य र शिक्षा निकै खर्चिलो र महँगो बन्दै गएको छ। शिक्षा र स्वास्थ्य क्षेत्रमा देखिएको निजीकरणका कारण समाजमा धनी र गरिबको खाडलसमेत बढ्दै गएको छ। संविधानले नेपाल अब समाजवाद उन्मुख हुने कुरा उल्लेख गरिसकेको छ। तर, स्वास्थ्य र शिक्षा क्षेत्रमा देखिएको अस्तव्यस्त हेर्दा समाजवादमा पुग्ने गन्तव्य सहज देखिएको छैन। मेडिकल कजेलसम्बन्धी विषयलगायतका माग राख्दै डा. गोविन्द केसी १५औं पटक अनशनमा बस्नुभएको छ। अनशनको समर्थन र विरोध भइरहेको छ। डा. केसीले उठाएको विषय नै अहिले सबैभन्दा पेचिलो राष्ट्रिय मुद्दा बनेको छ ।

बाबुराम भट्टराईदेखि अहिलेका प्रधानमन्त्री केपी ओलीसम्म आइपुग्दा हरेक सरकार मेडिकल कलेजलाई सम्बन्धन दिने विषयको विवादमा मुछिंदै आएका छन्। डा. केसीको मागको दीर्घकालीन समस्याको समाधानको विषयमा भने नीति निर्माण तहमा नै सुधार हुन सकेको छैन। पटक-पटक अनशन बस्ने, अल्पकालीन समस्या समाधानका लागि सरकारले माग पूरा गर्ने प्रतिबद्धताबाहेक देशको मेडिकल शिक्षा कस्तो हुने भन्ने विषयमा न पर्याप्त बहस भएको छ न दीर्घकालीन समस्याको समाधान खोजिएको छ। डा. केसी पटक-पटक अनशनमा बस्ने, चिकित्सकहरु अस्पतालमा बन्द गरेर आन्दोलनमा आउने शृंखलाका कारण सयौं बिरामीले समयमा नै उपचार नपाउने गरेका छन्। सरकारको स्वास्थ्य र शिक्षा नीति के हुने भन्ने विषयमा अहिलेसम्म सरोकारवाला निकायबीच बहस हुन सकेको छैन। सरकारले देशको स्वास्थ्य र शिक्षा नीतिका बारेमा निर्क्योल नगर्दा सधैंको भद्रगोलको शृंखला लामो समयदेखि चल्दै आएको छ। सरकारले डा. केसीले उठाएको सबै माग पूरा नगर्ने अडान लिएको छ भने केसीले आफ्नो माग पूरा नभएसम्म अनशन नछोड्ने अडान लिनुभएको छ। मेडिकल शिक्षाका क्षेत्रमा अहिले देखिएको समस्याको समाधान गर्नका लागि सरोकारवालाले सबै निजी मेडिकल कलेजको राष्ट्रियकरण गरेर समस्याको समाधान गर्नुपर्ने आवाज पनि उठाएका छन्। राष्ट्रिय चिकित्सा शिक्षा विधेयक २०७५ संसद्मा दर्ता भइसकेको छ। तर, डा. केसीले उक्त विधेयक फिर्ता लिनुपर्ने माग राख्दै आउनुभएको छ। सरकारले विधेयक फिर्ता लिनु भन्दा पनि विधेयक संसद्मा पेस गरेर संसद्बाटै प्रक्रियामै अगाडि बढाउने बताएको छ। यसअघि कांग्रेस नेतृत्वको सरकारले अध्यादेशमार्फत चिकित्सा शिक्षा विधेयक ल्याएको थियो। सरकारले संसद्मा पेस गर्न लागेको चिकित्सा शिक्षा विधेयकमा माथेमा कार्यदलका मूलभूत कुरा समेटिएको बताएको छ। सरकारले संसद्मा दर्ता गराएको विधेयक फिर्ता लिनुपर्ने र माथेमा आयोगको प्रतिवेदन कार्यान्वयन गर्नुपर्ने पक्षमा डा. केसीसहित प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेस पनि देखिएको छ। डा. केसीको समर्थन र विरोध भइरहेको छ। यसै विषयमा नेपाली कांग्रेसका प्रवक्ता विश्वप्रकाश शर्मा र नेपाल कम्युनिस्ट पार्टीका युवा नेता ठाकुर गैरेसँग नेपाल समाचारपत्रका लागि **मधुसूदन रायमाझी**ले गरेको कुराकानी :

## 'केसीको माग पूरा गर्नुपर्छ'

**डा. गोविन्द केसीको मागलाई समर्थन गर्दै कांग्रेस पनि आन्दोलनमा लाग्यो नि किन ?**

-हो, कांग्रेसले डा. गोविन्द केसीले उठाएको जायज मागलाई समर्थन गरेको हो। हामी सडक मात्र होइन सदनमा पनि आन्दोलित छौं। डा. केसी यो देशको मेडिकल शिक्षालाई व्यवस्थित बनाउनुपर्छ भन्ने माग राख्दै पटक-पटक अनशनमा बस्दै आउनुभएको छ। केदारभक्त माथेमा आयोगले दिएको उच्चस्तरीय प्रतिवेदन कार्यान्वय गर्नुपर्छ भन्ने हाम्रो माग हो। विगतमा डा. केसीको माग पूरा गर्नका लागि कांग्रेस नेतृत्वको सरकारले अध्यायदेश ल्याएको थियो। त्यो अध्यादेशलाई पन्छाउँदै आज चिकित्सा शिक्षा विधेयक संसद्मा दर्ता गराइएको छ। केसीको माग उचित छ। त्यसैले उहाँले उठाउनुभएको माग सरकारले पूरा गर्नुको विकल्प छैन।



**विश्वप्रकाश शर्मा**
प्रवक्ता, नेपाली कांग्रेस

**समस्याको समाधान आन्दोलन हो कि वार्ता र संवाद ?**

-सरकारले हाम्रो आवाज नसुने पनि हामी सडक र सदनको आन्दोलनमा उत्रिएका हौं। सरकारले माथेमा आयोगको प्रतिवेदन मात्र कार्यान्वयन गर्ने हो भने अहिलेको समस्याको समाधान हुन्छ। पटक-पटक एउटै माग राखेर आन्दोलन गर्ने परम्पराको अन्त्य गर्नका लागि पनि माथेमा आयोगको प्रतिवेदन कार्यान्वय गर्नुपर्छ। हामीले त समस्या समाधानका लागि पहल गरेका छौं। तर, सरकार आफ्नो अडानबाट पछि नहट्दा आन्दोलन दिन प्रतिदिन बढ्दै गइरहेको छ।

**निजी मेडिकल कजेलहरूलाई राष्ट्रियकरण गर्ने विषयमा कांग्रेसको धारणा के हो ?**

-पञ्चायती व्यवस्थामा १२ अर्बको बजेट थियो। त्यो बेला बजेटअनुसार सरकारले चाहेर पनि एक्लै केही गर्न सक्ने अवस्था थिएन। सरकारले निजी क्षेत्रको प्रोत्साहन नगरी स्वास्थ्य र शिक्षामा सुधार गर्न सम्भव थिएन। अहिले पो बजेट १३ खर्ब पुग्यो त। हिजो राज्यको नीतिअनुसार खुलेका शैक्षिक संस्थाहरूलाई निरुत्साहित गर्नु हुँदैन। औंलामा पिलो आयो भने हत्केला काट्न हुँदैन। अहिले सरकारले मानमोहन मेडिकल कलेज खरिद गर्न सकेको छैन। बाँकी मेडिकले कजेललाई कसरी खरिद गर्छ। सारा मेडिकल कलेज राज्यले खरिद गर्न सम्भव छैन।

**सरकारले चिकित्सा शिक्षा विधेयक संसद्मा दर्ता गरिसकेको छ, यसले पनि समस्याको समाधान देला नि ?**

सरकारले संसद् स्थगित गरेर आन्दोलनबाट डराएको आभाष हामीलाई भएको छ। सरकारले संसद्मा गहिरो बहस गर्न तयार हुनुपर्छ। साथै सडकबाट आएको भावनालाई पनि समावेश गरेर अगाडि बढ्नुपर्छ। सरकारले चुनावमा दुई तिहाइ लिएको दम्भको गीत गाएको छ। हिजो चुनावको बेलामा फ्रि वाइफाई दिन्छु भनेर चुनावी घोषणापत्रमा लेख्ने अहिले आएर १३ प्रतिशत कर बढाउने यो पनि कुनै तरिका हो ? हिजो मदन भण्डारीले राजालाई श्रीपेज खोलेर आउन चुनौती दिएका थिए। अहिलेको सरकारले पनि नागरिकलाई चुनौती दिँदै गएको छ। केसीको जीवन तल-माथि भयो भने ३ करोड जनता सडकमा आएर अहिलेको सरकारको दम्भ चकनाचुर पार्नेछन्।

**समस्या समाधानका लागि त कांग्रेसले पनि भूमिका खेल्नुपर्ने होइन ?**

-समस्या समाधानका लागि त कांग्रेस नेतृत्वको सरकारले माथेमा आयोग बनाएर नै पहल गरेको हो। हामी समस्या समाधान गर्नका लागि जिम्मेवार छौं। जिम्मेवार सरकार हो भने संसद् बन्द गरेर प्रतिपक्षलाई सडकमा जाओ भन्ने हो त ? सरकारले अहिले चिकित्सा शिक्षा विधेयक फिर्ता लिएर कांग्रेसले ल्याएको अध्यादेशलाई कार्यान्वय गर्नुपर्छ। सरकारले संसद् र सडकको मागबमोजिम काम गर्नुको सट्टा सरकार आन्दोलनबाट डराएको देखिएको छ। शान्तिपूर्ण आन्दोलनमा उत्रिँदा तरुण दलका नेता तथा कार्यकर्ता गम्भीररूपमा घाइते भएका छन्। यसले पनि के स्पष्ट पार्छ भने सरकार समस्याको समाधान गर्नेतिर भन्दा पनि समस्या बढाउने खेलमा त लागेको होइन भन्ने गम्भीर प्रश्न जन्माएको छ।

## 'केसी पनि सहमतिमा आउनुपर्छ'

**डा. गोविन्द केसीको माग ठीक छ कि छैन ?**

-नेपालको शिक्षालाई कस्तो बनाउने ? कस्तो हुनुपर्छ ? भन्ने विषयमा बहस र छलफल नै भएको छैन। संविधान निर्माण गर्दा महत्त्वपूर्ण फैसला गरेका छौं। शिक्षालाई संविधानमा नै मौलिका अधिकारको रूपमा राखिएको छ। त्यो संविधान प्रदत्त अधिकार हो। मौलिक अधिकारका लागि ऐन नियम चहिँदैन कार्यान्वय मात्र गर्ने हो। एउटा व्यक्तिले माग उठाउने पक्ष र विपक्षमा विभाजित हुने संस्कार राम्रो होइन। सक्षा पक्ष र प्रतिपक्षको अमुक नेताको विषय बनाउन पनि जाजय छैन। डा. गोविन्द केसीको १० वर्ष मेडिकल कलेज खोल्न नदिने माग राखेर के मेडिकल शिक्षामा अहिले देखिएको समस्याको समाधान हुन्छ ? पढ्न पाउने कुरा मौलिक हकमा नै व्यवस्था गरेको छ। केसीले किन निजी मेडिकललाई राष्ट्रियकरण गर्ने पक्षमा बोल्न सक्नुभएको छैन। अहिले एक-अर्कामा विभाजित हुने भन्दा पनि नेपालको स्वास्थ्य शिक्षालाई राष्ट्रियकरण गर्ने कुरा हो।



**ठाकुर गैरे**
युवा नेता, नेपाल कम्युनिष्ट पार्टी

**दुई तिहाइ बहुमतसहितको कम्युनिस्टको सरकार छ, निजी मेडिकल कलेजलाई राष्ट्रियकरण गर्न सक्छ होला नि ?**

हिजो पञ्चालय व्यवस्थाको अन्त्यको माग गर्दै आन्दोलन गर्दा सम्भव छैन भन्ने धेरै थिए। तर, त्यो व्यवस्था अन्त्य गर्नका लागि जनताको तागत थियो। राजतन्त्र अन्त्य गर्न पनि केहीले असम्भव मानेका थिए। तर, सम्भव भयो। देशमा गणतन्त्रको नारा लगाउँदा पनि सम्भव छैन भयो। आखिर गणतन्त्र आयो। यी सबै आन्दोलन सफल बनाउनका लागि निकै ठूलो त्याग र बलिदानी भएको छ। देशमा स्थायी सरकार नबन्दा विकासले गति लिन नसकेको निष्कर्षसहित जनताले कम्युनिस्टलाई दुई तिहाइ बहुमत दिएका छन्। स्थायी सरकार बनेको छ। सरकारी अस्पतालमा अनशन बसेर हुँदैन। नीति निर्माण गर्ने वैधानिक थलो भनेको संसद् हो। चिकित्सक शिक्षा विधेयक संसद्मा दर्ता भइसकेको छ। हामीले चाहेको शिक्षामा देखिएको व्यापारीकरणको अन्त्य हो। नेपालको तीनखम्बे नीतिअन्तर्गत निजी क्षेत्रलाई पनि लगानीकर्ताको रूपमा लिने राज्यले स्वामित्व लिएर अगाडि बढ्नुपर्छ। पटक-पटक अनशन बस्ने, आन्दोलन गर्ने परम्पराका अन्त्य गरेर दीर्घकालीन समस्याको समाधान खोज्नुपर्छ। नेपालको स्वास्थ्य र शिक्षा कस्तो बनाउने भन्ने विषयमा संसद्, संसदीय समिति र शिक्षासँग सरोकारवाला निकायहरूसँग व्यापकरूपमा बहस र छलफल गर्नुपर्ने आवश्यकता छ।

**डा. केसीको माग सम्बोधन गर्न सरकार गम्भीर नभएको हो ?**

-सरकार गम्भीर छ। उहाँको जीवन रक्षा गर्नका लागि जुम्लादेखि काठमाडौं ल्याइएको छ। एउटा सरकारी कर्मचारीले हजारौं बिरामीको स्वास्थ्य अवस्थामाथि खेलवाड गर्दै अनशन बस्नु बिडम्बना नै हो। यसको समाधान वार्ताबाटै गर्नुपर्छ। संविधानमा नै उल्लेख भएको विषयलाई चुनौती दिने आँट कसैले पनि गनुहुन्न। उहाँको जीवन रक्षा गर्नु सरकारको दायित्व र कर्तव्य पनि हो। तर, माग राख्ने नाममा सधैं माग मात्र राखेर अनशन पनि बस्ने कि समस्याको समाधान खोज्न जिम्मेवार पनि बन्ने ? केसीले योसँग मात्र वार्ता गर्छु ऊसँग मात्र वार्ता गर्छु भनेर अडान लिनुहुँदैन। सरकारका अधिकारीसँग वार्ता गर्न तयार हुनुपर्छ। हामी पनि सहज वातावरण बनाउका लागि लागिपरेका छौं। एकले हार्ने अर्कोले जित्ने भन्दा पनि देशले नै जित्ने गरी समस्याको समाधान खोज्नुपर्छ।

**सरकारले संसद्मा दर्ता गरेको विधेयक फिर्ता लिएर माथेमा आयोगको प्रतिवेदन कार्यान्वय गर्नुपर्ने माग केसीले राख्नुभएको छ नि ?**

- हो माथेमा आयोगका धेरै कुरा राम्रा छन्। हामीले पनि अध्ययन गरेका छौं। त्यो उन्नन पनि छ। अब विषय संसद्मा नै प्रवेश गरिसक्यो। संसद्मा नै गहिरोसँग बहस र छलफल हुनुपर्छ। अबको शैशिक आन्दोलनको बारेमा निष्कर्ष निकाल्नुपर्छ। मौलिक हकको बारेमा विभाजित भएर अगाडि बढेर गन्तव्यमा पुग्न सकिँदैन। सहमति सहकार्य, बहस र छलफलबाटै निकास निकाल्नुपर्छ। अब हाम्रो शिक्षा र स्वास्थ्य कस्तो हुने ? कति वर्षमा कति जनशक्ति उत्पादन गर्ने लक्ष्य बनाएर नै अगाडि बढ्नुपर्छ। तर्कका लागि मात्र तर्क र बहसका लागि मात्र बहस गरेर अब चल्नेवाला छैन।

**केसीको आन्दोलनप्रति समर्थन जनाउँदै कांग्रेस पनि सडकमा उत्रिएको छ नि ?**

-ताक परे तिवारी नत्र गोतामे भन्छन्। हिजो लामो समय कांग्रेसले सरकार चलाउँदा के हेरेर बस्यो ? हिजो आफू सत्तामा हुँदा पनि केसी अनशन बसेका थिए नि! त्यतिखेर किन माग सम्बोधन नगरेको ? सस्तो लोकप्रियताका लागि आन्दोलन गर्नुको कुनै अर्थ छैन। निर्वाचनअघि कांग्रेसले कम्युनिस्टहरूले जिते अधिनायकवाद आउँछ भन्यो। तर, त्यो बिकाउ भएन। जनताले पत्याएनन्। अहिले गोविन्द केसीको ढाडमा टेकेर अधिनायकवादको नारा बिकाउन सकिन्छ कि भनेर लागेको छ। यो पनि जनताले पत्याउनेवाला छैनन्।

**अनशनबाट सरकारलाई आफ्नो माग पूरा गर्न बाध्य बनाउने अडान केसीले लिइरहनुभएको छ नि ?**

-लोकतन्त्रमा आन्दोलन गर्न पाइन्छ। तर, आफ्नो माग पूरा गर्ने नाममा हजारौं बिरामी उपचार नपाएर छटपटाइरहेको केसीले देख्नुभएको छ कि छैन ? हो, मागका बारेमा वार्ता र संवादमार्फत जान सकिन्छ। स्वास्थ्य संस्थाहरू ठप्प पारेर आन्दोलन गर्नु बेठीक हो। हरेक समस्याको समाधान हुन्छ। केसीको मागको पनि सम्बोधन हुन्छ। तर, मेरो गोरुको बाह्रै टक्का भएर त कुरो मिल्दैन होला नि त ? सहमति भनेको के एक पक्षले मात्र गरेर हुने विषय हो ? सहमति भनेको त दुवै पक्षले अडान छोडेर सहमतिमा आउने हो नि।



## टाइम पास

*अभिनेता, निर्माता तथा निर्देशक भुवन केसी क्याप्टेनको सुटिङका क्रममा फुर्सदको समयमा।*

## हेलो विराटनगर

अभिनेतृ सञ्चिता लुइँटेल विराटनगरमा।





# पानीको कुवासँगै कार्टुन्ज क्र्यु

कार्टुन्ज क्र्युलाई फिचरिङ गरिएको *पानी कुवा*को बोलको नयाँ गीतको भिडियो सार्वजनिक गरिएको छ। यो उनीहरूले गरेको अहिलेसम्मको फरक प्रकृतिको भिडियो हो, जसमा क्र्युका सबै सदस्य नेपाली पोसाकमा देखिएका छन्।

भिडियोमा आश्मा विश्वकर्मा गुन्यु चोलीमा सजिएकी छिन् भने सरोजलगायत क्र्युका अन्य सदस्य दौरा सुरुवाल र स्टकोटमा देखिएका छन्। साथै भिडियोमा नायिका प्रियंका कार्कीलाई पनि देखाइएको छ। भिडियोमा उनको छोटो भूमिका छ।

गीतमा सरोज ओली र स्मिता दाहालको स्वर रहेको छ। दिनेश थपलियाको शब्द रहेको गीतमा संगीतकार वसन्त सापकोटाले संगीत भरेका छन्। कविराज गहतराजले कोरियोग्राफी गरेको गीतको भिडियोलाई सौरभ लामाले छायांकन गरेका छन्। उदयराज पौडेलले एरेन्ज गरेको गीतलाई उज्ज्वल श्रेयान महतले मिक्सिङ र अर्जुन जिसीले सम्पादन गरेका छन्।

# थाइल्यान्डमा नेपाललाई सफलता

थाइल्यान्डको बैंककमा सम्पन्न बालबालिकाको अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगिता *एसिया प्यासिफिक प्रिन्स एन्ड प्रिन्सेस-२०१८* मा नेपाली बालक युनिक पराजुलीले *एसिया प्यासिफिक जुनियर प्रिन्स-२०१८* को उपाधि जितेका छन्। प्रतियोगितामा सिनियर प्रिन्सतर्फ १३ वर्षीय प्रनिश खड्काले *सेकेन्ड रनर्सअप*को उपाधि पाए।

थाइल्यान्डको फुकेटमा सम्पन्न अर्को अन्तर्राष्ट्रिय बालबालिकाको प्रतियोगिता *इन्टरनेसनल किड्स अफ द इयर-२०१८* मा ८ वर्षीया बालिका रिब्या तण्डुकार *सेकेन्ड रनर्सअप* भएकी छिन्। सिनियरतर्फ पलिस्ता महर्जन पनि *सेकेन्ड रनर्सअप* भइन्।



# 'भाग्यले बाँचेकाहरू'लाई फेरि सम्मान



२०७२ सालको विनाशकारी भूकम्पका विषयमा निर्माण गरिएको वृत्तचित्र फिल्म *भाग्यले बाँचेकाहरू* (नेपाल अर्थक्वेक: हिरोज, सर्भाइभर्स एन्ड मिराकल्स) का निर्देशक गणेश पाण्डेलाई अमेरिकामा सम्मान गरिएको छ।

पाण्डेका अनुसार अमेरिकी सरकारको न्युजर्सी सिटी काउन्सिलले उनलाई सम्मान गरेको हो। नेपालको भूकम्पका विषयमा बहुचर्चित फिल्म बनाएर विश्वको ध्यान नेपालमा खिच्न सफल भएको र १७ वटा अवार्ड जितेको भन्दै निर्देशक पाण्डेलाई सम्मान गरिएको न्युजर्सी सिटी काउन्सिलका प्रेसिडेन्ट रोलान्डो लाभारोबाट हस्ताक्षरित सम्मानपत्रमा उल्लेख छ। न्युजर्सी सिटीकी सल्लाहकार डा. विष्णुमाया परियारले न्युयोर्कमा आयोजित *भाग्यले बाँचेकाहरू*को प्रदर्शनीमा प्रेसिडेन्ट लाभारोका तर्फबाट निर्देशक पाण्डेलाई सम्मानपत्र हस्तान्तरण गरेकी थिइन्। न्युजर्सी सिटीबाट यो विशेष सम्मान पाउने निर्देशक पाण्डे पहिलो नेपाली फिल्ममेकर भएको सल्लाहकार डा. परियारले बताइन्।

न्युयोर्कमा युनाइटेड शेर्पा एसोसिएसन र यूएसनेपाल अनलाइनले संयुक्तरूपमा *भाग्यले बाँचेकाहरू*को प्रदर्शन गरेका थिए।

१७ अन्तर्राष्ट्रिय अवार्ड जित्न सफल *भाग्यले बाँचेकाहरू*ले बेलायतको संसद्मा समेत प्रदर्शन हुने पहिलो नेपाली डकुमेन्ट्रीको इतिहास राखेको छ। ३२ भन्दा बढी देशमा प्रदर्शन भइसकेको यो वृत्तचित्र १३ अन्तर्राष्ट्रिय भाषामा अनुवाद भइसकेको छ।

साइन मिडिया प्रालिका तर्फबाट शारदा गैरेले निर्माण गरेको यस डकुमेन्ट्रीको छायांकन विनोद विष्ट, सम्पादन कुमार शाह, संगीत जुगल डंगोल, लेखन सपना शाक्य र दीपक कोइरालाले गरेका छन् भने अमेरिकन फिल्मकर्मी जोजाय हुपरले परामर्शदाता सम्पादकका रूपमा काम गरेका छन्।

# म्युजिकल्लीबाट भिडियोतिर

हातमा मोबाइल हुनेहरूले म्युजिकल्ली र इन्स्ट्राग्राम एप पक्कै पनि चलाएकै हुन्छन्। म्युजिकल्ली एप युजरले रेश्मा घिमिरेलाई राम्रैसँग चिनेको हुनुपर्छ।

पछिल्लो समयामा म्युजिकल्ली एपमा ट्रेन्डिङमा अगाडि रहेकी रेश्मा घिमिरेलाई पहिलोपटक म्युजिक भिडियोमा देखिएको छ।

सागर राजको शब्द, स्वर, संगीत र निर्देशनमा बनेको *झिम-झिम गर्ने परेली* बोलको गीतको म्युजिक भिडियोमा उनी सागर राजसँगै देखिएकी छिन्। म्युजिक भिडियोमा सागर र रेश्माले निकै मेहनतका साथ आफ्ना कला देखाएका छन्। लामो समयदेखि संगीत क्षेत्रमा विभिन्न विधाबाट आफ्नो क्षमता देखाउँदै आएका सागर राजको *झिम-झिम गर्ने परेली* बोलको गीत पछिल्लो पटक बजारमा आएको हो। यसअघि उनले निर्देशन गरेको *पानी पऱ्यो असिना झऱ्यो, तीते करेली, चुम्बक, तिरिकिटिताका*जस्ता गीतको म्युजिक भिडियो दर्शक स्रोताले निकै रुचाएका छन्।



# श्वेता र भाइचुङ नेक्स्ट सुपर टप्स मोडल



श्वेता तिमल्सिना र भाइचुङ राईले *नेक्स्ट सुपर टप्स मोडल नेपाल-२०१८* को उपाधि जितेका छन्। महिला तथा पुरुषका लागि मोडल सङ्स नेपाल प्रालिले आयोजना गरेको *नेक्स्ट सुपर टप्स मोडल नेपाल-२०१८* दोस्रो सिजन सौन्दर्य प्रतियोगिताको अन्तिम प्रतिस्पर्धा राजधानीको जमलस्थित राष्ट्रिय नाचघरमा भएको थियो। श्वेताले ११ जना अन्य प्रतिस्पर्धीलाई पछाडि पार्दै विजेताको ताज चुम्न सफल भएकी छन् भने *फस्ट रनर्सअप* अलिना ब्लोन र *सेकेन्ड रनर्सअप*मा रितु श्रेष्ठ भएकी थिइन्। *मस्ट पपुलर*मा जेनिशा श्रेष्ठले ताज जित्न सफल भएकी थिइन्। त्यसैगरी पुरुषतर्फ ८ जना प्रतिस्पर्धीलाई उछिन्दै भाइचुङ राई विजेता भएका छन् भने सँगर कार्की *फस्ट* र सन्दीप बम *सेकेन्ड रनर्सअप* भएका छन्।

गोपाल सुन्दरलाल कक्षपतिको प्रमुख आतिथ्यमा सम्पन्न भएको प्रतियोगितामा डा. सुशीला मल्ल, सञ्चारकर्मी गीता अधिकारी, निर्देशक राजु केसी र किशोर पौडेल निर्णायक थिए।

कामना
GAIJATRA
35Th
EDITION
ENTERTAINING NEPALESE SINCE 1984

आयो है गाईजात्रे तन्त्र
पठाउनुहोस् तपाईंको व्यंग्य र कार्टुन मन्त्र

आयो हजुर आयो फेरि गाईजात्रे तन्त्र
आ–आफ्नो तालमा नाच्ने मनपरी मन्त्र।
सडक पूरै जाम पर्दैमा थोरै पानी
जति बजेट आए'नि असारमै काम गर्नुपर्ने?
मेलम्ची र सडक विस्तारको बहानामा खाल्डै खाल्डो भयो शहर
चल्ला नचल्ला पानीजहाज र रेल, वर्षाको पानी जम्दा जनता डुब कि मर।
देशैभरि अशान्ति छ, गर्नेलाई अझै छ उस्तै मस्ती
जनतालाई भने बहुमतको सरकार आउँदासम्म सधैं उस्तै सास्ती।
दोषीचाहिँ छाती फुलाएर हिँड्ने निर्दोषलाई जेल
पिटेजस्तो गर्दै रोएजस्तो गर्ने कस्तो अनौठो खेल।
अराजकता र बेथितिले बाँध सबै फुट्यो
महँगीको ओखलमा जनता कुट्नु कुटियो।
भूकम्प र पहिरोको पीडा भोग्नेलाई अझै छ सास्तीमाथि सास्ती
डाडु बोक्ने र ठालु राहत र पुनर्निर्माणकै नाममा गर्दै छन् उस्तै मस्ती।
दिनका दिन नारा लाउँदा बसिसक्यो गलो
संसद् झनै भयो जनतालाई झुक्याइरहने थलो।
पेटभरि खाना छैन, खाली खुट्टे यात्रा
हेर जनता नेतागणको हाँडी गाउँले जात्रा।
भान्छा भान्छामा ग्यास पुऱ्याइदिने वचन पूरा गरिदियो भक्तपुरको वर्षाले
नेताले भाषण दिइरहने, जनताले पत्याइरहने, जनता लठ्ठिरहे यस्तै नशाले।
बाँदरको हातमा नरिवलजस्तो भयो देशकै गति, सुध्रिएनन् नेता र मन्त्रीका मति।
विसंगति विकृतिको खोली हालौं पोको
गाईजात्रे कामनाको ३५ वर्षदेखिको यही हो धोको।

**व्यंग्य लेखक, कार्टुनिस्ट घुँडा धसी बस**
**जनतामारा फटाहालाई जति सक्छौ घोच।**
**छोटो मीठो व्यंग्य लेख लेखौं सटिक व्यंग्यचित्र**
**यही साउन २१ म्याद यसको, पठाऊँ यहीभित्र।**

हरेक साल उत्कृष्ट छ, परारभन्दा पोहोर
बांगाटिंगा स्रष्टाले पाउलान् धेरै थोरै मोहोर।

**कामना न्यूज पब्लिकेसन्स्**
**कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं**
**पो. ब. नं. २०४५**
ईमेल : merokamana@gmail.com, kamana2041@yahoo.com

# विचार

राजनीतिज्ञले ईश्वरलाई पनि धोका दिन्छ।
– सेक्सपियर

आगोलाई पानीले नष्ट गरेजस्तै ज्ञानले मनलाई शान्त राख्नुपर्दछ।
– वेदव्यास

## सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

# सत्याग्रही आन्दोलनलाई हिंसात्मक नबनाऔं

चिकित्सा क्षेत्र सुधारको माग राखी आमरण अनशनरत डा. गोविन्द केसीको समर्थनमा काठमाडौंसहित मुलुकका विभिन्न भेगमा विरोध र प्रदर्शन भएको छ । सरकारको विरोध र केसीको समर्थनमा निकालिएको शान्तिपूर्ण जुलुस, कोणसभाका क्रममा विभिन्न ठाउँमा झडप भएको छ । काठमाडौंमा नागरिक समाजका अगुवाले निकालेको जुलुस र प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी अश्रुग्याँस प्रहार गर्दा प्रदर्शनकारी घाइते भएका छन् । नेपाल तरुण दल र प्रहरीबीच झडप हुँदा तरुण दल अध्यक्ष जीतजंग बस्नेत, नेपाल प्रेस युनियनका महासचिव अजयबाबु शिवाकोटीलगायत घाइते भएका छन् ।

डा. केसीको समर्थन र जीवनरक्षाका लागि शनिबार पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई, पूर्वप्रधानन्यायाधीश सुशिला कार्की, विवेकशील साझा पार्टीका संयोजक रविन्द्र मिश्र, नागरिक अगुवाहरु श्याम श्रेष्ठ, कृष्ण पहाडी, केदारभक्त माथेमा सडकमा उत्रिनुभएको थियो। यसैगरी चिकित्सक संघका पदाधिकारी, चलचित्रकर्मी यादव खरेल, नायिकाद्वय मनिषा कोइराला, करिष्मा मानन्धरसहित विभिन्न कलाकार, लेखक खगेन्द्र संग्रौलालगायत पनि विरोध कार्यक्रममा सहभागी हुनुभएको थियो। डा. केसीले शुरु गरेको १५औं अनशनको २२औं दिनमा काठमाडौंमा सबैभन्दा ठूलो विरोध प्रर्दशन भएको हो ।

डा. केसी बिनास्वार्थ चिकित्सा क्षेत्रको विकृति हटाउन अनशन बसे पनि सरकार गम्भिर नभएको, विषय बुझेर पनि बुझ पचाएको, आफू निकटकालाई मेडिकल कलेज खोल्न दिने अनुमति दिने तयारीमा जुटेको भन्दै प्रदर्शनकारीले सरकारको विरोध गरे । जुम्लामा अनशन बस्नुभएका केसीलाई अधिनायकवाद र जबर्जस्त अपरहणको शैलीमा काठमाडौं ल्याइए पनि समस्या समाधानमा सरकार गम्भीर नभएको प्रदर्शनकारीको तर्क छ। नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले बानेश्वरमा भएको झडप र प्रहरी हस्तक्षेपबारे प्रधानमन्त्री ओलीसँग भेट गरी ध्यानाकर्षण गराउनुभएको छ । आफ्नो कार्यकालमा तयार भएको माथेमा आयोगको प्रतिवेदनलाई आधार मानेर तयार भएको चिकित्सा शिक्षा अध्यादेश तोडमोड नगरी कार्यान्वयन गर्न र वार्तामार्फत् समस्या समाधान गर्न उहाँले ओलीलाई आग्रह गर्नुभएको छ ।

सडक र सदनमा शुरु भएको विरोध अझै लम्बिने सम्भावना बढेको छ । केसीको पक्षमा त्यसै जनलहर बढेको हैन, सरकार आफैं आफूमाथि विरोधका स्वर र गतिविधि बढाइरहेको छ । त्यसैले सरकारले दुई तिहाइ बहुमतको दम्भ नदेखाइकन वार्तामार्फत् समाधान खोज्न ढिलो गर्नुहुँदैन । त्यसैगरी केसीको समर्थनमा सडकमा उत्रिएकाहरुले संयमता अपनाउनु बुद्धिमानी हुन्छ। आन्दोलनको नाममा अन्य हिंसात्मक गतिविधि अघि बढाइनुहुन्न, केसीको जीवन रक्षा गर्न सरकार गम्भीर बन्नुपर्छ ।

**लेखकहरुलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरु निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।
email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# कम्युनिस्ट, आलोचना र अधिनायकी



**मुक्तिबन्धु**

'सुलभाः पुरुषा राजन् सततं प्रियवादिनः। अप्रियस्य च पथ्यस्य वक्ता स्रोता च दुर्लभः। अर्थात् सधैं मीठो मसिनो चाकरीको बोली बोलेर रिझाउने मानिस त जति पनि पाइन्छन्। सुन्दा नमीठो तर हितकारी कुरा मात्र गर्ने वक्ता र त्यस्ता कुरा ध्यान दिएर सुन्ने स्रोता भने दुनियाँमा दुर्लभै छन्।' (वाल्मीकीय रामायण)

नेपालमा अहिले कम्युनिस्ट ब्रान्डको राजनीतिक दल सत्तामा छ। बीपीको प्रजातान्त्रिक समाजवादलाई पन्छाएर जीपीले अवसरवाद वरण गरेपछि नेपाली कांग्रेस हिङ पोको पारेको खाली टालोसम्म पनि बाँकी रहन सकेको थिएन। सत्ताबाहिर बसेर धैर्य लिने संस्कारै नभएको बिचरो नेपाली कांग्रेस अहिले ईर्ष्याले जलेको छ। भित्रभित्रै मुर्मुरिएको छ। भुटभुटिएको छ। नजिकै उभिएर मासु लुछिरहेको सजातीयलाई देखेर सिक्रीतोड उफ्रानसाथ भुकानमा मुखर रहेको श्वानराजजस्तै मरिहत्ते उफ्रेको छ। कराएको छ।

क्रान्तिकारी राजनीति छोडेर संसदीय राजनीतिमा समर्पित भएर आम निर्वाचनका माध्यमबाट सत्तामा पुगेको नेकपालाई साँच्चिकै कम्युनिस्ट देख्दै होहल्लामा दगुरेको देख्दा कहिले त लाग्छ नेपाली कांग्रेस एउटा परम्परागत भजनटोली पनि हो। उसका आफ्नै थोत्रा भजनकथा र मक्किएका टुक्का छन्। आफ्नै पुरानो खैंजडी र खुट्टीनाच छ। जसको कुनै समसाममयिक तुक छैन।

नाममा नभए पनि काममा शमशेर संस्कृतिले ग्रस्त शेरबहादुरको अध्यक्षतामा रहेको नेपाली कांग्रेस अहिले बाहिर जतिसुकै उफ्रे पनि भित्र-भित्र थचक्कै बसेको छ। यसैले विकृति विसंगति अलि आत्तिएका छन्। एउटा जगजाहेर यथार्थ के हो भने कुरामा प्रजातन्त्रवादी भनिए पनि व्यवहारमा २०४७ पछिको तीन दशकमा नेपाली कांग्रेस जत्तिकै सत्तालोलुप र अधिनायकवादी दल नेपालमा अरू कुनै देखिएको छैन। नेपाली कांग्रेस नेपाली जनताका पक्षमा क्रियाशील रहेको कहिल्यै देखिएन। सत्ताका लागि मरिहत्ते गरेको मात्र देखियो। सत्ताबाहिर बसेर प्रतीक्षा गर्ने धैर्य नेपाली कांग्रेससँग देखिँदै देखिएन। नेपाली कांग्रेससँग आत्म विवेचनाको चेतना पनि देखिएन। नेपाली कांग्रेस बित्थामा अरूलाई अधिनायकवादी देख्ने दृष्टिदोषको बिरामी छ।

प्रधानमन्त्री मनमोहन अधिकारी अस्पतालमा मरणासन्न अवस्थामा पुगेका समय सत्ता हात लाग्ने खुसीमा सदनमा कांग्रेसी पखेटा फिँजाएर जटायु नाच नाचेको दृश्य नेपाली जनताका आँखामा आज पनि ताजै छ। नेपाली कांग्रेसका विगत ३० वर्षका अर्थराजनीतिक व्यवहारले बारम्बार के प्रमाणित गरेका छन् भने नेपाली कांग्रेस बीपीले परिकल्पना गर्नुभएजस्तो समाजवादी, प्रजातन्त्रवादी बाटोमा हिँडेको पार्टी हुँदै होइन। यसले अख्तियार गरेको बाटो त जीपीको अवसरवाद हो, अधिनायकवाद हो।

कम्युनिस्टका सम्बन्धमा कांग्रेसीहरूले के भन्छन् ? यो मैले विगत ६० वर्षदेखि सुन्दै आएको हुँ। नेपालमा र बनारसमा समेत सुनेको हुँ। जति बेला अमेरिकाले भियतनाममा आक्रमण गरेर आततायी शैलीमा युद्ध चर्काएको थियो त्यति बेला समेत कांग्रेसी अमेरिकाको प्रशंसा गर्थे। पातलो शरीर र बोके दाह्री देखाउँदै हो ची मिन्हको खिसीट्युरी गर्थे। कम्युनिस्टलाई गाली दिन्थे। अझ यो नेपाली कांग्रेस हिङ बाँधेको टालो छँदाको कुरा हो। अहिले त त्यो टालो पनि छैन।

जगजाहेर कुरा छ आज संसदीय म्याराथनमा सहभागी कम्युनिस्ट स्वभावतः कम्युनिस्ट रहेका छैनन्। आजका कम्युनिस्ट ब्रान्डका सत्तासीन दलका समानतामा २००७ सालतिरको नेपाली कांग्रेसलाई लिन सकिन्छ। विनम्रता र जनसेवाभावमा भने यति बेलाको सत्तासीन नेकपाभन्दा त्यति बेलाको कांग्रेसीहरू अलि अगाडि नै थिए पनि भन्न सकिन्छ। हालको अति भ्रष्ट नेपाली कांग्रेसका तुलनामा नेपाली जनताका लागि नेकपा अलि कम भ्रष्ट विकल्प ठानिएको हो। यो अड्को पड्को तेलको धूप पनि हो। बूढापाकाहरू भन्छन्- 'भूमिकाका तहमा आजको नेपाली कांग्रेस २००८ सालको खुकुरीदल हो।' नेपाली कांग्रेस अब आफ्नो बुतावर्गतले उठ्दैन, उठ्न सक्दैन। यसलाई उठाउने हो भने अब यही सत्तासीन नेपाल कम्युनिस्ट पार्टी (नेकपा)ले नै उठाउने हो।

नेकपाको सरकार र संसद्ले शिक्षा र स्वास्थ्यका क्षेत्रमा विधेयक तयार गर्दा माथेमा प्रतिवेदन र डा. गोविन्द केसीको अनशनमय आवाजलाई लत्याउन जसरी जुन ताण्डव नाचेको देखियो त्यो मतदाता नेपाली जनताका कल्पनाबाहिरको कुरा थियो। मतदाता जनताले यस नाचको स्वामित्व ग्रहण गर्ने सम्भावना छैन। नेकपा सरकारको यही ताण्डव नाच नेपाली कांग्रेसका लागि भने कोरामिन बन्न पनि सक्छ। नेकपाले यस्तै-यस्तै उन्मत्त व्यवहार दर्शाउँदै गयो भने कांग्रेस ब्युँतन्छ। उठ्छ। नेपाली जनताले फेरि पनि त्यही मन्थराको गीत गाउनुपर्ने अवस्था आउन सक्छ- 'कोई नृप होई हमेंका हानि ? चेरी छोडी नहोइवे रानी।'

गफ त सबैले मीठै गर्छन्। आफूलाई म महासामन्त हूँ तानाशाह हूँ सबैलाई ठोकेरै ठीक पार्छु कुनै शीर्ष राजनेताले भन्दैनन्। कुनै पनि दलले आफ्नो विधान र घोषणापत्रमा हामी सामन्तवादी हौं, शोषणपन्थी हौं, तानाशाही हाम्रो संस्कार संस्कृति हो, हामी नातावाद कृपावाद र आयस्तावादलाई आत्मसात् गरेर चल्छौं, राष्टिय ढुकुटीमा धमिराको गोलो बनेर खनिन्छौं भन्दैनन्। भनेका छैनन्। २०४७ पछिको नेपाली कांग्रेसले पनि भनेको छैन। कुन दल धमिरा हो कुन माहुरी हो त्यो त व्यवहार हेरेर जनताले निर्क्यौल निकाल्छन्। जनता काम हेरेर नाम राख्न खप्पीस छन्। गरुडपुराणका चित्रगुप्त भनेका आजका आम जनता नै हुन्। नेताका आचरण र कर्मचारीका कामकाज जनताका कान आँखा र नाकबाट छिप्दैनन्। कुन नेता कस्ता, कुन कर्मचारी कस्तो भन्ने जनतासँग चल्ताफिरता अभिलेख रहन्छ। जनता आफैंमा एक बृहत्तर सामाजिक सञ्जाल हो। व्यापक सीसी टीभी हो। जुन समय यी उपकरण थिएनन् जनतासँग ती यन्त्रका क्षमता सबै थिए र निरन्तर कार्यान्वयनमै थिए। आज पनि छन्। कुन नेता केवल अभिनेता हो र कुन दल नौटंकी दल-दल हो जनता आफैं सप्रमाण निर्क्यौल गर्न सक्छन्। गर्दै आएका छन्।

हाम्रा गुरु गोपालप्रसाद गुरुज्यु भन्नुहुन्थ्यो- 'दशैंमा मकहाँ टीका थाप्न आउनेहरूलाई आशीर्वाद दिनुपर्दा 'चेतेस्' भन्छु। कसैलाई मुखैले भन्छु। कसैलाई मनमनै भन्छु। मानिसमा चेत आएपछि बल्ल सुधार शुरू हुन्छ, परिवर्तन शुरू हुन्छ। चेत्नु नै भाग्यभविष्य निर्माणको पहिलो कदम हो। जो चेत्दैनन् ती कहिल्यै अग्रगामी हुन सक्दैनन्।'

नेपालमा सत्तासीनहरूले कहिल्यै चेतेनन्। चेते त आसनबाट खुरमुरिइसकेपछि चेते। कान्लामुनि पुगेपछि भ्यागुताले जति चेते पनि कान्लोमाथि उक्लन सम्भव छैन। नेपालको राजनीतिक इतिहासमा शेरबहादुर साँच्चिकै बहादुर हुन्। उनले खुरमुरिएर भीरमुनि पुग्नमा नेपाली कांग्रेसलाई राम्रै मद्दत पुऱ्याए। सम्भवतः नेपाली कांग्रेस खुरमुरिएर अझै तल्लो फेंदीमा नपुग्दासम्म चेत्दैन। त्यो नै कांग्रेस हुनुको नियति पनि हो।

अब समाजवादको देवदूत भनिएको नेकपा हुनुको नियति के हो त ? भर्खरै 'संसद्लाई सडकको निर्देश मान्य हुँदैन' भन्ने नेकपा हुङ्कार सुनियो। यस हुङ्कारले के प्रष्ट पारेको छ भने आजको सडक भोलिको संसद् पनि बन्न सक्छ र आजको संसद् भोलिको सडक बन्न पनि सक्छ भन्ने इतिहास प्रदत्त चेत नेकपाले चाँडै नै बिर्सियो। भुसुक्कै बिर्सियो। यो सत्ताको उन्माद हो कि अल्जाइमर हो ? जे भए पनि यो लर्तरो कुरा होइन। शिक्षा र स्वास्थ्यका क्षेत्रमा माथेमा प्रतिवेदन लत्याउनु, डा गोविन्द केसीसँग विगतमा सरकारले १४ पटक गरेका सम्झौता लत्याउनु र शिक्षा तथा स्वास्थ्य क्षेत्रलाई माफियाकरण गर्न ऐन बनाएरै सघाउन खोज्नुले नेकपा हुनुको नियति निर्धारणको शुभलाभी संकेत प्राप्त भइसकेको छ भन्नुमा नियमापत्ति नहोला। लाग्छ माफियाहरू, डनहरू, स्वर्णतस्करहरू, र यस्ता अरूहरूप्रति नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को हृदय विशाल देखिएको छ।

'यं प्रशंसन्ति राजानः यं प्रशंसन्ति तस्कराः। यं प्रशंसन्ति बन्धक्यः स पार्थ, पुरुषाधमः।' अर्थात् जसलाई सामन्त, महासामन्तहरूले प्रशंसा गर्छन्, जसलाई तस्करहरूले प्रशंसा गर्छन् , जसलाई बारवधू चरित्रका व्यक्तिहरूले प्रशंसा गर्छन् ती अधम मानिसहुन्।' (भीष्मयुधिष्ठिर संवाद, महाभारत)

आज सत्तासीन नेकपाका विशाल हृदय र उदारताको प्रशंसा कसले गर्छ ? अध्ययनको विषय बनेको छ। माओले भनेका छन्- 'कम्युनिस्टको हृदय विशाल हुनुपर्छ। कम्युनिस्ट निष्ठावान् र सक्रिय हुनुपर्छ। क्रान्तिको हितलाई आफ्नो प्राणभन्दा बढी मूल्यवान् ठान्नुपर्छ। आफ्ना व्यक्तिगत हितलाई क्रान्तिका हितको अधीनमा राख्नुपर्छ। कम्युनिस्टले सधैं र सबै ठाउँमा सही सिद्धान्तमा अडिग रहनु पर्छ र सबै गलत विचार र गलत कामका विरुद्ध अथक संघर्ष चलाउनुपर्छ। यसो गर्दा सामूहिक जीवन अझ बढी सुदृढ हुन्छ। पार्टी र आम जनताका बीचकोसम्बन्ध अरू बलियो बन्छ। कम्युनिस्टले कुनै व्यक्तिविशेषको भन्दा पार्टीको र आम जनताको चिन्ता लिनुपर्छ। आफ्नोभन्दा बढी अरूको ध्यान दिनुपर्छ। अनि मात्र सच्चा कम्युनिस्ट बन्न सकिन्छ।' (७ सेप्टम्बर १९३७ मा सङ्कलित 'उदारताको विरोध गर' शीर्षक रचनाबाट साभार)

नेकपाका नेतामा माओले भनेजस्ता गुणगण अरू केही नभेटिए पनि स्रोत नखुलेको पूँजी लगानी गरेर कुस्त आय आर्जनमा प्रतिबद्ध आफ्ना सहयोगी आत्मीय महाजनहरूको सर्वाधिक हितभलोका लागि भने हृदय विशाल छ। जुंगे साहुको 'बीस हाते भकारी' र जमीनदारको 'बहुत बडा खलिहान'भन्दा पनि विशाल छ। 'विशाल हृदयी' संसदवादी सरकारको सडकविरुद्धको हुङ्कार सुनेपछि र स्वास्थ्य तथा शिक्षाका निजीकरण पसलमा व्यापारी साथीका लगानी सुरक्षाको लागि दह्रो अडान देखेपछि हामी नेपाली जनता ढुक्क भएका छौं, अब नेपालमा समाजवाद आउँछ। छिट्टै आउँछ।

> भर्खरै 'संसदलाई सडकको निर्देश मान्य हुँदैन' भन्ने नेकपा हुङ्कार सुनियो। यस हुङ्कारले के प्रष्ट पारेको छ भने आजको सडक भोलिको संसद पनि बन्न सक्छ र आजको संसद भोलिको सडक बन्न पनि सक्छ भन्ने इतिहास प्रदत्त चेत नेकपाले चाँडै नै बिर्सियो। भुसुक्कै बिर्सियो। यो सत्ताको उन्माद हो कि अल्जाइमर हो ?

## पाठक पत्र

### विश्वकपको रौनक

एक्काइसौं शृंखलाको फिफा विश्वकप फुटबलको समापनपछि पनि यसको रौनक जारी छ। २० वर्षपछिको उपाधि विजेता फ्रान्स विजयोत्सवमा व्यस्त छ। फुटबलको कुम्भमेलाको समाप्तिसँगै आयोजक राष्ट्र रसियाले आर्थिक लाभमात्र लिएको छैन, वर्षौंसम्मका लागि पर्यटन वृद्धिको अवसर हासिल गरेको छ। रसियाले प्रतिष्ठामात्र कमाएन, विश्वकप सफलतापूर्वक सम्पन्न गरी विश्वमाझ उसका कला, संस्कृति, पर्यटन, खेल र व्यापारको प्रबर्द्धन गर्न सफल भएको छ। उसले फुटबलले संसार जोड्न सक्छ भन्ने उदाहरण पनि प्रस्तुत गरेको छ।

रसियामा विश्वकप आयोजना हुने निर्णयसँगै विविध शंका र आशंका नउब्जिएका होइनन्। सुरक्षा चिन्ताको सवाल शुरूदेखि नै खडा भएको थियो। तर, शान्तिपूर्णरूपमा विश्वकप सम्पन्न गरेर उसले आफ्नो गरिमा झन् बढाएको छ। राष्ट्रका लागि खेलकुदको महत्त्व कति रहेछ भन्ने बलियो दृष्टान्त फिफा विश्वकप फुटबलले पेस गरेको छ। १ महिने कुम्भमेलाले विभाजित राजनीतिलाई जोड्ने काम गऱ्यो। विश्व राजनीति पूरापूर ओझेलमा पऱ्यो। फुटबलको शक्ति कतिसम्म रहेछ भने नेपालका दर्शक मध्यरातसम्म टीभीमा झुम्मिए, गाउँटोल, शहरबजार जतासुकै फुटबल क्रेज देखियो। सामाजिक सञ्जालका भित्ता विश्वकपकै सन्दर्भले रंगिए।

फुटबल राष्ट्रलाई चिनाउने एकमात्र माध्यम हो। फुटबलमा गरेको लगानीको प्रतिफल एकदिन अवश्य प्राप्त हुन्छ नै। फ्रान्सले २० वर्षपछि विश्वकप ट्रफी उचाल्न सफल भयो। यो उपाधि चुम्नका लागि फ्रान्सेली टोलीले देखाएको उत्कृष्ट प्रदर्शन र फ्रान्सले गरेको लगानीको प्रतिफलले पूरै फ्रान्स विजयोत्सवमा रमाइरहेको छ। संसारमा आज फ्रान्सकै चर्चा छ। युरोपेली राष्ट्र भए पनि प्रायःजसो अफ्रिकी मूलका अश्वेत खेलाडी छन्, जसमा फाइनलमा गोल गर्ने अफ्रिकी मूलका किलियन एमबाप्पे हुन्। एमबाप्पेका पिता क्यामरून र माता अल्जेरिया मूलका थिए। फुटबलकै माध्यमले जहाँका खेलाडी भए पनि एक राष्ट्रलाई अर्को राष्ट्रसँग जोड्ने काम गरेको छ।

विश्वकप सम्पन्न भएपश्चात् विश्वभर सर्वाधिक चर्चामा आएको राष्ट्र हो क्रोएसिया। फाइनलसम्मको अपराजित यात्रा गरेको क्रोएसियाले फ्रान्ससँग पराजित भए पनि सबैको मन जितेर बिदाइ भयो। क्रोएसियाको फुटबल इतिहास त्यति लामो छैन। युगोस्लाभियाबाट सन् १९९१ मा स्वतन्त्र भएपछि क्रोएसियाले सन् १९९३ मा आधिकारिक फुटबल खेल्न शुरू गरेको थियो। क्रोएसिया जनसंख्याका हिसाबले नेपालभन्दा निकै सानो राष्ट्र हो। जम्मा ४० लाख जनसंख्या भएको यो राष्ट्र फाइनलसम्म पुगेर उत्कृष्ट प्रदर्शन गर्नु आफैंमा दुर्लभ विषय थियो। किनभने, २५ वर्षअघि विश्व फुटबल वरीयता क्रममा नेपालकै बराबरीमा रहेको राष्ट्रले एकपछि अर्को प्रयास गर्दै ५ वर्षमा पहिलोपटक विश्वकप खेलेर सेमिफाइनलसम्मको यात्रा तय गरेको थियो भने अहिले विश्वको ध्यान आफूतिर आकर्षित गर्न सफल भएको छ।

३२ राष्ट्र सहभागी भए पनि विश्वकपले साझा महोत्सवका रूपमा सबै राष्ट्रले धेरथोर लाभ र अवसर लिन सके। राष्ट्र र खेलाडीका लागि फ्रान्सेली राष्ट्रपति इम्यानुएल म्याक्रो र क्रोएसियाली राष्ट्रपति कोलिन्दा ग्राबर कितारोभिकले दर्शाएको सम्मान सबैका लागि अनुकरणीय बन्न पुग्यो। खेल मनोरञ्जनमात्र होइन, यसले सही संस्कार र अनुशासन पनि सिकाउँछ भन्ने पाठ हाम्रा लागि पनि उत्तिकै महत्त्वपूर्ण बन्न पुगेको छ।

*- अनुप बराल, चितवन।*

### मुग्लिन-नारायणगढ सडकको जोखिम कहिलेसम्म ?

नेपालमा सधैं व्यस्त रहने राजमार्गमध्येको नारायणगढ-मुग्लिङ सडक सधैं जोखिमपूर्ण हुँदै आएको छ। ३ वर्ष अगाडिदेखि सुधारको क्रममा रहेको नारायणगढ-मुग्लिङ सडकखण्डका कारण उक्त बाटो भएर यात्रा गर्न यात्रुले ज्यानको बाजी थापेर भगवान् भरोसामा यात्रा गर्नुपरेको छ। पटक-पटक म्याद थप गर्दै सडक विस्तारमा भइरहेको उक्त सडकमा दुर्घटनाका साथै पहिरोका कारणले यात्रुलाई थप पीडा थप्दै आएको छ।

सडक सुधारको काम शुरू भएयता असार तेस्रो सातासम्म उक्त सडकमा दुर्घटना तथा पहिरोका कारण १ सय जनाभन्दा बढीले ज्यान गुमाइसकेको समाचार न्युज अफ नेपालमा आएको थियो। सवारीसाधनको तीव्र गति, सडकको बिग्रिएको अवस्था तथा सवारीसाधनको अवस्थाका कारण दुर्घटना हुँदा यात्रुले अकालमा नै ज्यान गुमाउँदै आएका हुन्।

नारायणगढ-मुग्लिङ सडकको आँपटारीदेखि मुग्लिङसम्मको करिब ३३ किलोमिटर सडक ३ खण्डमा गरेर निर्माण गर्ने काम भइरहेको छ। सडक विस्तारको लागि पहाड काटिँदा यो सडकमा पहिरोको जोखिम झनै बढ्दै गएको छ। वैज्ञानिक ढंगले काम नगर्दा र अवैज्ञानिक तरिकाले पहाड काट्दा सामान्य वर्षात् हुँदा समेत पहाडको ढिस्को खस्नाले यातायात अवरुद्ध हुनुका साथै कति बेला को माथि पहिरो बजारिने हो भन्न सक्ने अवस्था छैन।

हालसम्म ९४ प्रतिशत काम पूरा भएको उक्त सडकको सबै भाग कालोपत्रे भइसकेको अवस्थामा चालकले समेत सवारीसाधनलाई तीव्र गतिमा चलाउने गरेका छन्।

उक्त सडकमा चालकले आफ्नो सवारीसाधनको गतिलाई नियन्त्रण गर्दै दुर्घटनाबाट जोगिनु आवश्यक छ। पहाड काट्दा थर्किएको ठाउँबाट हिलो तथा सुख्खा पहिरो खसेर यातायात अवरुद्ध हुनुका साथै सडक निर्माण भएसँगै पहिरोका कारण सवारीसाधनमा क्षति पुग्नुका साथै मानवीय क्षतिसमेत भएको थियो। अहिले पनि मनसुन शुरू भएसँगै उक्त सडक पहिरोको जोखिममा रहेको छ। विभिन्न समयमा पहिरो गएर सडक अवरुद्ध हुने गरेको छ भने सचेतना अपनाउन सकिएन भने यो सडकमा मानवीय क्षतिसमेत हुने देखिन्छ।

यात्रा गर्ने क्रममा सवारी चालक तथा अन्य यात्रुले सावधानी अपनाउँदै दुर्घटनाबाट जोगिन सकियो भने धन जनको क्षतिबाट बच्न सकिन्छ। सकेसम्म मुग्लिङ-नारायणगढ सडकको विकल्पमा अन्य सडक प्रयोग गर्ने, पानी परेको समयमा उक्त सडक प्रयोग नगर्ने हो भने पनि सुरक्षित हुन सकिन्छ। सरकारले वैज्ञानिक व्यवस्थापनमा ध्यान दिन जरुरी देखिएको छ। बजेट सक्नलाई कार्यक्रम लगेर मात्रै हुँदैन। वैज्ञानिक व्यवस्थापनमा ध्यान दिए नारायणगढ-मुग्लिङ सडक पक्कै ढुक्कसँग यात्रा गर्न सक्ने हुनेछ।

*- सुभद्रा केसी, नारायणगढ।*

## सामाजिक सञ्जाल




डा. केसी सरकारले पठाएको टोलीसित काठमाडौं आउन हेलिकोप्टर चढ्नुभयो। उहाँको जीवन रक्षा हुने भयो। डा. केसीको जीवनसँग खेलबाड गरेर आफ्नो निहित स्वार्थ पूरा गर्न खोज्नेहरु यसपटक असफल भए। अब मुद्दा केन्द्रित छलफल गरेर समाधान खोज्नुपर्छ।

**NKShresthaPrakash**
**@nksthaprakash**



जतिसुकै शिक्षित, ज्ञानी, गुणी, धनी, दयालु, कोमल, संवेदनशील, क्षमतावान्को मुकुन्डो लगाऊ, मतलब छैन। तिम्रो परिचय, तिमीले अरूसँग गर्ने व्यवहार मात्रै हो र त्यो व्यवहार अरूको मनमा ढुंगामा कुँदिएको मूर्ति जसरी बसिरहन्छ।

**Amrita Lamsal**
**@AmritaLamsal**



तारा दिन सक्छु न त जून दिन सक्छु,
न तिमीलाई हीरामोती सुन दिन सक्छु,
सुख अनि खुसीमध्ये दुवै माग्यौ भने,
थाहा छैन विकल्पमा कुन दिन सक्छु ?

**सागर**
**@saagarkhanal**

नरेन्द्रबहादुर बस्नेतको सक्रियतामा शनिबारदेखि स्काभेटर र फोहोर व्यवस्थापनका लागि २ वटा ट्याक्टरलगायतका औजार नेपाल सरकारले खरिद गरी औपचारिकरुपमा सञ्चालनमा ल्याइएको छ।



तरुण दलले आयोजना गरेको प्रदर्शनमा प्रहरीले लाठीचार्ज र अश्रुग्यास प्रहार गरेको छ। बानेश्वरमा निषेधित क्षेत्र तोड्न खोजेको भन्दै प्रहरीले अश्रुग्यास प्रहार गरेको हो। झडपमा तरुण दलका अध्यक्ष जितजंग बस्नेतसहित अन्य केही घाइते भएका छन्। *तस्वीर : नेपाल समाचारपत्र*

## नेपाल–चीन परामर्श बैठक अर्को साता

काठमाडौं, (नेस)

नेपाल-चीन पारवहन तथा यातायात सम्झौताको तेस्रो परामर्श बैठक आगामी साता काठमाडौंमा बस्ने भएको छ। सम्झौता कार्यान्वयनलाई अन्तिम रूप दिन यही साउन १४ र १५ गते बैठकको तयारी गरिएको हो।

गत असार २६ र २७ मा चीनको बेइजिङमा सम्पन्न तेस्रो बैठकले तेस्रो बैठक काठमाडौंका लागि तय गरेको थियो। दोस्रो बैठकले सम्झौताको कार्यविधिलाई टुङ्गोमा पुर्‍याउन सकेको थिएन। तेस्रो बैठक आगामी १४ र १५ गतेका लागि चिनियाँ पक्षलाई प्रस्ताव गरिएको र सोही बैठकले पारवहन र यातायात सम्झौतालाई अन्तिम टुंगो लगाउने परराष्ट्र मन्त्रालयका अधिकारीहरू दाबी गर्छन्।

## भजन संग्रह सार्वजनिक

काठमाडौं, (नेस)

विभिन्न देवीदेवताको आराधना, परिचय र विविध प्रसंग समेटिएको भजन संग्रह 'भक्ति सन्देश'को विमोचन गरिएको छ। भाषा आन्दोलनका अगुवा प्राडा मुकुन्दशरण उपाध्यायलगायतले सो संग्रह विमोचन गर्नुभयो।

बर्दियाका समाजसेवी नारायणप्रसाद श्रेष्ठले तयार पार्नुभएको भक्ति सन्देशमा ७३ वटा भजन संगृहित छन्। वेद विद्याश्रम राधाकृष्ण मन्दिर गहना पोखरीका बटुकले संग्रहमा समेटिएका भजन वाचन गरे भने कार्यक्रममा अतिथिले संग्रहको समीक्षात्मक टिप्पणी गरे।

प्राडा उपाध्याय, विदुषी सपनादेवी श्रेष्ठ, पूर्वसांसद पदमबहादुर सापकोटा, काठमाडौं महानगरपालिका शिक्षा विभाग प्रमुख प्रह्लाद आर्याललगायतले सो संग्रहमा समेटिएका विषयसहित हिन्दु धर्मका विविध पक्षबारे चर्चा गर्नुभयो। भजन, लोक र अन्य आधुनिक गीत संगीतको अभ्यास फराकिलो भए पनि मौलिकपन मासिँदै गएकाले मौलिकता जोगाउन सबै क्षेत्र र पक्षले चासो दिनुपर्ने उहाँहरूको भनाइ थियो।

## शान्ति स्थापनार्थ एपीएफ टोली प्रस्थान

काठमाडौं, (नेस)

शान्ति स्थापनार्थ युनाइटेड नेसन्स मिसन इन साउथ सुडानमा सशस्त्र प्रहरी बलको एक टोली साउन ५ गते त्यसतर्फ प्रस्थान गरेको छ। संयुक्त राष्ट्रसंघको अनुरोधमा टोली सुडानतर्फ प्रस्थान गरेको हो। सो टोलीले बोरमा फर्म्ड पुलिस युनिटका रूपमा कार्य गर्नेछ।

सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक नारायणबाबु थापाले सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयमा आयोजित एक समारोहका बीच सो टोलीलाई शुभकामनासहित बिदाइ गर्नुभएको थियो। सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक थापाले त्यसअवसरमा विगतको एपीएफ टोलीले उत्कृष्ट कार्य सम्पादन गरेको स्मरण गर्नुहुँदै देश र संगठनको नाम उच्च हुने ढंगले उच्च हौसलाका साथ कार्य गर्न निर्देशन दिनुभएको थियो।

पेसागत दायित्वलाई जिम्मेवारीपूर्वक पूरा गरेमा संगठनको छवी उज्ज्वल हुने चर्चा गर्नुहुँदै सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक थापाले जस्तोसुकै अवस्थामा पनि इमानदार तथा बफादार भई जिम्मेवारीपूर्वक दायित्व पूरा गरिँदा कार्य सफलता मिल्ने कुरासमेत उल्लेख गर्नुभयो।

सशस्त्र प्रहरी उपरीक्षक शान्ति कार्कीको कमान्डमा त्यसतर्फ गएको सो टोलीमा सशस्त्र प्रहरी अधिकृत विल्लादार तथा जवान गरी कुल ४० जना रहेको सशस्त्र प्रहरी नायव उपरीक्षक अजय छतकुलीले जानकारी दिनुभयो।

# पाँच जग्गादाता सम्मानित

**नेपाल समाचारपत्र**

काठमाडौं

त्रिभुवन विश्वविद्यालयलाई २ सय ९५ विगाहा जग्गा दान गर्ने ५ दातालाई सम्मान गरिएको छ। त्रिवि सभाको वार्षिकसभाको बैठकमा त्रिविका कुलपति एवं प्रधानमन्त्री केपी शर्मा ओलीले दातालाई सम्मानपत्रबाट सम्मान गर्नुभएको हो।

सम्मानित हुनेमा झापाको मेची बहुमुखी क्याम्पसलाई १ सय २० विगाहा ३ कठ्ठा ५ धुर जग्गा दान गर्नुहुने स्वर्गीय देवीप्रसाद उप्रेती, राजविराजको महेन्द्र विन्देश्वरी क्याम्पस स्थापना गर्न ९८ विगाहा १८ कठ्ठा ७ धुर जग्गा प्रदान गर्नुहुने स्वर्गीय विन्देश्वरप्रसाद यादव, वीरगन्जको ठाकुरराम बहुमुखी क्याम्पस स्थापना गर्न १४ विगाहा जग्गासहित घर दान गर्नुहुने स्वर्गीय महावीरप्रसाद र रघुवीरराम, सूर्यनारायण सत्यनारायण मरवैता क्याम्पस स्थापना गर्न भवनसहित ५ विगाहा जग्गा प्रदान गर्नुहुने स्वर्गीय सूर्यनारायण र सत्यनारायण मरवैता र धनुषाको रामस्वरुप रामसागर बहुमुखी क्याम्पस निर्माण गर्न ५७ विगाहा र १४ कठ्ठा ५ धुर जग्गा दान गर्नुहुने रामस्वरुप साह र रामसागर साह हुनुहुन्छ।

स्वर्गीय उप्रेतीकी धर्मपत्नी नर्मदा उप्रेती, स्वर्गीय यादवको तर्फबाट उहाँकी बुहारी एवं सांसद रेणु यादव, स्वर्गीय महावीर र रघुवीरको तर्फबाट महावीरप्रसादका छोरा गोपालजीप्रसाद, स्वर्गीय सूर्यनारायण र सत्यनारायण मरवैताको तर्फबाट विश्वेश्वर मरवैता र स्वर्गीय रामसागर र रामस्वरुपको तर्फबाट



रामस्वरुपका नाति ई. सुभाषचन्द्र साहलाई सम्मान गरिएको थियो।

कार्यक्रममा त्रिविका सहकुलपति एवं शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेल र त्रिविका उपकुलपति प्राडा तीर्थराज खनियाले दोसल्ला र फूलको गुच्छाले सम्मान गर्नुभएको थियो। त्रिविले जग्गा र क्याम्पस भवन दान दिने दातालाई पहिलोपटक सम्मान गरेको हो। कार्यक्रममा बोल्दै कुलपति एवं प्रधानमन्त्री ओलीले सम्मानित हुने व्यक्तित्वलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो। त्रिविले जग्गा दान दिने पाँचै जनालाई त्रिवि परिक्रमा गराएको थियो।

सम्मानअघि बसेको बैठकलाई सम्बोधन गर्दै कुलपति एवं प्रधानमन्त्री ओलीले विश्वविद्यालयले अब अनुसन्धान र प्राविधिक विषय पढाउन जोड दिनुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो- 'नेपालीको साझा प्रयासबाट स्थापना भएको त्रिविलाई नयाँ योजनाबाट अघि बढाउनुपर्छ।' उहाँले कृषि तथा आवश्यकताको आधारमा नयाँ प्राविधिक विषय अध्यापन गराउने नयाँ क्याम्पसलाई आवश्यकताको आधारमा सम्बन्धन दिनुपर्ने बताउनुभयो। 'जोखाना हेरेको शैलीमा नभई तथ्यमा आधारित भएर त्रिविको शैक्षिक क्रियाकलाप अघि बढाउनुस्', त्रिवि सभालाई निर्देशन दिँदै उहाँले भन्नुभयो- 'शैक्षिक क्षेत्रमा विकास गर्ने बेला भएको छ, सबै एकजुट भएर लाग्नुस्।' उहाँले राष्ट्रिय योजना आयोग र शिक्षा मन्त्रालय मिलेर त्रिविको विषयमा नयाँ योजना ल्याउनसमेत आग्रह गर्नुभयो।

सहकुलपति तथा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले विश्वविद्यालयका समस्या र आगामी योजना निर्माणका लागि बृहत् छलफल गर्ने बताउनुभयो। उहाँले भन्नुभयो- 'गम्भीर समस्या छन्। नयाँ कार्यदल बनाएर समाधान गर्न आवश्यक छ।' उहाँले अहिलेको अवस्थामा गुणात्मक शिक्षा आवश्यक भएको चर्चा गर्नुभयो। विश्व परिवेशअनुसारको शिक्षा उपलब्ध गराउनु आजको आवश्यकता भएको औंल्याउदै त्यसका निम्ति सबै सरोकारवाला एकजुट हुनुपर्ने बताउनुभयो। उपकुलपति प्राडा तीर्थ खनियाले विश्वविद्यालयको अवस्था र उपलब्धिका बारेमा चर्चा गर्दै ५९ वर्ष पुगिसक्दा त्रिविले थुप्रै सफलता हासिल गरेको चर्चा गर्नुभयो।

उक्त अवसरमा रजिस्ट्रार डिल्लिराम उप्रेतीले ५६औं ग्रेस लिस्टको विवरण प्रस्तुत गर्नुभएको थियो। जसअनुसार आगामी पुसमा आयोजना हुने दीक्षान्त समारोहमा यस वर्ष ७३ हजार ९ सय १ जना विद्यार्थी सहभागी हुन पाउने व्यवस्था भएको जानकारी दिनुभयो। तथ्यांकअनुसार प्राविधिकतर्फ उपाधि पाउने विद्यार्थीको संख्या गत वर्षको भन्दा १ दशमलव १५ प्रतिशतले वृद्धि भई १४ दशमलव ९१ प्रतिशत रहेको बताउनुभयो।

पुसमा हुने दीक्षान्तमा सबैभन्दा धेरै शिक्षाशास्त्रमा २४ हजार ७ सय ३ विद्यार्थी रहेका छन्। व्यवस्थापनमा २२ हजार ६ सय ९, मानविकी तथा सामाजिकशास्त्रमा १४ हजार २ सय १५ र कानुनमा १ हजार ३ सय ५०, विज्ञानमा ५ हजार ९ सय ५५, इन्जिनियरिङमा २ हजार ७ सय १२ चिकित्सामा १ हजार ८ सय २१, कृषिमा ३ सय २६ र वनमा २ सय १० विद्यार्थी सहभागी हुन पाउनेछन्। शुक्रबारको सभामा कुलपति एवं प्रधानमन्त्री ओलीले ग्रेस लिस्टमा हस्ताक्षर गरी पारित गर्नुभएको थियो।

# ११ स्थानबाट बागमती सफाइ

**नेपाल समाचारपत्र**

काठमाडौं

बागमती सफाइ महाअभियानको २७१औं हप्ताको सफाइ अभियान हिजो शनिबार सम्पन्न भएको छ।

यो अभियानबाट अभिप्रेरित भएर उपत्यकाका ११ स्थानमा बागमती र सहायक नदीको पनि सफाइ अभियान निरन्तर सञ्चालन भइरहेका छन् भने चक्रपथलगायतका सफाइ अभियान पनि सञ्चालनमा छन्। देशैभरि करिब ९० स्थानमा सरसफाइ अभियान सम्पन्न भएका छन्।

२०७० साल जेठ ५ गतेबाट यो अभियान थालनी भई हालसम्म निरन्तर सञ्चालनमा रही हालसम्म करिब १५ हजार मेट्रिक टन फोहोर व्यवस्थापन गरिसकिएको छ भने यो अभियानमा करिब १० लाख व्यक्तिको सहभागिता भइसकेको छ। यो अभियानको थालनी भएपश्चात् नेपाल सरकारको अंग अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति पनि क्रियाशील भएर आयोजनाका काम ढल निर्माण, बागमती किनारमा सौन्दर्यीकरण र बागमती करिडोरलगायतका काम सक्रियताका साथ सञ्चालन भइरहेका छन्।।

बागमती नदीलाई वैज्ञानिक किसिमले सफाइ शुरुआत गरौं भन्ने अभियन्ताको लामो समयदेखिको



मागबमोजिम विकास समितिका अध्यक्ष नरेन्द्रबहादुर बस्नेतको सक्रियतामा शनिबारदेखि स्काभेटर र फोहोर व्यवस्थापनका लागि २ वटा ट्याक्टरलगायतका औजार नेपाल सरकारले खरिद गरी औपचारिकरूपमा सञ्चालनमा ल्याइएको छ। योसँगै फोहोर व्यवस्थापनमा थप टेवा पुग्नेछ।

यसैबीच चक्रपथ सरसफाइ अभियान ४९औं सातामा प्रवेश गरेको छ। अभियानका प्रमुख अभियन्ता ताराबहादुर कुँवरले शनिबारको कार्यक्रममा पनि उत्साहपूर्ण सहभागिता रहेको बताउनुभयो। २०७१ सालदेखि अभियान चलाए पनि बीचमा चक्रपथको बाटो निर्माण गरिँदा अभियान रोकिएको कुँवरले जनाउनुभयो।

सशस्त्र प्रहरीका अतिरिक्त महानिरीक्षक नारायणबाबु थापाको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा जापान लायन्स क्लबका प्रतिनिधि र लायन्स क्लब अफ काठमाडौं धौलागिरिका प्रतिनिधिमण्डलको सहभागिता रहेको आयोजकले जनाएको छ। शनिबारसम्म १ सय ६२ ट्रक फोहोर संकलन गरिएको छ। हेबी इक्विपमेन्ट व्यवसायी महासंघका अध्यक्षसमेत रहनुभएका कुँवरले प्रत्येक साता फोहोर संकलनका लागि डोजर उपलब्ध गराउनुभएको छ।

कलंकीदेखि बालाजुसम्म सरसफाइ गर्ने र प्रत्येक शनिबार बिहान ७ बजेदेखि अभियान चलाउँदै आइएको छ। 'सबैको सहभागिता हुन सकेको खण्डमा सरसफाइ गर्न समस्या छैन, तर सबैले चासो नराख्दा अलिकति समस्या परेको छ', उहाँले भन्नुभयो- 'मन्त्री, पत्रकार, कलाकार, समाजसेवी, उद्योगी व्यवसायीको सहभागिता बढिरहेको छ, अझै मन लगाइदिए हुन्थ्यो।'


## सिनेमा कर्नर











**अग्नि यातायात प्रा. लि.**
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३


## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : शुरुमा लाभको संकेत देखिए पनि दिनभर कष्ट, असफलता, खर्च।
**वृष** : धनप्राप्ति, परीक्षा, खेलकुद, मुद्दामामिलामा विजय, प्रतिष्ठा वृद्धि।
**मिथुन** : गरेका कार्य सफल, स्वास्थ्यलाभ, शत्रु विजय, सुख-शान्ति।
**कर्कट** : बिहान अस्वस्थता तर दिनभर सुखदायक, धनलाभको सम्भावना।
**सिंह** : शुरुमा शुभ संकेत देखिए पनि पेटको समस्या, विवाद, आलस्य।
**कन्या** : धनलाभ, सुख-सन्तोष, पराक्रम वृद्धि, मानसिक प्रसन्नता।
**तुला** : अन्नलाभ, सफलता, पुरस्कार, सम्मानको सम्भावना।
**वृश्चिक** : बिहान अशुभ भए पनि त्यसपछि भाग्योदय, कार्य सफल।
**धनु** : बिहान मिष्ठान्न भोजन तर त्यसपछि धननाश, रोगको भय।
**मकर** : रोगव्याधि हरण, स्फूर्ति, इष्टमित्रसाग भेटघाट, धनलाभ।
**कुम्भ** : राज्यसुख, कार्यसिद्धि, स्वस्थता, कामकाज सफल, प्रसन्नता।
**मीन** : बिहान अशुभ भए पनि दिनभर राज्य-सुख, स्फूर्ति, सन्तोष।



# प्रदेश-३



'हामी कर तिर्नुपर्छ भन्ने पक्षमा छौं र तिर्छौं पनि, तर त्यो हाम्रो हैसियतभन्दा बढी भयो भन्ने हाम्रो माग हो।' -नेकपाका नेता तथा स्थानीयबासी लीलानाथ न्यौपानेले बताउनुभयो।

## एकीकृत सम्पत्ति करको विरोध

**नेपाल समाचारपत्र**

नुवाकोट

विदुर नगरपालिका-५ का स्थानीयबासीले नगरपालिकाले आर्थिक वर्ष २०७५/७६ मा एकीकृत सम्पत्ति कर बढाएको र त्यो अवैज्ञानिक भएको भन्दै त्यसको विरोधसहित शनिबार विदुर नगरपालिकाका मेयर सञ्जु पण्डित र उपमेयर गीता दाहालको ध्यानाकर्षण गराएका छन्।

विदुर नगरपालिका-५का वडाध्यक्ष शिवकुमार चित्रकारसहित आएको स्थानीयबासीको टोलीले नगरपालिकाले स्थानीय तथा जनताको क्षमता र हैसियतभन्दा बढी कर तिराउन खोजेको भन्दै त्यसको विरोध गरेको बताएका छन्। 'हामी कर तिर्नुपर्छ भन्ने पक्षमा छौं र तिर्छौं पनि, तर त्यो हाम्रो हैसियतभन्दा बढी भयो भन्ने हाम्रो माग हो।' -नेकपाका नेता तथा स्थानीयबासी लीलानाथ न्यौपानेले बताउनुभयो। सकारात्मक विकास र कर तिर्नुपर्ने मान्यातामा आफूहरू पनि रहेको भन्दै न्यौपानेले जग्गा नै बेचेर कर तिर्नुपर्ने अवस्था त्यति उचित र जनताको भावनाअनुसारको काम नभएको बताउनुभयो।

स्थानीयबासीले नगरपालिकाले लगाएको एकीकृत सम्पत्ति कर जनताको हितमा नभएको र आफूहरूले बढाएको कर नतिर्ने भन्दै तत्काल निर्णय सच्याउन विदुर नगरपालिकाका मेयर सञ्जु पण्डित र उपमेयर गीता दाहाल अर्यालसँग माग गरेका छन्। स्थानीयबासीले नगरपालिकालाई बढेको एकीकृत सम्पत्ति कर हटाउन एकहप्ते अल्टिमेटम दिएका छन्। एकहप्तासम्म पनि मागको सुनुवाइ नभए नगरभित्रका सबै वडाका जनताहरू ल्याएर आन्दोलन गर्ने चेतावनी दिएका छन्। स्थानीयबासी हरिणशरण गजुरेलले आफूहरूले मेयर पण्डितलाई एक हप्ताको समय दिएको भन्दै निर्णय नसच्याए चुप लागेर बस्न सक्ने अवस्था नरहेको बताउनुभयो।

विदुर नगरपालिका-५ का सामाजिक अभियन्ता राजकुमार अर्यालले विदुर नगरपालिकाले अवैज्ञानिक ढंगले कर लगाएकाले आफूहरू विरोधमा उत्रिनुपरेको बताउनुभयो। उहाँले आफूहरू कर तिर्ने नागरिक रूपमा चिनिन चाहेको भन्दै नगरपालिकाले तत्काल लगाएको कर खारेज गरी सच्चाउन माग गरे। त्यस्तै लगातार १३ वर्ष आफूले पाँचवटा लालपुर्जाको करबापत १३ सय १० रुपियाँ तिर्ने गरेको तर अहिले एकीकृत सम्पत्ति कर नगरपालिकाले बढाएको र त्यसको कर बापत ३५ हजार रुपियाँ तिर्नुपर्ने अवस्था आएको स्थानीय तथा एकीकृत राप्रपा नुवाकोटका अध्यक्ष राकृष्ण भट्टले बताए। भट्टले आफूले नगरपालिकाले बढाएको एकीकृत सम्पत्ति करको रसिदसमेत नलिई नगरपालिकाका मेयरसमक्ष गुनासो गर्न आएको बताएका छन्।

तर विदुर नगरपालिकाका मेयर सञ्जु पण्डितले आफूहरूले कर नबढाएको र पूर्वघोषित करको निर्णयलाई लागू गर्न आफूहरूले शुरू गरेको बताएका छन्। मेयर पण्डितले एकीकृत सम्पत्ति कर सबै वडाका अध्यक्षसँगको समन्वयमा लागू गर्न लागेको र नगरपरिषद्बाट नै पास भएको भन्दै तत्काल विशेष नगरपरिषद् बोलाएर मात्र सो संशोधन हुने बताएका छन्। विदुर नगरपालिकाले केही महिनाअघि नगरसभा गरी आर्थिक वर्ष २०७५/७६ का लागि एकीकृत सम्पत्ति कर बढाएको थियो। नगरपालिकाले कर बढाएसँगै अहिले नगरपालिका र जनप्रतिनिधिको चौतर्फी आलोचना हुने गरेको छ।

## विदुरमा पानीको हाहाकार

**शालिकराम चालिसे, नुवाकोट**

बिदुर नगरपालिकाअन्तर्गत पर्ने त्रिशूली, बट्टार, बिदुर, ढुंगे पिपलटारलगायतका मुख्य बजार क्षेत्रभित्र २ दिनदेखि धारामा खानेपानी नआउँदा आम नागरिकहरू प्रत्यक्ष मारमा परेका छन्।

धारामा एक दिन बिराएर आउने गरेको पानी नआउँदा नागरिकहरू अन्योलमा परेका छन्। मानव जीवनको लागि पानी अतिआवश्यक रहेको र १२ दिनसम्म पनि पानी नआउँदा दैनिकी चलाउन निकै नै समस्या भएको नागरिकहरू गुनासो गर्दछन्। कतिपय नगरपालिकाभित्रका स्थानमा वैशाखदेखि नै सडकको नाली खन्ने वहानामा सडकको छेउ खन्दा धारामा पानी नआएको र पानीबिना जीवन निर्वाह गर्नका लागि अत्यन्त कष्ट हुने गरेको नागरिकहरू दुखेसो गर्दछन्। उपभोक्ताले पानी ल्याउनका लागि व्यक्तिगत रूपमा नै पाइप किनेको तर सडकको नाली खन्ने कार्य गर्दा ती पाइपहरू नै बेपता गरिएको उपभोक्ताको भनाइ रहेको छ। धारामा पानी नआउँदा लुगा धुन, नुहाउन, शौच प्रयोग गर्नका लागि समस्या भएको बताउनुहुन्छ वडा नम्बर ४ फेदीबेसीका कृष्णप्रसाद पुडासैनी।

यस्तै, १२ दिनदेखि धारामा पानी नआउँदा आकाशको पानी जम्मा पारेर भए पनि कपडा धुने गरेको र खानेपानीको प्रयोगका लागि जारमा बेच्न राखेको पानी किन्न बाध्य भएको बताउनुहुन्छ अर्का उपभोक्ता शर्मिला अर्याल। नगरपालिकाभित्र यसअघि वितरण गरिएको पानी धमिलो आउने गरेको उपभोक्ताहरूले बताएका छन्। त्यही धमिलो पानी पनि अहिले धारामा ठप्पै हुँदा बजार क्षेत्रमा पानीको हाहाकार मच्चिएको छ। राजधानीबाट नुवाकोट भित्रने ३ बटै सडक निर्माणाधीन अवस्थामा रहेकाले उपभोक्ताको धारामा पानी वितरण गर्न नसकिएको बिदुर नगरपालिकाले जनाएको छ।

नगरपालिकाभित्र पानीलाई सहजरूपमा वितरण गर्ने लक्ष्यका निर्माणाधीन आयोजनाहरूको प्राविधिक त्रुटिका कारण पिउनयोग्य पानीको वितरण गर्न नसकेको बिदुर नगरपालिकाले स्वीकार गरेको छ। नगरपालिकाबासीको खानेपानी वितरणमा आएको समस्यालाई तत्काल समाधान गर्न नसकिने भन्दै शुद्ध पानी पउिनका लागि केही समय बजारकै पानी प्रयोग गर्न नगरपालिकाले आग्रह गरेको छ। निर्माणाधीन सडक र आयोजनाको कार्यलाई तीव्रता दिन पहल गरेको बताउँदै आम उपभोक्ताहरूलाई पानी उपभोग गर्न अब केही समय धैर्य गर्न आग्रह गर्नुहुन्छ बिदुर नगरपालिकाका उपमेयर गीता दाहाल।

यस्तै, खानेपानी उपभोक्ता समिति नुवाकोटको अध्यक्ष नारायण खनाललाई बिदुर नगरपालिकाभित्रका बजार क्षेत्रमा कहिले पानी आउँछ? भनी सञ्चारकर्मीले प्रश्न गर्दा पहिरो गएको समाचार थाहा छैन? भन्दै उल्टो प्रश्न गर्दै उहाँले नुवाकोटका विभिन्न स्थानमा पहिरो गएर पानी नआएको र १० दिन मात्र नभई अब महिनौं दिनसम्म पनि पानी नआउन सक्ने ठाडो जवाफ दिएका छन्।

बिदुरबासीलाई सहजरूपमा पानीको वितरण गर्न विकल्पमा तेस्रो साना शहरी आयोजना भएको तर समयमा नै काम सम्पन्न गर्न नसक्दा कम्तीमा अझै एक वर्ष लाग्ने लाचार जवाफ दिनुहुन्छ खानेपानी उपभोक्ता समितीका अध्यक्ष नारायण खनाल। धारामा पानी नआए पनि पानीको मासिक शुल्क भने महिनैपिच्छे तिरिरहन परेको उपभोक्ताहरूको गुनासो रहेको छ। यसअघि वितरण गर्ने पानी गुणस्तरहीन रहेको र अहिले पनि १० दिनसम्म धारामा पानी वितरण गर्न नसक्नु खानेपानी उपभोक्ता समितिको हदैसम्मको लापरबाही रहेको उपभोक्ता हकहित संरक्षण नुवाकोटले जनाएको छ।

उपभोक्तालाई पिउनयोग्य पानीको सहजरूपमा वितरण गर्न नसक्नु खानेपानी उपभोक्ता समितिको गैरजिम्मेवारीपन रहेको र नगरबासीको धारामा छिट्टै पानी उपलब्ध गराउन सम्बन्धित निकायलाई घचघच्याई आवश्यक पहलहरू भइरहेको उपभोक्ता हकहित संरक्षण मञ्च नुवाकोटका अध्यक्ष इन्द्र पण्डित बताउनुहुन्छ।

मानिसका लागि अत्यावश्यक पर्ने पानी १० दिनसम्म नआउँदा बजारक्षेत्रका बासिन्दाहरू समस्यामा परेका छन्। मानिस बाँच्नका लागि पानी एकदमै महत्त्वपूर्ण रहेकाले नागरिकहरूको पहुँचमा पिउनयोग्य पानी वितरण गर्न सम्बन्धित निकायले समयमा नै वैकल्पिक उपायको खोजी गरिनु आवश्यक रहेको छ।

## बीपी स्मृति दिवसमा बिरामीलाई फलफूल

हेटौंडा, (नेस)। नेपाली कांग्रेस मकवानपुरले राष्ट्रिय एकता र मेलमिलाप नीतिका प्रणेता जननायक बीपी कोइरालाको ३६औं स्मृति दिवसको अवसरमा शनिबार हेटौंडा अस्पतालका बिरामीलाई फलफूल वितरण गरेको छ।

नेपाली कांग्रेस मकवानपुर सभापति एवं ३ नम्बर प्रदेश संसदीय दलका नेता इन्द्रबहादुर बानियाँको प्रमुख आतिथ्यतामा साताव्यापी कार्यक्रमअन्तर्गत पहिलो दिन अस्पतालका बिरामीलाई फलफूल वितरण गरिएको हो।

## घरमा २२ केजी चरेस



हेटौंडा, (नेस)

प्रहरीले २१ केजी लागूऔषधसहित २ जनालाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट प्रहरी निरीक्षक मधुकुमार थापाको कमान्डमा खटिएको प्रहरीले मनहरी गाउँपालिका-८ बाट २१ केजी ९ सय ४० ग्राम चरेससहित दुई जनालाई पक्राउ गरेको हो।

खोजतलास गर्दा स्थानीय ५० वर्षीय प्रेमकुमार मोक्तान र पर्सा जगरनाथपुर गाउँपालिका-४ बस्ने वर्ष ५१ का वासुदेव बैठालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरीक्षक नरेशकुमार सिंहले बताउनुभयो। मोक्तानको घर खानतलासी गर्दा प्लास्टिकका झोलामा लुकाइराखेको लागूऔषध प्रहरीले फेला पारेको हो।

## छिमेकी वडामा अध्यक्षहरूको सहयोग

हेटौंडा, (नेस)

हेटौंडा उपमहानगरका दुई वडाध्यक्षले सामाजिक सेवा थालेका छन्। उनीहरूले आफूले राज्यबाट पाउने सेवासुविधालाई सामाजिक कार्यमा खर्चन शुरू गरेका हुन्।

हेटौंडा-५ मा नेपाली कांग्रेसका तर्फबाट निर्वाचित राजेश बानियाँ र १४ मा तत्कालीन एमाओवादीबाट निर्वाचित दीपक खड्का अन्य वडाध्यक्षका लागि अनुकरणीय बन्दै वडा-१३ को ठूलोथलीस्थित गुम्बाडाँडामा पर्यटकीय पार्क निर्माणका लागि रकम खर्च गर्नुभएको हो।

उहाँहरूले उपमहानगरका सबै १९ वडामा आफूहरूले राज्यबाट पाउने सुविधाबापत रकम पालैपालो सामाजिक कार्यमा खर्च गर्ने योजना बनाउनुभएको छ। निर्वाचनका बेला आफूहरूले राज्यबाट पाउने कुनै सुविधा नलिने गरेको बाचाअनुसार बानियाँ र खड्काले पारिश्रमिकबापत रकम हरेक वडामा खर्चने बताउनुभयो।

उहाँहरूले गुम्बाडाँडामा पक्की स्टेज बनाउन १ लाख ५० हजार रुपियाँको चेक हस्तान्तरण गर्दै निर्माण शिलान्यास गर्नुभएको छ। शिलान्यास कार्यक्रम वडा-१३ अध्यक्ष मनोज वाइबाको प्रमुख आतिथ्यतामा भएको थियो। वाइबाले छिमेकी वडाका अध्यक्षहरूप्रति आभार व्यक्त गर्नुभयो।

स्थानीयले छिमेकी वडाका अध्यक्षहरूको सहयोगको प्रशंसा गर्दै सबै अध्यक्षले यसरी नै जनहितमा काम गरे स्थानीयस्तरमा विकास हुने बताएका थिए।

## कहाँ पुग्यो मन्त्रीको निर्देशन ?
## राजमार्गमा खाल्डैखाल्डा

**रोशन पराजुली, हेटौंडा**

भौतिक पूर्वाधार मन्त्री रघुवीर महासेठले वैशाख १५ गतेभित्र देशभरका राजमार्गमा रहेका सबै खाल्डाखुल्डी बनाइसक्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।

नारायणगढ-मुग्लिन सडकखण्ड निर्माणको अनुमगनपछि चितवनमा पत्रकारसँग कुरा गर्दै उहाँले देशका सबै राजमार्गमा वैशाख १५ गतेसम्म खाल्डाखुल्डी पुर्न निर्देशन दिइएको बताउनुभएको थियो। वैशाख १५ गतेभित्र सडक विभागअन्तर्गत पर्ने सबै राजमार्गमा खाल्डाखुल्डी देखिए आफूलाई फोन गरेर जानकारी उहाँले अनुरोध गर्नुभएको थियो।

मन्त्रीको निर्देशनविपरीत हेटौंडा बसामाडीस्थित महेन्द्र राजमार्गको सडकमा खाल्डाखुल्डी बढेपछि राजमार्ग भएर आवतजावत गर्ने यात्रु तथा स्थानीय मर्कामा परेका छन्। विभिन्न कारणले सडकको खाल्डाखुल्डी थपिए पनि व्यस्थापन गर्न सम्बन्धित निकायले ध्यान नदिँदा यात्रु र सवारीचालक मर्कामा परेका हुन्।

'खाल्डाखुल्डीरहित राजमार्ग सम्भव छ र हुनुपर्छ, त्यसैले निर्देशन दिएको छु,' मन्त्रीकै भनाइ स्मरण गर्दा उहाँले भन्नुभएको थियो- 'अब पनि राजमार्गमा सामान्य खाल्डाखुल्डी नपुर्ने सम्बन्धित निकायका कर्मचारीलाई कारबाही गर्छु।' मन्त्री महासेठले खाल्डाखुल्डी भेटेको पाए सम्बन्धित निकायका कर्मचारीलाई कारबाही गर्ने चेतावनी दिनुभएको थियो।

त्यहाँमात्र कहाँ हो र? नेपालको सबभन्दा पुरानो त्रिभुवन राजमार्ग मर्मतसम्भार अभावमा जीर्ण बनेको छ। धादिङको नौबीसेबाट हेटौंडासम्मको सडकखण्ड जीर्ण बनेको हो। मुग्लिन-नारायणघाट सडक निर्माणको क्रममा केही वर्षदेखि राजधानीबाट पूर्वी तराईका धेरैजसो स्थानमा जानका लागि वैकल्पिक सडकका रूपमा त्रिभुवन राजमार्ग प्रयोग हुँदै आएकाले अत्यधिक सवारी चापका कारण सडक जीर्ण बनेको हो।

उक्त सडकबाट दैनिक हजारौं सवारी आवतजावत गर्ने गर्दछन्। त्यसका कारण पनि राजमार्गमा जतातती खाल्डाखुल्डी परेका छन्। सडकको बीचमा ठूला खाल्डा परेका कारण सवारी दुर्घटनाको जोखिम बढेको छ।

सडक बिग्रिएका कारण घाम लाग्दा धुलाम्ये हुने र पानी पर्दा हिलाम्ये हुने गरेकाले आसपासका बासिन्दालाई समेत समस्या भएको छ। राजधानीलाई तराईसँग जोड्ने सबभन्दा पुरानो र छोटो सडकका रूपमा परिचित उक्त सडकको १ सय ७ किलोमिटर दूरी पार गर्न सवारीसाधनलाई ९/१० घण्टासम्म लाग्ने गरेको छ।

उक्त मार्गसँगै जोडिएका विद्यालयमा झ्याल थुनेरै पढाउनुपर्ने अवस्था आएको छ। यसबाट विद्यार्थीको पठनपाठनमै समस्या आएको छ। राजमार्ग आसपासबाट दिनहुँ उड्ने धुलोले कौसीमा रहेका बोटबिरुवासमेत छोपिएर मर्न थालेको स्थानीयको भनाइ छ। धुलोका कारण बालबालिका र ज्येष्ठ नागरिकलाई बढी सास्ती थपिएको छ।


## वर्गीकृत डिस्प्ले




**वर्गीकृत डिस्प्ले**

आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि. भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६, ४२१९६२२, ४२१९४४५

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

**उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।**

**युनिक मेडिटेशन सेन्टर**
**नारायणी पेट्रोल पम्प**
**रिङरोड, बाफल**
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्कारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

**मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।**
खान बस्नको सुविधासहित ।
If you are satisfied,
tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८६, ५०१०५५०

## नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं**
गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्र्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिव्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६१३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर ●गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२,फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर**
हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर**
सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

पीडित भनेर सम्पर्कमा आउनुभएका केहीको नाम, ठेगाना फरक परेर आएका कारण उहाँहरूलाई सो राहत रकम दिन सकिएन।



# नेपाल

## सेतीमा हामफाले ४ जना अझै खुलेन रहस्य

**विमल विष्ट, डोटी**

डोटीको आदर्श गाउँपालिका वडा नं. ४ बस्ने बमबहादुर बोहराकी श्रीमतीसहित २ छोरा र १ छोरीले सेती नदीमा हाम फालेका हुन्। बोहराकी २८ वर्षीया श्रीमती धौली बोहरा, १२ वर्षीया छोरी राधीका बोहरा, ८ वर्षीया छोरा सुरेन्द्र बोहरा र ६ वर्षीया छोरा सुनिल बोहराले सामूहिकरुपमा सेती नदीमा हाम फालेको जिल्ला प्रहरी कार्यालय डोटीका प्रहरी प्रवक्ता तथा डिएसपी लालबहादुर धामीले बताउनुभयो।

तर उनीहरूले किन सामूहिकरुपमा हाम फाले सो कुरा भने अहिलेसम्म पत्ता लगाउन नसकिएको प्रहरी प्रवक्ता तथा डिएसपी धामीले जानकारी दिनुभयो। उहाँले भन्नुभयो- 'नदीमा हाम फाल्ने धौलीका श्रीमान् बमबहादुरलाई हामीले शनिबार जिप्रका बोलायौं, उनीबाट पनि केही कुरा खुलेन। हामीले अनुसन्धानको अर्को पाटो खोतल्दै छौं, त्यहाँबाट केही रहस्य निस्किन्छ कि।'

कान्छो छोराको कान पाकेकाले उपचार गराउन अस्पताल लैजान्छु भनेर घरबाट श्रीमती हिँडेकी र जंगलमा गाईबाखा चराइरहेकी जेठी छोरी र माइलो छोरोलाई पनि सँगै लगेर सेतीमा हाम फालेकी रहिछ। कान्छो छोरो बचेपछि मात्रै हामीले थाहा पायौं भनेर धौलीका श्रीमान् बमबहादुर बोहराले प्रहरीसामु बयान दिएका छन्।

बोहराले आफूलाई श्रीमतीले म बिरामी छु, घर आउनु भनेर भारतबाट १५ दिनअगाडि बोलाएको र घरमा कुनै पनि झै-झगडा नभएको हुँदा श्रीमतीले हामफाल्नुको कारण आफूले पनि बुझ्न नसकेको प्रहरीसामु बयान दिएको डोटीका प्रहरी प्रवक्ता तथा डिएसपी धामीले बताउनुभयो।

सेतीमा हामफालेका मध्ये बमबहादुर बोहराका ६ वर्षीया छोरा सुनिल बोहरालाई सेती नदीमा माछा मार्दै गरेका मानबहादुर बिकले बचाउन सफल भएका छन् भने अन्य ३ जना यो समाचार तयार पार्दासम्म बेपत्ता भएका छन्। किन परिवारका सदस्यले सेती नदीमा सामूहिकरुपमा हामफाले त्यसको विषयमा गहनरुपमा छानबिन तथा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय डोटीका प्रहरी प्रवक्ता तथा डिएसपी लालबहादुर धामीले बताउनुभयो।

उहाँले थप भन्नुभयो- 'बम बोहराका माइती पक्ष, बगेको बच्चा छोप्ने माझीसहित अन्य केही व्यक्तिलाई पनि सोधपुछका लागि बोलाएका छौं, घटनाको निक्यौंल अवस्य निस्किन्छ।' जिल्ला प्रहरी कार्यालय डोटीले बेपत्ताको खोजी कार्य भने जारी रहेको जनाएको छ। घटनास्थल डोटीको तलारा र बैतडीको ढुंगाडको सीमा क्षेत्रमा पर्दछ।

## दुई छोरी जन्माउनेलाई महानगरपालिकाको भत्ता

विराटनगर, (नेस)

विराटनगर महानगरपालिकाले छोरी जन्माउनेलाई प्रोत्साहनस्वरुप ३ हजार रुपियाँ पुरस्कार दिन थालेको छ। पहिलो सन्तानका रुपमा छोरी जन्माउनेले ३ हजार पाउँछन् भने दोस्रोपटक छोरी जन्माउनेलाई थप ३ हजार दिने महानगरले घोषणा गरेको छ। दुईवटी छोरी जन्माउने विराटनगरबासीले अब महानगरबाट ६ हजार रुपियाँ प्राप्त गर्नेछन्।

छोरी जन्माएबापत पैसा पाउनका लागि आमाबाबुले केही शर्तहरू भने अनिवार्यरुपमा पालना गर्नुपर्ने महानगरपालिकाले मापदण्ड तोकेको छ। जस्तो- २० वर्ष उमेर पूरा गरेकी आमा हुनैपर्छ। गर्भ बसेपछि कम्तीमा ७ पटक चेकजाँच गरेको हुनैपर्छ। बच्चा घरमा नभएर स्वास्थ्य संस्थामै जन्माएको हुनुपर्छ र आमा नेपाली नागरिक नै हुनुपर्छ।

महानगरपालिकाले 'छोरी बचाऊ' योजनाअन्तर्गत गत आर्थिक वर्षमा १९ वटै वडाबाट पहिलो छोरी जन्माउने ५६ दम्पतीलाई ३/३ हजारका दरले १ लाख ६८ हजार रुपियाँ वितरण गरिसकेको उपमेयर इन्दिरा कार्कीले बताइन्। विराटनगरका रोनी विश्वकर्मा र मनिष विश्वकर्मा दम्पतीले पहिलो सन्तान छोरी पाएपछि विराटनगर महानगरपालिकाले बधाइसहित ३ हजार नगद प्रदान गरेको थियो। पहिलो सन्तान जन्मेपछि लिङ्ग पहिचान गरेर गर्भ तुहाउने परम्परा विकसित भइरहेकाले त्यसलाई निरुत्साहित गर्न ३ हजार पुरस्कार प्रदान गर्ने योजना ल्याएको उनले सुनाइन्।

छोरी बचाऊ अयिभानका लागि गत आर्थिक वर्षमा महानगरपालिकाले ६ लाख रुपियाँ छुट्याएको थियो। यो अभियानलाई महानगरले चालू आर्थिक वर्षमा पनि निरन्तरता दिएको छ। महानगरमा चालू आर्थिक वर्षका लागि १० लाख रुपियाँ छुट्याइएको छ। साथै अब महानगरपालिकाले 'छोरी पढाऊ' अभियान पहिलोपल्ट सञ्चालनमा ल्याएको छ। यसका लागि १० लाख रुपियाँ विनियोजन गरिएको उपमेयर कार्कीले जानकारी दिइन्।

महानगरपालिकाले 'छोरी बचाऊ, छोरी पढाऊ' योजनासँगै सरकारी विद्यालयका पढ्ने छात्राहरूका लागि सेनिटरी प्याड वितरण गर्न पनि योजना अघि सारेको छ। चालू आर्थिक वर्षका लागि सेनिटरी प्याड वितरण गर्न १० लाख रुपियाँ बजेट विनियोजन गरिएको जनाएको छ।

## बेनी-जोमसोम सडक रातको समयमा बन्द हुने

म्याग्दी, (नेस)

हिमालपारीको जिल्ला मुस्ताङलाई जोड्ने बेनी-जोमसोम-कोरला राजमार्गअन्तर्गत गलेश्वर-घासा सडकखण्ड रातको समयमा बन्द हुने भएको छ। बिहीबार म्याग्दीका प्रमुख जिल्ला अधिकारी लिलाधर अधिकारीको अध्यक्षतामा बसेको जिल्ला सुरक्षा समितिको बैठकले रातको समयमा सडक बन्द गर्ने निर्णय गरेको हो।

वर्षाका कारण बेनी-जोमसोम सडकको विभिन्न स्थानमा सडकमाथिबाट पहिरो खस्ने, सडक भासिँदा हुने सम्भावित दुर्घटनाबाट मानवीय तथा भौतिक क्षतिलाई मध्यनजर गरी अत्यावश्यक सवारीसाधनबाहेक अन्य सवारीलाई रातको समयमा दुईतर्फीरुपमा सवारी आवागमन बन्द गरिएको जिल्ला प्रहरी कार्यालय म्याग्दीले जनाएको छ।

प्रहरीले दिएको जानकारीअनुसार यही साउन ५ गतेदेखि लागू हुने गरी आउँदो ३१ गतेसम्म रातिको समयमा सडक बन्द गरिनेछ। बेनीदेखि गलेश्वर हुँदै जोमसोमतर्फ जाने सवारीलाई साँझ साढे ५ बजेदेखि बिहान ५ बजेसम्म र जोमसोमबाट घासा भएर बेनी आउने सवारीलाई साँझ ६ बजेदेखि बिहान ५ बजेसम्म पूर्णरुपमा सवारी आवागमन बन्द गर्ने निर्णय गरिएको म्याग्दीका प्रहरी नायब उपरीक्षक वीरबहादुर बुढामगरले बताउनुभयो।

## द्वन्द्वपीडितका नाममा आएको ४२ लाख फ्रिज

**नेपाल समाचारपत्र**

लमजुङ

लमजुङमा सशस्त्र द्वन्द्वको समयमा विभिन्न प्रकारले पीडित भएका नाममा आएको राहत ४२ लाख ३३ हजार रुपियाँ फ्रिज भएको छ। फ्रिज भएको रकम करिब ४० प्रतिशत हो।

उक्त राहत रकम जसका नाममा आयो उनीहरूले जिल्ला शान्ति समितिमा सम्पर्क नगरेका कारणले सो रकम फ्रिज हुन गएको बताइएको छ। द्वन्द्वकालमा बेपत्ता भएका तथा विस्थापित भएका, मृतकका परिवारसहितका द्वन्द्वपीडितका नाममा १ करोड ४ लाख ६२ हजार रुपियाँ निकासा आएको थियो। त्यसमध्ये ४२ लाख ३३ हजार रुपियाँ रकम फिर्ता भएको छ। बेपत्ता पारिएका र केही विस्थापित परिवारका सदस्य सम्पर्कमा नआएपछि रकम फिर्ता गर्नुपरेको शान्ति समितिका कार्यालय सचिव किरण लामिछानेले जानकारी दिनुभयो। उहाँका अनुसार द्वन्द्वपीडितलाई रकम लिन जानकारी गराए पनि सम्पर्कमा नआएकाले यतिका रकम फ्रिज हुन गएको हो।

'पीडित भनेर सम्पर्कमा आउनुभएका केहीको नाम, ठेगाना फरक परेर आएका कारण उहाँहरूलाई सो राहत रकम दिन सकिएन' -लामिछाने बताउनुहुन्छ। कतिपय पीडित विदेश गएका कारणले रकम लिन नआएको हुनसक्ने लामिछाने बताउनुहुन्छ। उहाँका अनुसार जिल्लामा यसअघि तोकिएको राहत रकम पूरा नभएका र राहत नपाएकालाई रकम वितरण गरिएको हो।

आर्थिक वर्ष ०७४/७५ मा द्वन्द्वपीडित परिवारका सदस्यलाई जिल्ला प्रशासन कार्यालय लमजुङले ६२ लाख २९ हजार ४ सय रुपियाँ राहत रकम वितरण गरेको हो। तत्कालीन द्वन्द्वका क्रममा विस्थापित भएका मृतक परिवार र अन्य मृतकको परिवारका ६१ जना सदस्यलाई उक्त राहत रकम वितरण गरेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

राहत पाउनेमा टुहुरा बालबालिका ३ जना, अपाङ्गता भएका १ जना, मृतकजनका परिवार संख्या १६ र विस्थापित ४१ परिवारले उक्त रकम लिएका हुन्। वितरण गरिएको रकममा २ लाख १५ हजार ४ सय रुपियाँ टुहुरा बालबालिका तथा अपाङ्गता भएका व्यक्तिका लागि रकम छुट्याइएको थियो। विस्थापित भएका ४१ परिवारलाई २५/२५ हजार रुपियाँ प्रदान गरिएको छ।

यसै गरी, मृतक परिवारका नजिकको कानुनी अधिकार लाग्ने १० जना सदस्यलाई प्रतिसदस्य १ लाख ५० हजार प्रदान गरिएको लामिछानेले बताए। अन्य मृतक परिवारका ४ सदस्यलाई ५/५ लाख रुपियाँ र २ जनालाई ७/७ लाख रुपियाँ वितरण गरिएको छ।

जिल्लामा मृत्यु भएका १ सय ५३ जना, बेपत्ता भएका १६ परिवार, विस्थापित भएका १ सय २१ परिवारलाई पनि राहत वितरण गरिँदै आएको छ। मृतक र बेपत्ता परिवारलाई १० लाख र विस्थापित परिवारलाई २५ हजार रुपियाँका दरले राहत वितरण गरिँदै आएको लामिछानेको भनाइ छ। विस्थापित शीर्षकमा एउटै घरका ११ जनासम्मले राहत लिएका छन्।

स्मरणीय छ, लमजुङमा द्वन्द्वकालमा आतंककारी तथा विध्वंशात्मक ऐनअन्तर्गत थुनामा राखिएका विशेष अदालतमा कर्तव्य ज्यान मुद्दा लगाइएका र विस्थापित जीवनसमेत भोग्नुपरेका केही व्यक्तिलाई अझै पनि द्वन्द्वपीडितको सूचीमा नामसम्म पनि अंकित नगरीएकोप्रति केही पीडितले आक्रोश व्यक्त गर्दै आएका छन्। त्यस्तो पीडितमध्ये जिल्लाका अग्रज पत्रकार नवराज पहाडी पनि एक हुनुहुन्छ।

## नगरपालिकाको बदमासी

### उपभोक्ता समितिमा आफ्नै नातेदार



**सञ्जय कार्की, रौतहट**

एक नगरपालिकाले गठन गरेको उपभोक्ता समितिमा आफ्नै कर्मचारी र नातेदारलाई पदाधिकारीमा चयन गरेको खुल्न आएको छ। रौतहटको सबैभन्दा पुरानो नगरपालिकाको रुपमा रहेको गौर नगरपालिकाका लेखाअधिकृत पवन महतोको साली र दुईजना नगर प्रहरीलाई उपभोक्ता समितिमा राखेको खुल्न आएको छ।

गौर नगरपालिका-५ कोइरीटोलको पाकडरुखदेखि चन्द्रनिगाहपुर गौर जोड्ने सडक निर्माणका लागि गठन भएको उपभोक्ता समितिको अध्यक्षमा लेखा अधिकृत पवन महतोको साली प्रिन्सीकुमारी महतो र सचिवमा नगरप्रहरी चञ्चलकुमारी र सदस्यमा नगर प्रहरी मनोज कुश्वाहा रहेका छन्। उनीहरूलाई सो सडक निर्माण गर्न जिम्मा दिइएको छ।

२७ लाखको लागतमा सो समितिलाई करिब ९ सय मिटर लम्बाइ र ८ मिटर चौडाइमा ग्रयाबेल गर्न नगरपालिकाले कार्यादेश दिएको छ। तर आर्थिक वर्ष समाप्ति भइसक्दासमेत सो समितिको नाममा भुक्तानीका लागि चेक बनाइए पनि निर्माण कार्य अधुरो रहेको जनाइएको छ। निर्माण कार्यसमेत स्टिमेटविपरीत रहेको आरोप रहेको छ। नयाँ खनिएको सो सडकमा माटो पुरी ग्राभेल गर्ने रहे तापनि कम उचाइमा निर्माण भएको छ।

उपभोक्ता समिति गठन गर्दा राजनैतिक दलमा आबद्ध र कर्मचारीलाई समितिमा राख्न नपाउने नियमविपरीत गौर नगरपालिकाले समिति गठन गरेको बताइएको छ। गौर नगरपालिकाले आर्थिक वर्ष ०७४/७५ का लागि भौतिक पूर्वाधारको निर्माण कार्यका लागि जनप्रतिनिधिका निकटतम्लाई उपभोक्ता समिति चयनमा प्राथमिकता राखेको स्थानीयको भनाइ रहेको छ। गौर नगरपालिकाका लेखाअधिकृत महतो भने परोहा नगरपालिका र जिल्ला जनस्वास्थ्य कार्यालयको समेत लेखाको जिम्मेवारी सम्हालेका छन्।

## 'अस्पतलालमै गोली चलाइएको कुरा झूट'

विराटनगर, (नेस)

उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेलले अनशनमा बस्नुभएका डाक्टर गोविन्द केसीलाई राजनीतिक स्वार्थमा प्रयोग हुनबाट जोगाउन आवश्यक रहेको बताएका छन्। विराटनगर विमानस्थलमा शनिबार बिहान सञ्चारकर्मीसँग कुराकानी गर्दै उनले सरकारले विधि र प्रक्रियाबाट विधेयक ल्याउन लागे पनि त्यसलाई नमान्ने अडान लिनु उचित नभएको बताए।

उनले पूर्ववर्ती सरकारले ल्याएको राष्ट्रिय शिक्षा चिकित्सा विधेयक जस्ताको तस्तै ल्याउनुपर्ने माग अनुचित भएको बताउँदै संसद्मा प्रतिपक्षद्वारा विधेयक टेबुल गर्न नदिनु अधिनायकवाद शैली भएको दाबी गरे। उनले विधेयकमा अनेकौं त्रुटि भएको हुनसक्ने भए पनि व्यक्ति वा समुदायको नभई संसदीय विधि र प्रक्रियाबाट आफ्ना कुरा राख्ने र त्यसलाई समाधान गर्नुपर्ने विचार व्यक्त गरे। सञ्चारकर्मीले राखेको प्रश्नको जवाफ दिँदै रक्षामन्त्रीसमेत रहेका पोखरेलले डाक्टर केसीलाई जुम्लाबाट काठमाडौं ल्याउने क्रममा प्रहरीले गोली नचलाएको बताए। उनले अस्पतालमै गोली चलाइएको कुरा शतप्रतिशत झुटो भएको दाबी गरे।

उनले वर्तमान सरकार जनताको स्वास्थ्य तथा शिक्षाजस्ता आधारभूत समस्या समाधान गर्न कटिबद्ध रहेको बताए। उनले विधेयक सम्बन्धमा वार्ता गर्न वर्तमान सरकार खुला रहेको धारणा व्यक्त गर्दै यसलाई विधि र प्रक्रियाबाट समाधान गर्नुपर्नेमा जोड दिए।

### जलजला बाढीपहिरो पीडितको माग

## लस्तीमा तटबन्ध र सुरक्षित आवास

**दुर्गाप्रसाद शर्मा, पर्वत**

मुसलधारे वर्षापछि आएको बाढी र पहिरोको चपेटामा परेका पर्वतको जलजला गाउँपालिकाका पीडितले लस्ती खोला नियन्त्रणका लागि स्थायी तटबन्ध र सुरक्षित स्थानमा आवास बनाउन माग गरेका छन्।

बाढी र पहिरोको प्रकोपको स्थलगत अवलोकनका लागि पुगेको सांसद पदम गिरी, प्रमुख जिल्ला अधिकारी गुरुदत्त ढकालसहितको सरोकारवालाको टोलीलाई पीडितले लस्तीखोला नियन्त्रण गर्न र पहिरोमा घर गुमाएर विस्थापितहरूको पुनर्स्थापना गर्नुपर्ने माग गरेका हुन्।

साउन १ गते राति लस्तीखोलामा आएको बाढीले तटबन्ध बगाउँदा लस्तीबजारका डेढ सय घर जोखिममा परेका छन् भने लस्ती बेरनेटामा बस्तीमाथिबाट आएको पहिरोले घर बगाउँदा २२ घर परिवार विस्थापित भएर विद्यालय तथा आफन्तको घरमा आश्रय लिइरहेका छन्। लस्तीखोलाको दुवैतर्फ स्थायी प्रकृतिको तटबन्ध नबनाउने हो भने जुनसुकै बेला पनि खोला बजारमा पसेर बगरमा परिणत हुन सक्ने चिन्ता उनीहरूको छ। अत्यधिक वर्षा हुँदा उर्लेर आउने खोलाले धेरै तटबन्ध बगाएको छ।

खोलाले धार परिर्वतन गरेका कारण रातपरेपछि बजारका बासिन्दाहरू बजार छाडेर सुरक्षित स्थानतर्फ जाने गरेको स्थानीय रुद्र श्रेष्ठले बताए। 'आकाशमा कालो बादल र रात परेपछि घरमा सुत्न सकेका छैनौं', उनले भने- 'नजिकै सुरक्षित ठाउँ खोजेर हिँड्न बाध्य छौं।' लस्तीबजारमा यसअघि पनि पटकपटक खोला पसेर बगरमा परिणत गर्दै आएका कारण यसपटक सुरक्षित बनाउन तटबन्ध आवश्यक भएको उनीहरूको माग छ।

पहिरोले घर बगाएको बेरनेटामा पनि पीडितहरू रात कटाउन त के दिउँसो पनि बस्न छाडेका छन्। कसैको घर नै बगाएका कारण सडकमा छ भने कसैको घरमा अघि र पछिबाट पहिरो गएकाले बस्न सक्ने अवस्था छैन। उनीहरूलाई स्थानीय लस्ती सनलाइट बोर्डिङ स्कुलमा राखिएको छ भने कतिपय आफन्तकहाँ छन्। 'घरमा बस्ने अवस्था नै छैन, गाउँमा पनि घर बनाउने ठाउँ छैन', पीडित सन्तोष परियार भन्छन्- 'अन्यत्रै जमिनको व्यवस्था गरेर बास बस्ने ठाउँ बनाउनुपर्छ।'

बाढी र पहिरोले बेरनेटा र लस्तीबजारमा आउने पानीका पाइप बगाउँदा धेरैले बोतलको पानी किनेर बिहान-बेलुका खाइरहेका छन्। खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय पर्वतले बाढी बगाएको ४ सय मिटरभन्दा बढी पाइप उपलब्ध गराएका कारण अब पानीको समस्या नहुने डिभिजन प्रमुख प्रेमप्रकाश डोटेलले जानकारी दिए।

यसैगरी लस्दी खोलामा तटबन्ध निर्माणका लागि जलउत्पन्न प्रकोप नियन्त्रण डिभिजन बागलुङको प्राविधिक टोलीले स्थलगतरूपमा रिर्पोट तयार पारेको र तत्काललाई तारजाली उपलब्ध गराउने तथा दीर्घकालीनरूपमा बजार सुरक्षित बनाउन तटबन्धका लागि माथिल्लो निकायमा पहल गर्नुपर्ने डिभिजन प्रमुख खगेन्द्र भट्टचनले बताए।

अनुगमनका पुगेका प्रमुख जिल्ला अधिकारी गुरुदत्त ढकालले जनप्रतिनिधि, सरोकारवाला कार्यालय र स्थानीय तहसँग समन्वय गरेर उद्धार र राहत साथै पुनर्स्थापनाका लागि पहल गरिरहेको बताए। 'सबै क्षेत्रको समन्वयमा काम भइरहेको छ', उनले भने- 'तत्कालीन र दीर्घकालीन आवश्यकताका आधारमा आउने सिफारिसलाई जिल्ला दैवीप्रकोप उद्धार समितिले माथिल्लो निकायमा पठाउने काम गरिरहेको छ।'

स्थलगत अवलोकनमा गएका प्रतिनिधसभाका सांसद पदम गिरीले सबै सरोकारवाला निकायबाट पीडितको घाउमा मल्हम लगाउने र उनीहरूलाई दीर्घकालीनरूपमा समस्या समाधानका लागि आफ्नो क्षेत्रबाट सबै पहल हुने आश्वासन दिए।

सारा नेपाली मिलेर अन्याय, अत्याचारको विरुद्धमा लड्नु पर्छ र यस्ता अन्याय, अत्याचारबाट मुक्त हुनु पर्छ भन्ने आजको मागलाई हामी सबैले बुझ्नु पर्दछ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

2018, JULY Sunday 22

# विश्व

**आत्मसम्मान**

चर्चित बेलायती कवि रुडयार्ड किपलिङको 'इफ' कविता (बाँया) र त्यसलाई हटाइ पेन्ट गरिएको अमेरिकी कवि माया एन्जेलोको 'आई राइज' शीर्षकको कविताअगाडि उभेकी विद्यार्थी फातिमा अविद।



**श्रद्धान्जली**

मिजौरीको एक तालमा बिहीबार राति एक पर्यटक बोकेको डुंगा दुर्घटनामा मृत्यु भएका १७ जनाप्रति श्रद्धान्जली व्यक्त गर्दै उनका आफन्त तथा शुभचिन्तकहरु। उक्त दुर्घटनामा एकै परिवारका ९ जनाले ज्यान गुमाएका थिए।



विश्व २ मिनेट

**भारत**

## अविश्वासको प्रस्ताव असफल

नयाँ दिल्ली, (एजेन्सी)

भारत संसद्मा विपक्षले ल्याएको अविश्वासको प्रस्तावमा प्रधानमन्त्री नरेन्द्र मोदी सरकारले सदनमा आफनो बहुमत देखाउन सफल भएको छ। मतदानपछि विपक्षले ल्याएको अविश्वास प्रस्ताव असफल भएको छ। प्रस्तावको पक्षमा कुल १ सय २६ मत र विपक्षमा ३ सय २५ मत खसेको थियो। मतदानअगाडि प्रधानमन्त्री मोदीले सदनको प्रस्तावमा भएको छलफलको जवाफ दिएका थिए। मोदीको भाषणका क्रममा विपक्षी सांसदले सदनमा नाराबाजी गरेका थिए। मोदीले विपक्षीसँग आफूलाई हटाउने एकमात्र मुद्दा बोकेको आरोप लगाएका थिए।

**बेलायत**

## कविता विवाद

लन्डन, (एजेन्सी)

बेलायतको म्यानचेस्टर युनिभर्सिटीको एक पर्खालमा प्रसिद्ध कवि रुडयार्ड किपलिङको एउटा भारतीय मुलका विद्यार्थीले मेटेका छन्। विद्यार्थीले कवितामा प्रयोग भएका शब्दले उनीहरू आहत भएको र यसैकारण त्यसलाई पर्खालबाट हटाएको बताएका छन्। भारतीय मुलका छात्रछात्राका अनुसार अंग्रेजी कवि तथा लेखक रुडयार्ड किपलिङको उक्त कवितामा जातीय टिप्पणी गरिएको र यसले भारतमा बेलायती शासनको समर्थन गरेको छ। किपलिङले 'इफ' कविता सन् १८९५ मा लेखेका थिए। उक्त कविताको स्थानमा विद्यार्थीले अमेरिकी कवि तथा मानव अधिकारवादी माया एन्जेलोको 'आई राइज' कविता पेन्ट गरेका छन्।

**प्यालेस्टाइन**

## पुनः संघर्षविराम

गाजा सिटी, (एजेन्सी)

इजरायलले सीमामा एक सैनिकको मृत्युपछि गाजा स्ट्रिपमा शुक्रबार घातक हमला गरेको र उक्त हिंसात्मक आक्रमणपछि दुवै पक्ष पुनः संघर्षविराममा सहमत भएका छन्। हमास र इजरायलबीच शुक्रबार भएको गोलाबारीमा हमासका ३ लडाकु मारिएको बताइएको छ। यसअघि इजिप्ट र संयुक्त राष्ट्रको मध्यस्थतामा युद्धविराम सम्झौता भएको थियो र अहिले फेरि एकपटक दुवै संघर्षविराममा सहमत भएको प्रवक्ताले जानकारी दिए। १ सैनिक र ५ जनाको मृत्युपछि पुनः संघर्षविरामका लागि तयार भएको हमासका प्रवक्ता फवजी बरहमले बताए।

**अमेरिका**

## टेप एफबीआईमा

वासिङ्टन, (एजेन्सी)

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पको लामो समयदेखि वकिल रहेका माइकल कोहेनले पूर्वप्लेब्वाय मोडल केरेन म्याकडुगललाई पैसा दिएको विषयमा उसँग भएको छलफलको रिकर्डिङ गरेका थिए। हाल उक्त टेप एफबीआईमा पुगेको छ। द न्युयोर्क टाइम्सले शुक्रबार आफ्नो एक समाचारमा एफबीआईले यो वर्ष कोहेनको कार्यालयमा छापामार्ने क्रममा उक्त रिकर्डिङ कब्जामा लिएको उल्लेख गरेको छ। सन् २०१६ को राष्ट्रपति चुनावका क्रममा ट्रम्पका विषयमा लज्जास्पद तथ्य बाहिर आउन नदिनका लागि महिलालाई पैसा दिने गरेको विषयमा भइरहेको जाँचको घेरामा कोहेन पनि परेका छन्। कोहेन अहिले ट्रम्पको वकिल होइनन्।

# तिब्बतको पठार भूमिमा चिनियाँ सैन्य अभ्यास

बेइजिङ, (एजेन्सी)

चिनियाँ सेनाले भारत सीमानजिकै तिब्बतमा अर्को सैन्य अभ्यास गरेको छ। यस अभ्यासमा पाइलट तथा विशेष बल सहभागी रहेको बताइएको छ।

सैन्य अभ्यासमा हेलिकप्टरका पाइलटलाई ग्राउन्ड तालिम र उच्च स्थानमा आफ्नो कौशलको परीक्षण समावेश गरिएको थियो। चिनको पिपल्स लिबरेसन आर्मीका आधिकारिक अखबार पीएलए डेलीले सैन्य अभ्यासको जानकारी दिँदै तिब्बतको उच्चाइमा रहेका क्षेत्रमा एक काल्पनिक सीमा बनाइएको र शत्रुको सीमापछाडि गएर आक्रमण गर्ने अभ्यास गरेको उल्लेख गरिएको छ।

पाइलट तथा विशेष बल हेलिकप्टरबाट तल झरेर अभियान पूरा गरेको डेलीले जनाएको छ। यसअघि पहाडी इलाकामा भएको अभ्यासपछिको यो दोस्रो भएको चिनियाँ सञ्चार माध्यमले जनाएको छ। यसअघि जुन २९ मा चिनियाँ सैनिक तिब्बतमा जम्मा भएको र भारतसँग जोडिएको हिमालय क्षेत्रमा अभ्यास गरेको चिनियाँ सञ्चार माध्यमले जनाएको थियो।

सैन्य विशेषज्ञसँग जोङपिङले हालैको सैन्य अभ्यासमा भारतसँगको सम्भावित सैन्य संघर्षका लागि सैनिकलाई तयार गरेको छ। 'कुनै पनि सैन्य प्रशिक्षणका लागि काल्पनिक विपक्षी शक्ति हुनु सामान्य कुरा हो। यस मामिलामा यो निश्चित् गरिएको हुन्छ कि, निसानामा को छ? जब अभ्यास तिब्बतको पठारमा गरिएका छन्। शत्रुको लाइनको पछाडिबाट आक्रमण गर्नु एक प्रभावकारी कारबाही हो। यो युद्ध जित्ने अचुक तरिका पनि हुनसक्छ। सबै सुरक्षा बलका लागि यस प्रकारको अभ्यास महत्त्वपूर्ण हुन्छ' -साङले बताएको ग्लोबल टाइम्सले जनाएको छ।

पीएलए डेलीका अनुसार चिनियाँ पाइलट यो वर्ष विशेष बलसँग तालिम गरिरहेका छन् ता कि एकअर्काको आवश्यकतालाई बुझ्न सकून् र युद्धमा आपसी सहयोग बढाउन सकून्। विशेष बलसँगको तालिमका कारण पाइलट जंगली इलाकामा जीवित रहने आफ्नो क्षमता बढाउन सक्ने साङले बताए। तिब्बतमा उचाइ, कम वायुको दबाब र अपेक्षाकृत कम तापक्रमका कारण सैन्य अपरेसन कठिन रहेको उनी बताउँछन्।

यसअघि चिनियाँ सञ्चार माध्यमले चिनले अरूणाचल प्रदेशको सीमानजिक तिब्बतमा मानवरहित स्वचालित निगरानी केन्द्र स्थापित गर्न गइरहेको उल्लेख गरेको थियो। यसले उसको लडाँकु विमान र क्षेप्यास्त्र प्रक्षेपणका लागि मौसमको जानकारी दिन सक्ने बताइएको छ।


Government of Nepal
Ministry of Physical Infrastructure and Transport
**Department of Roads**
Central Regional Road Directorate

**Division Road Office, Kathmandu -1, Minbhawan**

**Invitation for Bids No.: 01-075-76**

(Date of publication: 2075/04/06)

1. Division Road Office, Kathmandu -1 invites bids from eligible bidders for following emergency works:

| Contract Number | Description and location of work | Estimate Amount without VAT | Bid Security Amount |
|---|---|---|---|
| DROKTM/3371653/075/76/001 | Recurrent maintenance of SRN/SURN Roads (Sector 1) | 1664415.32 | 46000.00 |
| DROKTM/3371653/075/76/002 | Recurrent maintenance of SRN/SURN Roads (Sector 2) | 1654076.66 | 46000.00 |
| DROKTM/3371653/075/76/003 | Recurrent maintenance of SRN/SURN Roads (Sector 3) | 1665636.84 | 46000.00 |
| DROKTM/3371653/075/76/004 | Recurrent maintenance of SRN/SURN Roads (Sector 4) | 1679688.24 | 46000.00 |
| DROKTM/3371653/075/76/005 | Recurrent maintenance of SRN/SURN Roads (Sector 5) | 1626911.12 | 46000.00 |
| DROKTM/3371653/075/76/006 | Recurrent maintenance of SRN/SURN Roads (Sector 6) | 1674653.80 | 46000.00 |
| DROKTM/3371653/075/76/007 | Recurrent maintenance of SRN/SURN Roads (Sector 7) | 1675423.78 | 46000.00 |
| DROKTM/3371653/075/76/008 | Recurrent maintenance of SRN/SURN Roads (Sector 8) | 1666646.26 | 46000.00 |
| DROKTM/3371653/075/76/009 | Thermoplastic painting on various SRN/SURN Roads (Package 1) | 1686636.82 | 46000.00 |
| DROKTM/3371653/075/76/010 | Thermoplastic painting on various SRN/SURN Roads (Package 2) | 1683451.38 | 46000.00 |
| DROKTM/3371653/075/76/011 | Thermoplastic painting on various SRN/SURN Roads (Package 3) | 1680265.95 | 46000.00 |
| DROKTM/3371653/075/76/012 | Thermoplastic painting on various SRN/SURN Roads (Package 4) | 1677080.51 | 46000.00 |
| DROKTM/3371653/075/76/013 | Thermoplastic painting on various SRN/SURN Roads (Package 5) | 1673895.07 | 46000.00 |
| DROKTM/3371653/075/76/014 | Thermoplastic painting on various SRN/SURN Roads (Package 6) | 1671983.81 | 46000.00 |
| DROKTM/3371653/075/76/015 | Thermoplastic painting on various SRN/SURN Roads (Package 7) | 1668798.37 | 46000.00 |
| DROKTM/3371653/075/76/016 | Thermoplastic painting on various SRN/SURN Roads (Package 8) | 1665612.93 | 46000.00 |
| DROKTM/3371653/075/76/017 | Maintenance of Road furniture on SRN/SURN Roads (Package 1) | 1678809.05 | 46000.00 |
| DROKTM/3371653/075/76/018 | Maintenance of Road furniture on SRN/SURN Roads (Package 2) | 1680489.54 | 46000.00 |
| DROKTM/3371653/075/76/019 | Maintenance of Road furniture on SRN/SURN Roads (Package 3) | 1682171.72 | 46000.00 |
| DROKTM/3371653/075/76/020 | Maintenance of Road furniture on SRN/SURN Roads (Package 4) | 1683855.58 | 46000.00 |
| DROKTM/3371653/075/76/021 | Maintenance of Road furniture on SRN/SURN Roads (Package 5) | 1685541.13 | 46000.00 |
| DROKTM/3371653/075/76/022 | Maintenance of Road furniture on SRN/SURN Roads (Package 6) | 1687228.36 | 46000.00 |
| DROKTM/3371653/075/76/023 | Maintenance of Road furniture on SRN/SURN Roads (Package 7) | 1688917.28 | 46000.00 |
| DROKTM/3371653/075/76/024 | Maintenance of Road furniture on SRN/SURN Roads (Package 8) | 1690607.89 | 46000.00 |
| DROKTM/3371653/075/76/025 | Supply of construction material at DRO Yard | 830491.20 | 23000.00 |
| DROKTM/3371653/075/76/026 | Supply of subbase at DRO Yard | 838252.80 | 23000.00 |

2. Deadline for Bid Purchasing, Submission and Opening:

<table>
<tr><td rowspan="2">Fee for Bid Document</td><td colspan="2">Purchase of Bid</td><td colspan="2">Submission of Bid</td><td colspan="2">Opening of Bid</td><td>Revenue a/c No</td><td>00100106200000</td><td>Revenue Heading No</td><td>1-4-2-2-7</td></tr>
<tr><td>Date</td><td>Time</td><td>Date</td><td>Time</td><td>Date</td><td>Time</td><td>Bank</td><td colspan="3">Everest Bank Ltd</td></tr>
<tr><td rowspan="5">1000.00</td><td rowspan="5">2075/04/20</td><td rowspan="5">Office hour</td><td rowspan="5">2075/04/21</td><td rowspan="5">12:00</td><td rowspan="5">2075/04/21</td><td rowspan="5">13:00</td><td>Name of Office</td><td colspan="3">Financial Comptroller General Office</td></tr>
<tr><td colspan="4"></td></tr>
<tr><td>Deposit A/c No.</td><td>135001</td><td>Office code</td><td>27-337-09</td></tr>
<tr><td>Bank</td><td colspan="3">Everest Bank Ltd, Babarmahal</td></tr>
<tr><td>Name of Office</td><td colspan="3">District Treasury Controller Office, Singhdurbar</td></tr>
</table>

- Intended completion date for all contracts shall be 2075/05/10. There shall be no time extension for whatsoever reasons. All the contracts shall be terminated on the completion date of the contract.
- Eligible Bidders may obtain further information and inspect the Bidding Document at Division Road Office, Kathmandu 1 (Tel: 014465457, email: droktm1@dor.gov.np) or may visit PPMO's website http://bolpatra.gov.np/egp

**Division Chief**


# पुर्वी युक्रेनमा जनमत संग्रह गराउने पुटिनको प्रस्ताव अस्वीकार

वासिङ्टन, (एजेन्सी)




द्वन्द्वग्रस्त पुर्वी युक्रनमा जनमत संग्रह गराउने रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको प्रस्तावलाई अमेरिकाले अस्वीकार गरेको छ। रुसी राष्ट्रपति पुटिनद्वारा ल्याइएको पुर्वी युक्रेनमा जनमत संग्रहको मागको समर्थन गर्ने विचार नरहेको ह्वाइट हाउसले जनाएको छ। गतहप्ता अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र पुटिनबीच हेलसिन्कीमा भएको शिखर वार्तापछि उक्त प्रस्तावका विषयमा चर्चा भएको खुलासा भएपछि अमेरिकाले उक्त कदममा रुसको समर्थन गर्न सक्ने विश्लेषण सञ्चार माध्यममा आइरहेको थियो।

अमेरिकाका लागि रुसका राजदूत एनातोली एन्तानोवले हेलसिन्की शिखर वार्तामा दुई नेताबीच पृथकतावादी प्रभावित पुर्वी युक्रेनमा द्वन्द्व समाधानका लागि जनमत संग्रहमा जाने विषयमा चर्चा भएको बताएका थिए। अमेरिकी राष्ट्रिय सुरक्षा परिषद्का प्रवक्ता गेरेट मार्किसले रुस र युक्रेनको सरकारबीच डोनबास क्षेत्रमा जारी संघर्ष समाप्त गर्नका लागि भएको सम्झौतामा जनमत संग्रहको कुनै विकल्प समावेश नगरिएको बताए।

तथाकथित जनमत संग्रह गर्ने कुनै पनि प्रयास वैध नहुने मार्किसले बताए। ट्रम्प र पुटिनबीच शरद ऋतुमा हुने अर्को शिखर वार्ताको एजेन्डाका विषयमा जानकारी दिँदै ह्वाइट हाउसका तर्फबाट यो नीतिको घोषणा गरेको हो। दुई नेताबीच हुने अर्को शिखर वार्ता राष्ट्रिय सुरक्षामा केन्द्रित हुनेछ।

उत्तर कोरियाविरुद्ध कडा प्रतिबन्ध लागू गर्न अपिल अमेरिकी विदेशमन्त्री माइक पोम्पियोले शुक्रबार संयुक्त राष्ट्रका सदस्य देशसँग प्योङयाङको परमाणु कार्यक्रम अन्त्य गराउन उत्तर कोरियामाथि कडा आर्थिक प्रतिबन्ध लगाउन र उत्तर कोरियाली नेता किम जोङ उनमाथि दबाब बनाइराख्न अपिल गरेका छन्।

उत्तर कोरियालाई संयुक्त राष्ट्रसंघमा अरूबाट एक्ल्याइएको अवस्था अन्त्य गर्न सकिने तर त्यहाँसम्म पुग्नका लागि व्यापक स्तरमा प्रतिबन्ध लगाउनुपर्छ भन्ने अमेरिकाको मान्यता रहेको पोम्पियोले बताए। सुरक्षा परिषद्सँगको बैठकपछि पोम्पियोले उक्त कुरा पत्रकारसमक्ष बोलेका हुन्।

# पृथ्वीको सतह तल क्वाड्रिलियन टन हिरा

न्युयोर्क, (एजेन्सी)

वैज्ञानिकहरूको एक टोलीले पृथ्वीको सतहबाट १ सय माइलमुनी '१ क्वाड्रिलियोन' (१ पछाडि २४ शून्य) टन हिरा पुरिएर रहेको हालै मात्र खुलासा भएको उक्त अध्ययनमा उल्लेख गरेका छन्।

म्यासाच्युसेट्स इन्स्टिच्युट अफ टेक्नोलोजी (एमआईटी), हार्भर्ड, द कानेजी इन्स्टिच्युट अफ वासिङ्टन र अन्य विश्वविद्यालयका अनुसन्धानकर्ताहरूले पृथ्वीको भित्री तहहरूमा ध्वनी तरंगको गति मापनमा सेस्मिक यन्त्रको प्रयोग गरेका थिए।

पृथ्वीको सतहभित्र तापक्रम, घनत्व र चट्टानको संरचनाका आधारित रही फरक-फरक गतिमा ध्वनी तरंगले यात्रा गरेको थियो। एमआईटीले जारी गरेको एक विज्ञप्तिमा उल्लेख गरेको छ- 'वैज्ञानिकहरूले पृथ्वीको माथिल्लो सतहमा रहेका चट्टानको अनुमान गर्न चट्टानको संरचना र सेस्मिक गतिबीचको सम्बन्धलाई वैज्ञानिकहरूले प्रयोग गरेका हुन्।'



'भूगर्भशास्त्रीहरूले उक्त वैज्ञानिक परीक्षणका क्रममा एउटै मात्र चट्टानले १-२ प्रतिशत हिरामा हुने समान प्रकृतिको गति मापन गरेका थिए। सोधमा उल्लेख छ।

यसकै आधारमा वैज्ञानिकहरू पृथ्वीको सतहभन्दा तल हिरा एक तह भएको निष्कर्षमा पुगेका हुन्। उनीहरूले उक्त तहमा एक क्वाड्रिलियन टन हिरा भएको अनुमान गरेका छन्।

यसलाई निकाल्न गाह्रो हुनेछ। वैज्ञानिकका अनुसार हिरा पृथ्वीको १ सय ४५ देखि २ सय ४० भित्र छ। अहिलेसम्म मानव यति गहिराइसम्म पुग्न सकेको छैन र खन्न पनि सकेको छैन।

एमआईटी प्लोनेटरी साइन्स विभागका रिसर्च साइन्टिस्ट उलरिक फलले भने- 'हामी यो हिरालाई बाहिर ल्याउन सक्छौं। तर यो यति धेरै छ कि, जसको बारेमा हामीले पहिला कहिल्यै सोचेको थिएनौं।'

वैज्ञानिकको अनुमानअनुसार पृथ्वीको प्राचीन भूमिगत चट्टानमा १ हजार गुणा बढी हिरा छ। यद्यपि यी हिरा गहना पसलसम्म पुग्ने सम्भावना भने न्यून छ।

हिरा कार्बनले बन्छ, पृथ्वीको गहिराइमा अत्यधिक दबाब र अत्यधिक तापमानमा हिरा बन्ने गर्छ, यो सतहमा त्यतिबेला मात्र आउँछ जब ज्वालामुखी विस्फोट हुन्छ, जुन आफैंमा दुर्लभ हो। यस प्रकारको ज्वालामुखी विस्फोट लाखौं करोडौं वर्षमा १ पटक मात्र हुने गरेको भूगर्भ वैज्ञानिक बताउँछन्।


**वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानको**

**अनलाईन दरभाउपत्र रद्ध गरीएको सूचना ।**

यस प्रतिष्ठानलाई "Electrical Works For Oxyen Generator Plant" **सम्बन्धी कार्यको लागी मिति ०७५।०३।२९ गते नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा** प्रकाशित गरीएको अनलाईन दरभाउपत्र कारणवश रद्ध गरीएको ब्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

{ बालकहरुको जिम्मा लिँदै रूपन्देहीका प्रहरी उपरीक्षक श्याम ज्ञवालीले सम्भव भएका बालकहरुलाई घर पुऱ्याउने कोसिस गर्ने तर घर पत्ता नलागेकालाई सरकारी आश्रयस्थलमा आश्रय दिई पठनपाठन गराउने बताउनुभयो।

# भारतबाट चार नेपाली बालकको उद्धार



यमलाल भुसाल, बुटवल

घर छाडेर भारतमा पुगी एउटा बाल कल्याण समितिमा आश्रय लिइरहेका ४ जना नेपाली बालकलाई प्रवासी नेपालीमित्र मञ्च दिल्लीले स्वदेश फिर्ता गराएको छ। उत्तरप्रदेशको देवरियास्थित राजकीय बालगृहमा राखिएका ती बालकलाई मञ्चका पदाधिकारीले नेपाल ल्याएर शनिबार जिल्ला प्रहरी कार्यालय रूपन्देहीको जिम्मा लगाएका हुन्।

बालकलाई भारतका विभिन्न स्थानबाट उद्धार गरी राजकीय बालगृहमा राखिएको थियो। प्रवासी नेपाली मित्र मञ्चका अध्यक्ष दुर्गाप्रसाद अर्यालले २ जनाबाहेक अरू २ बालकले आफ्नो घर बताउनसमेत नसकेकाले सबैको सहयोग आवश्यक रहेको बताउनुभयो।

काठमाडौं कोटेश्वरस्थित सुन्दर बजार घर बताउने बिजय तामाङ, कुसुमघाट घर बताउने राजेश कुमार र घर ठेगाना बताउन नसक्ने सन्तोष र सुमित कुमार नामका बालकलाई नेपाल ल्याइएको हो। उनीहरुलाई आफ्नो घर पुऱ्याउने पहल गर्न भारत सरकारले दिल्लीस्थित नेपाली दूतावासलाई पत्राचार गरेपछि दूतावासले प्रवासी नेपाली मित्र मञ्चलाई जानकारी गराएकाले मञ्चले स्वदेश फर्काएको हो।

बालकहरुको जिम्मा लिँदै रूपन्देहीका प्रहरी उपरीक्षक श्याम ज्ञवालीले सम्भव भएका बालकहरुलाई घर पुऱ्याउने कोसिस गर्ने तर घर पत्ता नलागेकालाई सरकारी आश्रयस्थलमा आश्रय दिई पठनपाठन गराउने बताउनुभयो।

मित्र मञ्चका अनुसार १० देखि १४ वर्ष उमेरका बालकमध्ये एकजना घरबाट भागेर भारत पुगेका थिए भने अन्य भारतकै विभिन्न स्थानहरुमा भेटिएपछि त्यहाँका सामाजिक संघसंस्थाहरुले उद्धार गरी राजकीय बालकल्याण समितिमा पुऱ्याएका थिए।

# दुई वृद्ध मृत भेटिए

पर्वत, (नेस)

पर्वतको कुस्मा नगरपालिका र मोदी गाउँपालिकामा दुई वृद्ध मृत अवस्थामा भेटिएका छन्।

पर्वतका मोदी गाउँपालिका वडा नं ६ तिलहारकी ६८ वर्षीया धनकुमारी लामिछानेको मोदी खोलाको किनारमा मृत अवस्थामा भेटिएकी हुन् भने कुस्मा नगरपालिका वडा नम्बर २ खुर्कोट बस्ने ६६ वर्षीय बलबहादुर नेपाली कुस्माकै अर्मादीमा मृत अवस्थामा भेटिएका हुन्।

शनिबार बिहानैदेखि घरबाट हराएकी लामिछानेको शव मोदी गाउँपालिका वडा नं २ पातीचौर बजारनजिकै तल्लो मोदीखोला जलविद्युत् केन्द्रको बाँधमा फेला परेको जिल्ला प्रहरी कार्यालय पर्वतले जनाएको छ। मृतक वृद्धाको मानसिक सन्तुलन ठीक नभएको बताइन्छ। उनले नदीमा हाम फालेर आत्महत्या गरेको हुन सक्ने अनुमान गरिएको छ।

यस्तै शनिबार बिहान ९ बजेको समयमा कुस्मा नगरपालिका-२ अर्मादी बयरबोट भन्ने स्थानमा परियार मृत अवस्थामा भेटिएका हुन्। मृतकको शव भई पोस्टमार्टमका लागि जिल्ला अस्पताल पर्वतमा राखिएको जिल्ला प्रहरी कार्यालय पर्वतले जनाएको छ।

# जनप्रतिनिधिले काम गर्न नसकेको नगरबासीको गुनासो

नेपाल समाचारपत्र

काठमाडौं

स्थानीय तहको निर्वाचन भएको १ वर्ष बितिसक्दा पनि जनप्रतिनिधिले राम्रो काम गर्न नसकेको भन्दै शनिबार गोकर्णेश्वर नगरवासीहरुले आपत्ति जनाएका छन्।

जय नेपाल सञ्चार गृहले आयोजना गरेको 'स्थानीय निर्वाचनपश्चात पनि कर्मचारीकै मनोमानी' विषयक छलफल कार्यक्रममा सहभागीहरुले कर्मचारी र जनप्रतिनिधिबीच समन्वय नभएको, समयमै जनताका काम हुन नसकेको, विभिन्न बहानाबाजी गरेर सेवाग्राहीलाई अल्मल्याउने गरेको, विकास निर्माणमा ध्यान नदिएको जस्ता आरोप लगाएका छन्।

सञ्चारगृहका अध्यक्ष राजु सुनारले नगरवासीको गुनासो दिनैपिच्छे बढ्दै गएकाले वास्तविकता बुझेर सम्बन्धित ठाउँसम्म ध्यानाकर्षण गराउनका लागि कार्यक्रमको आयोजना गरिएको बताउनुभयो। 'सिंहदरबारको अधिकार गाउँमा भनिएको छ तर जनताले झन् बढी दुःख र समस्या भोग्नुपरेको छ', सुनारले भन्नुभयो- 'एकले अर्कालाई दोष दिएर उम्कने परिपाटी छ त्यसैले पनि वास्तविक पहिचान गर्न सबै नगरवासीलाई बोलाइएको हो।' जनप्रतिनिधिहरुलाई कार्यक्रममा आमन्त्रण नगरिएकाले पनि पीडितहरुले आफ्नो समस्या प्रष्ट रूपमा राखेका थिए। जनताको हितलाई सर्वोपरि मानी सहभागितामूलक, पारदर्शी, स्वच्छ, सक्षम, उत्तरदायी, प्रभावकारी, निष्पक्ष र विधिसम्मत शासन सञ्चालन गर्नु नै सुशासन भए पनि जनताले सुशासनको अनुभूति नभएको गुनासो गरेका थिए। नेपालको राजनीतिक अस्थिरता बढेर लामो समय स्थानीय निकाय जनप्रतिनिधिविहीन रहेको अवस्थामा भन्दा पनि अहिलेको अवस्था झन् जटिल बन्दै गएको सहभागीले निष्कर्ष निकालेका थिए।

कार्यक्रममाथि प्रकाश पार्दै सुनारले अधिकार र जिम्मेवारीबीच तालमेल नहुँदा स्थानीय तहप्रति गुनासो बढ्नु स्वभाविक भएको बताउनुभयो। समस्याको पहिचान गरी निचोड निकाल्न र अन्यौलताबाट मुक्ति दिलाउन कार्यक्रमको आयोजना गरिएको स्थानीयले बताएका छन्।

कार्यक्रममा स्थानीयले नगरपालिकामा सेवाग्राहीले कर्मचारीबाट दुःख पाएको बताएका थिए। उनीहरुले समयमा कर्मचारीहरु कार्यालयमा उपस्थित नहुने, कार्यालयमा हाजिर भए पनि कर्मचारीहरु कार्यकक्षमा नभेटिने र जनप्रतिनिधि र कर्मचारीबीच समन्वय हुने नगरेको बताएका थिए।

सहभागीहरुले कर्मचारी र जनप्रतिनिधिहरु मिलेर नगरको सर्वोपरि हितका लागि काम गर्नुपर्ने आवश्यकता औंल्याएका थिए। उनीहरुले कतिपय समस्या आफुहरुलाई प्रशासनिक काम गर्ने तरिकाको बारेमा जानकारी नहुँदा एकैदिनमा सकिने कामका लागि धेरै दिन नगरपालिका धाउनुपर्ने बाध्यता रहेको समेत बताएका थिए।

त्यसका लागि सहजीकरण गरिदिने कर्मचारीको अभाव हुँदासमेत समस्या परेको भन्दै नगरपालिकाले सहजीकरण गरिदिने कर्मचारीको व्यवस्था गर्नसमेत नगरपालिकालाई अनुरोध गर्नुपर्ने बताएका थिए। नगरपालिकाको प्रमुख कुनै पनि दलको नभई साझा भएको हुँदा साझा ढंगले पक्षपात नगरिकन काम गर्नुपर्ने बताएका थिए। सेवाग्राहीले सबैभन्दा धेरै दुःख कार्यक्रम सम्पन्नपश्चात फरफारक गर्ने क्रममा डकुमेन्ट नपुगेको भन्दै एकै दिनमा हुने कामका लागि धेरै दिनसम्म दुःख दिने गरेको बताएका थिए।

अधिकांश सहभागीहरुले यस्ता कार्यक्रमले सकारात्मक परिवर्तनका लागि सहयोग पुग्ने भन्दै कार्यक्रमको निरन्तरता आवश्यक रहेको बताएका थिए। कार्यक्रममा उठेका प्रश्न र सुझाव संकलन गरी सोमबार नगरपालिकामा आयोजकले ज्ञापनपत्रसमेत बुझाउने जनाइएको छ।

# दिवंगत बालकको नाममा शैक्षिक गतिविधि



काठमाडौं, (नेस)

नौ वर्षअघि एक दुर्घटनामा दिवंगत भएका ४ वर्षे बालक यशश्वीजंग कार्कीको स्मृतिमा कीर्तिपुर चोभार क्षेत्रमा विभिन्न शैक्षिक गतिविधि सञ्चालन भएका छन्।

जेहेन्दार तथा गरिब विद्यार्थीलाई छात्रवृत्ति, हाजिरी जबाफ प्रतियोगिता, सरसफाइ, अभिनन्दन कार्यक्रम तथा सम्मान एवं प्रमाणपत्र वितरणका कार्यक्रम सञ्चालन भएको यशश्वीजंग कार्की प्रतिष्ठानले जनाएको छ।

संघीय प्रतिनिधिसभा सदस्य तथा पूर्वयुवा तथा खेलकुदमन्त्री राजन केसीको प्रमुख आतिथ्यमा जालपादेवी मन्दिर परिसरमा शनिबार भएको प्रतिष्ठानको साधारणसभा तथा नवौं यशश्वीजंग कार्की स्मृति दिवसका उपलक्ष्यमा प्रतिष्ठानका संरक्षक तथा मृतकका बाबु सुरेन्द्रजंग कार्कीले जानकारी गराउनुभयो।

साधारणसभामा शैक्षिक क्षेत्रमा योगदान पुऱ्याउने नेपाल आँखा अस्पताल र त्रिपुरेश्वरलाई सम्मान, विभिन्न विद्यालयका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको थियो।

'यशश्वीजंग बाँचिरहेका भए आज १३ वर्षका हुनेथिए, शैक्षिक गतिविधिमा सक्रिय हुन्थे र न्यु मिडियाप्रति उनको रुचि हुनेथियो, सामान्यतः आमबालबालिका र किशोर-किशोरीमा यस्तै प्रवृत्ति देखिएको छ, त्यसैले उनीप्रतिका सम्मानका लागि पनि उनका उमेरका बालबालिकाको रुचिलाई प्रवर्द्धन गर्ने काम हामीबाट हुनुपर्छ' प्रतिष्ठानका अध्यक्ष प्रकाशजंग कार्कीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सहभागी वक्ताहरुले धारणा राखे।

# शैक्षिक मेला आइतबारसम्म

काठमाडौं, (नेस)

नेपाल शैक्षिक परामर्श संघ (ई-क्यान) द्वारा आयोजित १२औं वृहत् शैक्षिक प्रदर्शनी आजसम्म चल्नेछ।

बिहीबारदेखि काठमाडौंको भृकुटीमण्डपमा आयोजित मेलामा करिब १ लाख भन्दा बढीले मेलाको अवलोकन गर्ने ई-क्यानले जनाएको छ। शनिबारसम्म ५५ हजारभन्दा बढीले मेला अवलोकन गरेको आयोजक समितिका संयोजक तथा इक्यानका सचिव दीपकराज भुसालले बताउनुभयो। 'दिनैपिच्छेजस्तो अवलोकनकर्ताको संख्या बढेको छ, एकै ठाउँबाट धेरै देशको शैक्षिक विषयमा जानकारी दिन र लिन सकिने भएकाले पनि मेलाको विशेष महत्व रहेको छ', भुसालले भन्नुभयो- 'यसअघिका वर्षभन्दा यसपालि बढी सहभागी आउने अपेक्षा गरेका छौं।'

शनिबार पूर्वप्रधानमन्त्री माधबकुमार नेपालले पनि मेला अवलोकन गर्नुभएको इक्यानले जनाएको छ। इक्यानका निवर्तमान अध्यक्ष प्रकाश पाण्डेले शैक्षिक परामर्शदाताहरुले इमानदारिताका साथ काम गर्दै आए पनि कहिलेकाँही अनेक आरोप लगाउने गरेकामा गुनासो गर्नुभयो। 'हामी आफ्नो पेसा र व्यवसायबाट टाढा भागेका छैनौं, सरकारले मापदण्ड बनाएर नियमन गरे झन् बढी खुसी हुन्छौं' -पाण्डेले भन्नुभयो।

इक्यानले प्रत्येक वर्ष मेला लगाउँदै आएको छ। मेलामा ३ सयभन्दा बढी स्टल रहेको ई-क्यान अध्यक्ष विष्णुहरि पाण्डेले जनाउनुभयो। ई-क्यान कोषाध्यक्ष गोबिन्द अधिकारीले धेरै देशका विश्वविद्यालयका प्रतिनिधि आएर परामर्श दिइरहेको जनाउनुभयो। संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत रक्तदान, प्राथमिक उपचारका साथै डेन्टल क्याम्पको पनि व्यवस्था गरिएको द्वितीय उपाध्यक्ष राजेन्द्र रिजालले जनाउनुभयो।

## कुरा...

मन्त्री पोखरेलले सबै योजना मन्त्रालय, विभाग, विश्वविद्यालय अनुदान आयोगलगायतका निकायको कार्यक्षेत्रभित्र पर्ने जनाउनुभएको थियो। सामुदायिक विद्यालयको गुणस्तर सुधारका निम्ति राष्ट्रिय स्तरमा अन्तर्क्रिया कार्यक्रम आयोजना गर्ने उल्लेख गरिए पनि हालसम्म शुरू हुन सकेको छैन।

पछिल्लो समय डा. गोविन्द केसीको अनसनका कारण मन्त्रीले योजनाको विषय उठान गर्न सक्नुभएको छैन। शिक्षा मन्त्रालयका प्रवक्ता वैकुण्ठप्रसाद अर्यालले मन्त्रीले सार्वजनिक गर्नुभएको अधिकांश योजना पूरा हुने चरणमा रहेको दाबी गर्नुभयो। उहाँले भन्नुभयो- 'सरोकारवाला निकायसँग छलफल गरी योजना कार्यान्वयन गर्ने तयारी गरिरहेका छौं।' मन्त्रीले सफलताका साथ पूरा गर्नुभएको योजनामध्ये भर्ना अभियान एक हो। विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार भए पनि लागू हुन सकेको छैन। कक्षा १ देखि ३ सम्म एकिकृत पाठ्यक्रम, माध्यमिक शिक्षा (कक्षा ११ र १२) मा एकल पथीय पाठ्यक्रम निर्माण भइसकेको छ। यसै वर्षदेखि लागू गर्ने तयारी गरेको एकल पथीय पाठ्यक्रम विवाद र दबाबका कारण लागू हुन सकेन।

वैशाखमा गठन गर्ने योजना गर्नुभएको उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको गठन जेठमा भयो। आयोग गठन भएको २७ दिन पुगिसक्दा पनि आयोगको सदस्यले पूर्णता पाउन सकेको छैन। २१ सदस्यीय आयोगमा प्रधानमन्त्रीको तर्फबाट २ जनाको नाम सिफारिस गर्ने भए पनि कार्यान्वयन हुन सकेको छैन। आयोगको बैठक हालसम्म बस्न नसक्नु मन्त्रीको कमजोरी हो।

'मन्त्रीले जे बोल्नुभएको थियो त्यो पूरा भएको छैन, कतातिर रुमलिरहनु भएको छ, बुझ्न सकिएको छैन' -मन्त्रालयका एक उच्च अधिकारीले नेपाल समाचारपत्रसंग भने। 'हर्षका साथ कार्ययोजना सार्वजनिक गर्ने मन्त्रीले आफूले बोलेको कुरा पूरा भएको भए शिक्षा र विज्ञानप्रविधिको क्षेत्रमा धेरै परिवर्तन हुने थियो' -ती अधिकारीले भने। मन्त्रीले पारमाणिक पदार्थसम्बन्धी विधेयक मन्त्री परिषद्मा पेश गर्नुभएको छ। अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आईएईए) अन्तर्गत क्षेत्रीय सहयोग सम्झौता (आरसीए), हरेक कर्मचारीको स्पष्ट कार्यविवरण तयार गरी टाइम अन टाक्समा आबद्ध गर्ने व्यवस्थाको मस्यौदा मात्र तयार भएको छ।

सूचना र सञ्चार प्रविधिको उपयोगका निम्ति दूरसंचार प्राधिकरणको समन्वयमा विद्यालयमा इन्टरनेट पहुँचको विस्तार कार्यको छलफल मात्र शुरू भएको छ। सार्वजनिक शिक्षामा रूपान्तरणको निम्ति सामुदायिक विद्यालय सुधार प्रारूप (सीएसआईएफ) तयार भएको छ। शिक्षक सेवा आयोगले शिक्षकको विज्ञता परीक्षणका लागि साधन विकास, सार्वजनिक निजी साझेदारीअन्तर्गत संस्थागत विद्यालयले हरेक १० जना विद्यार्थीबराबर १ जना विपन्न तथा गरिब विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गर्ने कामको शुरूआत भएको छ।

मन्त्रालय र अन्तर्गत निकायहरूको अन्तरिम संगठन तथा व्यवस्थापन सर्वेक्षण र सांगठनिक पुनर्संरचनाको मस्यौदा तयारी भएको छ। प्राविधिक तथा व्यवसायिक शिक्षा एवं तालिमका क्षेत्रमा सुशासन कायम गर्न रणनीति तयार गर्ने क्रममा रहेको छ, प्राडा. त्रिरत्न मानन्धरको संयोजकत्वमा गठित समितिले विश्वविद्यालयहरूको वर्गीकरण गरेको प्रतिवेदन मन्त्रीलाई बुझाएको छ, उच्च शिक्षा अध्ययनका लागि सहुलियतपूर्ण शैक्षिक ऋण कार्यक्रमको कार्यविधि तयार भएको छ। मन्त्रीज्यूले सार्वजनिक गर्नुभएको अधिकांश योजना तत्काल लागू गर्न सघन रूपमा गृहकार्य भइरहेको प्रवक्ता अर्यालको भनाइ छ। अधिकांश योजनाको मस्यौदा तयार भए पनि लागू हुन सकेको छैन।

## सरकार...

डा. केसीको मागलाई जनताका मागका रूपमा लिन आग्रह गर्दै उहाँले यो सभामा बोलेर सरकारको विरोध गरेको नभई डा. केसीका सही मागको पक्ष लिएको बताउनुभयो। उहाँले यो डा. केसीको एक्लो माग नभएर आमजनताको माग भएकाले तत्काल पूरा गर्न सरकारसँग आग्रह गर्नुभयो।

साहित्यकार खगेन्द्र संग्रौलाले डा. केसीको माग आमजनताको माग हो भन्ने बुझेर पनि सरकारले नबुझै गरिरहेको आरोप लगाउनुभयो। केपी ओली र प्रचण्डको शैली राजा ज्ञानेन्द्रको भन्दा फरक नरहेको टिप्पणी गर्दै उहाँले डा. केसीलाई सरकारले अपराधीको जस्तै व्यवहार नगर्न चेतावनी दिनुभयो।

सरकारले बिहीबार कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान् जुम्ला अस्पतालमा लाठीचार्ज, अश्रुग्याँस तथा गोली प्रहार गरेकोप्रति कटाक्ष गर्दै साहित्यकार संग्रौलाले भन्नुभयो- 'अस्पतालबाट अपहरण शैलीमा डा. केसीलाई काठमाडौं ल्याइन्छ। काठमाडौं ल्याएपछि मागको विषयमा कुनै पनि चासो दिइँदैन। उहाँको आन्दोलनलाई कांग्रेसको आन्दोलन भनेर बिल्ला लगाउनु दुःखद् कुरा हो।'

'हामी कुनै पार्टीको बिल्ला भिरेका व्यक्ति होइनौं। के सही र सत्य कुराको उजागर गरेर जनताको पक्षमा शान्तिपूर्ण रूपमा लडाइँ लडिरहनुभएका डा. केसीको मृत्युको चाहेको' -उहाँले प्रतिप्रश्न गर्नुभयो।

अभिनेत्री मनिषा कोइरालाले पनि आन्दोलनमा ऐक्यबद्धता जनाउनुभएको थियो। उहाँ माइतीघर मण्डलादेखि बानेश्वरसम्म जारी ऱ्यालीमा 'म डा. केसी' लेखिएको ब्यानर समाउँदै अग्रपंक्तिमा हिँड्नुभएको थियो।

यसैबीच सोही सभा चलिरहेको बेला नजिकै तरुण दलद्वारा आयोजित अर्को कार्यक्रममाथि प्रहरीले लाठीचार्ज र अश्रुग्याँस प्रहार गरेको थियो। त्यति नै बेला अभिनेत्री कोइराला बोलिरहनुभएको थियो। उहाँको आँखामा अश्रु ग्यास परेपछि सभाबाट बाहिरिनुभएको थियो। उहाँले तत्कालै ट्वीटरमा ट्विट गर्दै डा. केसीको माग पूरा गर्न माथेमा कार्यदलको प्रतिवेदन लागू गर्नुपर्ने उल्लेख गर्नुभएको छ। अभिनेत्री कोइरालाले माथेमा कार्यदलले दिएको प्रतिवेदन लागू गर्नु नै एक मात्र तार्किक समाधानको उत्तम विकल्प भएको उल्लेख गर्नुभएको छ।

अभिनेत्री कोइराला बाहिरिएलगत्तै मानवअधिकारवादी नेता कृष्ण पहाडी बोल्न थाल्नुभयो। त्यही बेला प्रहरीले लाठी प्रहारसमेत गऱ्यो। प्रहरीको सो कदमपछि प्रदर्शनकारीले पनि ढुंगा प्रहार गरेका थिए। दोहोरो झडपमा केही प्रदर्शनकारी र प्रहरी घाइते भएका छन्। घाइते हुनेमा २ जना डीएसपीसहित ११ प्रहरी घाइते भएको प्रहरीले जनाएको छ। यस्तै तरुण दलका ४ दर्जन भन्दा बढी कार्यकर्ता घाइते भएको तरुण दलले विज्ञप्तिमार्फत जनाएको छ। घाइतेहरूको निजामती अस्पताल बानेश्वरमा उपचार गरिएको थियो। घाइतेलाई नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र नेता रामचन्द्र पौडेलले तत्कालै भेटेर स्वास्थ्य अवस्थाबारे जानकारी लिएका थिए।

यसैबीच नेकपा (क्रान्तिकारी माओवादी) का अध्यक्ष मोहन वैद्य किरणले शनिबार त्रिवि शिक्षण अस्पताल पुगी डा. गोविन्द केसीलाई भेट्नुभएको छ।

## बिनासर्त...

चिकित्सा शिक्षा विधेयक फिर्ता नभएसम्म वार्तामा नबस्ने डा. केसी पक्षको टोलीको अडानका कारण वार्ताले गति लिन नसकेको विज्ञप्तिमा जनाइएको छ।

डा. केसीको जीवन रक्षाका लागि काठमाडौं ल्याइएको जानकारी गराउँदै विज्ञप्तिमा भनिएको छ- 'डा. केसीका माग वार्तामार्फत् नै सम्बोधन गर्न सकिने कुरामा विश्वस्त छ र डा. केसी पक्षलाई निःशर्त वार्तामा आउन आह्वान गर्दछ।'

असार ३२ गते सरकारद्वारा गठित वार्ता टोलीले ३ पटकसम्म वार्ता गर्दासमेत समस्या समाधान हुन सकेको छैन।

यसैबीच गृहमन्त्री रामबहादुर थापा बादलले जनकपुर विमानस्थलमा पत्रकारसँगको कुराकानीमा डा. केसीको माग लोकतान्त्रिक प्रक्रियाबाट समाधान गरिने बताउनुभएको छ।

## देउवा...

सो अवसरमा सभापति देउवाले आफ्नो सरकारको पालामा जारी गरिएको चिकित्सा शिक्षा अध्यादेश नै केसीको मागको समाधानको उपाय भएकाले उहाँसँग तत्काल वार्ता गर्न सुझाव दिनुभएको थियो।

## पहिरोमा...

जिल्ला प्रशासन कार्यालय बझाङले भने घटना भएको जानकारी प्राप्त भए पनि घटनास्थलबाट प्रहरीको आधिकारिक खबर प्राप्त हुन नसकेको जनाएको छ। बझाङका प्रमुख जिल्ला अधिकारी प्रेमसिंह कुँवरले घटनास्थल पुग्न प्रहरीलाई ४ घण्टा पैदल हिँड्नुपर्ने भएकाले घटनाको थप जानकारी प्राप्त हुन नसकेको बताउनुभयो।


**सूर्यविनायक नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
कटुन्जे भक्तपुर
३ नं. प्रदेश, नेपाल

**आन्तरिक आय तर्फको शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना**

**(पथम पटक प्रकाशित मिति २०७५/०४/०५)**

स्थानीय सरकार संचालन ऐन,२०७४, सूर्यविनायक नगर पालिकाको आन्तरिक आय संकलन कार्यविधि र यस नगरपालिकाको राजस्व परामर्श समिति सिफारिस एवं कार्यालयको निर्णयानुसार देहायको शिर्षकमा राजस्व असुली सम्बन्धी काम आ.व. २०७५/७६देखी आ.व.७६।७७ सम्मको लागि ठेक्काद्धारा गराउन यो सूचना प्रकाशित गरिएको छ। कानूनी प्रक्रिया पूरा गरेका इच्छुक फर्महरुले बोलपत्र/दरभाउ पत्र खरिद गरी यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन कार्यालय समय भित्र बोलपत्र फारम खरिद गरी ३१ औं दिन १२ बजे भित्र बोलपत्र यस कार्यालयमा पेश गरिसक्नुपर्नेछ । अन्य थप जानकारीका लागि कार्यालय समयभित्र नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। फारम खरिद गर्ने वा दाखिला गर्ने अन्तिम मितिमा विदा परेमा सोको भोलीपल्ट उक्त कार्य हुनेछ।

**ठेक्का विवरण**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७/२०७५/७६ | नगरपालिका क्षेत्र भित्र रहने विज्ञापनहरुको कर संकलन, आकाशे पुलको आधा भागमा विज्ञापन , सडकका पोलहरुमा विज्ञापन सम्बन्धि कार्य र अन्य स्थानमा भएको विज्ञापनको तोकिएको दर बमोजिम संकलन गर्ने कार्य। | सूर्यविनायक नगरपालिका क्षेत्र | विज्ञापन कर निर्देशिका २०७४ को प्रावधान एवं नगर सभाले तोके बमोजिम को साईज र दररेटमा विज्ञापन कर असुली गर्ने | ३२,००,०००।- प्रतिवर्ष वत्तिस लाख (२ वर्षका लागि) | ३००० | प्रति वर्ष १० प्रतिशत र कम थप हुने |

धरौटी बापत कबोल गरेको अङ्कको ५ प्रतिशत रकम यस कार्यालयको कमलविनायक स्थित नेपाल बैंक लि.को खाता नं. ग-३-०१९०३००००००००३००००४४ मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको बैंक जमानत (बिड बण्डको सक्कल प्रति) बोलपत्रसाथ संलग्न गरी पेश गर्नुपर्नेछ। धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ।

यस सम्बन्धि विस्तृत विवरण नगरपालिकाको वेब साईट(www.suryabinayakmun.gov.np) एवं कार्यालयको सूचना पाटीमा टाँस गरिएको सूचनाबाट प्राप्त गर्न सकिने छ।



# अर्थ

परियोजनाले पेट्रोलियम पदार्थको अन्वेषण तथा उत्खनन् गर्ने अन्तर्राष्ट्रिय कम्पनीलाई नेपालमा पेट्रोलियम पदार्थ रहेको पुष्टि गर्न अध्ययनका रिपोर्ट, माटो, च ानको प्रकृति रिपोर्टलगायतका तथ्यांक अघि सारिने छ। अन्वेषणमा आएका कम्पनीले बलियो आधार देखेर मात्र लगानी गर्छ, त्यसका लागि परियोजानले सबै खाले वातावरण र त्यसताका आधार तयार पारिसकेको जनाएको छ।

# पेट्रोलियम पदार्थको अन्वेषण तथा उत्खनन गर्न चिनियाँ टोली कहिले आउने टुंगो छैन

**दीपेन्द्र थापा , काठमाडौं**

पेट्रोलियम पदार्थ अन्वेषण तथा उत्खनन् गर्नको लागि आउने भनिएको चिनियाँ टोलीले तत्काल नआउने भएको छ। गत मार्च महिनामै चिनियाँ टोली नेपाल आउने भनिएको भए पनि कहिले आउने भन्ने अझै छैन्।

जियोलोजिकल अफ चाइनाको टोली सन् २०१८ भित्रै आउने अनुमान गरिएको खानी तथा भूर्गभ विभागले जनाएको छ। टोलीले नेपालमा विस्तृत अध्ययन गरी पेट्रोलियम पदार्थको अवस्थितिका बारेमा निचोड निकाल्ने पेट्रोलियम अन्वेषण परियोजनाका प्रमुख सुधीर रजौरेले **नेपाल समाचारपत्र**लाई बताउनुभयो। दुई वर्ष अघि भएको सम्झौता अनुरुप गत वर्ष चिनीयाँ टोली आएर प्रारम्भिक अध्ययन गरेर फर्किएको थियो।

नेपालमा पेट्रोलियम पदार्थको सम्भावयता छ भन्नेमा कुनै दुई मत छैन तर कहाँ, कति, कुन तहमा रहेको छ भन्ने बरेमा भने अन्वेषणपछि नै थाहा हुने परियोजना प्रमुख रजौरेले बताउनुभयो। चिनियाँ टोलीले चुरे र तराईको क्षेत्रमा रहेको पेट्रोलियम अन्वेषण प्रक्रिया अगाडि बढाउनेछ। टोलीले अन्वेषण र उत्खनन् व्यावसायिक उत्पादनको सम्भाव्यता बारेमा बाटो खोल्ने छ। चिनियाँ टोलीले कुन ठाउँबाट अन्वेषण र उत्खनन्को काम गर्नेछ भन्ने बारेमा केही जानकारी छैन। देशभरका १० वटा पेट्रोलियम अन्वेषण ब्लक रहेका छन्। चिनियाँ टोलीले काम गर्ने निधो भएपछि बाँकी ब्लकका लागि ग्लोबल टेण्डर गर्ने तयारी रहेको परियोजना प्रमुख रजौरेले जानकारी दिनुभयो।

परियोजनाले ग्लोबल टेन्डरको लागि सबै प्रक्रिया पूरा गरिसकेको भए पनि हाल त्यसलाई यथास्थितिमा राखेको छ। पेट्रोलियम पदार्थ रहेको अनुमान गरिएका १० ब्लकमा परियोजनाले अन्वेषणको प्रक्रिया थालेको थियो। एउटा ब्लकको अन्वेषण गर्नका लागि करिब ४ अर्ब लाग्ने अनुमान गरिएको छ। पहिलो चरणमा ३/४ वटा खानीको अन्वेषण गर्ने परियोजनाको लक्ष्य रहेको छ। चिनियाँ टोलीले पूर्व वा पश्चिम कताबाट अन्वेषण गर्न भन्ने जानकारी परियोजनालाई छैन।

रजौरेका अनुसार पेट्रोलियम नियमावलीले नेपाल सरकारलाई १२ दशमलव ५ प्रतिशत रोयल्टी ग्यारेन्टी गरेको छ। सबैभन्दा धेरै

चिनियाँ टोलीले कुन ठाउँबाट अन्वेषण र उत्खनन्को काम गर्नेछ भन्ने बारेमा केही जानकारी छैन। देशभरका १० वटा पेट्रोलियम अन्वेषण ब्लक रहेका छन्। चिनियाँ टोलीले काम गर्ने निधो भएपछि बाँकी ब्लकका लागि ग्लोबल टेन्डर गर्ने तयारी रहेको पेट्रोलियम अन्वेषण परियोजनाका प्रमुख सुधीर रजौरेले जानकारी दिनुभयो।

प्रतिशत आम्दानीको हिस्सा सरकारलाई दिने अन्तर्राष्ट्रिय कम्पनीलाई अन्वेषण र उत्खनन्को जिम्मेवारी दिने व्यवस्था रहेको छ। उहाँका अनुसार सम्भावित पेट्रोलियमको अन्वेषण र उत्खनन्मा सरकारलाई कुनै पनि आर्थिक दायित्व पर्ने छैन। 'हामीले शून्य लगानीमा अधिकतम प्रतिफल दिने कम्पनीलाई ठेक्का दिने हो, पेट्रोलियम पदार्थ फेला पर्‍यो भने आम्दानी बाँडफाँड हुन्छ नत्र कम्पनी खाली हात फर्किन्छ,' रजौरेले भन्नुभयो।

पेट्रोलियम पदार्थ रहेको आधारमा १० ब्लकहरू क्रमशः धनगढी, कर्णाली, नेपालगन्ज, लुम्बिनी, चितवन, वीरगन्ज, मलंगवा, जनकपुर, राजविराज र विराटनगरकालाई १० देखि १० नम्बर ब्लकका रुपमा नामाकरण गरिएको छ। गत वर्ष चीन सरकारको स्वामित्वमा रहेको चाइना जिओलोजिकल सर्भेको प्राविधिक टोलीले सुर्खेत-दैलेख, बुटवल-पाल्पा र चतरा-बराह क्षेत्रमा रहेका पेट्रोलियम खानीहरूको प्रारम्भिक अध्ययन गरेको थियो। उनीहरूले नेपालमा पेट्रोलियम पदार्थ रहेको प्रारम्भिक प्रतिवेदन तयार पारेको अनौपचारिक जानकारी सरकारलाई पठाएका थियो तर हालसम्म पनि औपचारिक प्रतिवेदन भने अझै पठाएको छैन।

परियोजनाले पेट्रोलियम पदार्थको अन्वेषण तथा उत्खनन् गर्ने अन्तर्राष्ट्रिय कम्पनीलाई नेपालमा पेट्रोलियम पदार्थ रहेको पुष्टि गर्न अध्ययनका रिपोर्ट, माटो, चट्टानको प्रकृति रिपोर्टलगायतका तथ्यांक अघि सारिने छ। अन्वेषणमा आएका कम्पनीले बलियो आधार देखेर मात्र लगानी गर्छ, त्यसका लागि परियोजानले सबै खाले वातावरण र त्यसताका आधार तयार पारिसकेको जनाएको छ। सरकारले हालै प्रस्तुत गरेको बजेटमा समेत पेट्रोलियम अन्वेषण गर्ने भनेर घोषणा गरेको छ। देशमा रहेका खनिज सम्पदाको दिगो र यथोचित उपयोग गरेर मुलुकको अर्थतन्त्रलाई चलायमान बनाउन भन्दै सरकारले गत साउनमा राष्ट्रिय खनिज नीति पारित गरेको छ।

उक्त नीतिमा खनिज तथा पेट्रोलियम उत्खनन्लाई प्राथमिकतामा राखेको छ। नेपाल मेटल कम्पनी लिमिटेड (गणेश हिमालजस्ता सिसा परियोजना)का लेखा अधिकृत हरिप्रसाद घिमिरेका अनुसार उद्योग सञ्चालनका लागि नेपालमा दर्ता भएको चिनियाँ कम्पनीले इच्छा देखाएको छ, सोही अनुरुप उद्योग मन्त्रालयले काम अगाडि बढाएको जानकारी दिनुभयो।


हिमाल स्टील आजको भाउ
ज्योति

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ९३.८५ | ९२.३५ | ९४.८५ | ९४.३५ | ९०.८५ | ९३.३५ | ९३.१५ | १०२.७२ |
| वीरगंज | ९१.९५ | ९०.४५ | ९२.९४ | ९२.४५ | ८८.९५ | ९१.४४ | ९१.२५ | १००.९२ |
| विराटनगर | ९२.४५ | ९०.९५ | ९३.४४ | ९२.९५ | ८९.४५ | ९१.९४ | ९१.७५ | १०१.५२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला। तौलमा हुक र चुरा समावेश छ।

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ९११०० | ८८१०० | ९११०० | ९११०० |
| सिमरा, बिरगंज, कलैया | ८९१४० | ८६१४० | ८९१४० | ८९१४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ९०१४० | ८७१४० | ९०१४० | ९०१४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ९११९५ | ८८१९५ | ९११९५ | ९११९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ९०११० | ८७११० | ९०११० | ९०११० |
| पोखरा, स्याङ्जा | ९०१६० | ८७१६० | ९०१६० | ९०१६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ।
JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड।


## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७५ साउन ६, जुलाई २२, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | १०९।८५ | ११०।४५ |
| युरो १ को रू. | १२८।०३ | १२८।७३ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४३।२९ | १४४।०७ |
| स्विस फ्रन्क १ को रू. | ११०।०८ | ११०।६८ |
| अस्ट्रलियन डलर १ को रू. | ८०।९८ | ८१।४२ |
| क्यानाडियन डलर १ को रू. | ८२।९८ | ८३।४४ |
| सिङ्गापुर डलर १ को रू. | ८०।२५ | ८०।६९ |
| जापानी यन १० को रू. | ९।७८ | ९।८३ |
| चिनियाँ युआन १ को रू. | १६।१८ | १६।२६ |
| साउदी अरब रियाल १ को रू. | २९।२९ | २९।४५ |
| कतारी रियाल १ को रू. | ३०।१७ | ३०।३४ |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ को रू. | ३।२८ | ३।३० |
| सं. अरब इमिरट दिराम १ को रू. | २९।९१ | ३०।०७ |
| मलसियन रिङ्गिट १ को रू. | २७।०५ | २७।१९ |
| दक्षिण कारियन वन १०० को रू. | ९।६८ | ९।७३ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।३४ |
| डेनिस क्रानर १ का रू. | १७।१८ |
| हङकङ डलर १ का रू. | १४।०० |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# पौने ४ अर्ब विकास बजेट फ्रिज

**विमल विष्ट, डोटी**

प्रदेश नम्बर ७ मा विकास निर्माणका योजनामा उल्लेख्य प्रगति हुन नसक्दा पौने ४ अर्ब बराबरको विकास बजेट फ्रिज गएको छ। आर्थिक वर्ष २०७४/७५ मा प्रदेश ७ को कुल विकास बजेटको ८२ प्रतिशत मात्र खर्च भएको छ भने १८ प्रतिशत बजेट फ्रिज गएको हो।

सबैभन्दा बढी विकास बजेट रहेको कैलाली र कञ्चनपुरमा मात्रै डेढ अर्ब रुपियाँभन्दा बढी बजेट फ्रिज गएको छ। आर्थिक वर्ष २०७४/७५ का लागि प्रदेश नम्बर ७ को कुल पुँजीगत बजेट २० अर्ब ४४ करोड ७४ लाख रहेकोमा १६ अर्ब ७० करोड ४० लाख मात्र खर्च भएको छ। कुल विकास बजेटमध्ये ३ अर्ब ७४ करोड ३४ लाख अर्थात १८ प्रतिशत बजेट भने फ्रिज गएको छ। प्रदेशमै सबैभन्दा बढी विकास बजेट रहेका कैलाली र कञ्चनपुरले मात्र फ्रिज बजेटको झन्डै आधा हिस्सा ओगटेको छ।

६ अर्ब १४ करोड कुल बजेट रहेको कैलालीमा ५ अर्ब २६ करोड खर्च हुँदा ८८ करोड ८३ लाख र ४ अर्ब ९५ करोड कुल बजेट रहेको कञ्चनपुरमा ४ अर्ब २६ करोड खर्च हुँदा ६८ करोड ५८ लाख बजेट गरी १ अर्ब ५६ करोड फ्रिज गएको हो। कैलालीमा सबैभन्दा बढि मोहनापुल अत्तरिया सडक योजनाको २३ करोड र क्षेत्रीय शहरी विकास आयोजनाको २१ करोड बजेट फ्रिज गएको कोष तथा लेखा नियन्त्रण कार्यालयले जनाएको छ। ठूला विकास निर्माणका योजनामा उल्लेख्य प्रगति हुन नसक्दा आशा गरेअनुसार पुँजीगत बजेट खर्च हुन नसकेको बताइएको छ।

तराईका जिल्लामा अर्बौं रकम फ्रिज हुँदा पहाडी जिल्लामा पनि पुँजीगत बजेट खर्चको अवस्था उत्साजनक छैन। ७ पहाडी जिल्लामध्ये सबैभन्दा बढी २ अर्ब २३ करोड १५ लाख विकास बजेट रहेको बैतडीमा ८३ प्रतिशत अर्थात १ अर्ब ८५ करोड ५३ लाख खर्च हुँदा ३७ करोड ६३ लाख बजेट फ्रिज गएको छ।

त्यस्तै २ अर्ब २ करोड ४४ लाख बजेट रहेको डोटीमा १ अर्ब ६४ करोड ४७ लाख अर्थात ८१ प्रतिशत, १ अर्ब ३७ करोड १२ लाख बजेट रहेको अछाममा ९२ करोड ८७ लाख अर्थात ६७ प्रतिशत बजेट मात्र खर्च भएको छ।

यस्तै दार्चुलामा १ अर्ब २३ करोड २४ लाख बजेट रहेकोमा १ अर्ब १४ करोड ५० लाख अर्थात ९२ प्रतिशत, ६४ करोड ६८ लाख बजेट रहेको डडेल्धुरामा ५५ करोड ९३ लाख अर्थात ८६ प्रतिशत बजेट खर्च भएको छ भने ८३ करोड वार्षिक बजेट रहेको बझाङमा ५९ करोड अर्थात ८२ प्रतिशत र ६० करोड बजेट रहेको बाजुरामा ४४ करोड मात्र खर्च भएको छ। ७ पहाडी जिल्लाबाट मात्र २ अर्ब १८ करोड बजेट फ्रिज गएको हो।

पहाडी जिल्लामा पनि पुँजीगत खर्चको प्रगतिका बाधक भौतिक पूर्वाधारका योजना नै देखिएको बिज्ञहरूको दाबी छ। तराईका दुई जिल्लामा ठूला विकास निर्माणका योजनाको प्रगति निराशाजनक भएका कारण विकास बजेट फ्रिज गएको हो भने पहाडी जिल्लामा पनि विकासका योजनाको प्रगति आशा गरिए रुपमा अगाडि बढ्न नसक्दा रकम फ्रिज गएको सरकारी अधिकारीको भनाइ छ।

# तारा एयरको नयाँ ट्विनअटर विमान आयो



काठमाडौं, (नेस)

तारा एयर प्रालिले नयाँ ट्विनअटर विमान भित्र्याएको छ। सो विमान सेसेयल्स, माल्दिभ्स, भारत हुँदै काठमाडौं अवतरण गरेको हो। सो नयाँ विमान भाई किङ ४०० श्रृंखलाको हो। भाईकिङ ४०० श्रृंखलाका यी ट्विनअटर वायु यान सजिलै नेपालका चुनौतीपूर्ण विमानस्थलहरू जस्तै लुक्ला, डोल्पा, तथा रारामा उडान भर्न सक्षम रहेको कम्पनीको दाबी छ।

सबै जाँचपछि परीक्षण उडानसमेत सम्पन्नपछि सो विमानलाई नेपाल नागरिक उड्डयन प्राधिकरणद्वारा ९ एन-एएलओ दर्ता नम्बर प्रदान गरेको छ। नयाँ वायुयान थप भएबाट नेपालको सन् २०२०सम्ममा २० लाख पर्यटक भित्र्याउने लक्ष्यमा तारा एयरले समेत महत्त्वपूर्ण योगदान पुर्‍याउन सक्ने कम्पनीको विश्वास छ।

चालक दलमा वरिष्ठ क्याप्टेन प्रभाकरप्रसाद घिमिरे, वरिष्ठ क्याप्टेन पवनसिंह नगरकोटी तथा प्राविधिक सहयोगार्थ इन्जिनियर जगत लामा रहेका छन्। चालक दलका साथ नेपाल नागरिक उडड्यन प्राधिकरणका तर्फबाट इन्जिनियर विधान श्रेष्ठ रहेका थिए।

# ४२ प्रतिशत रकम असारमा मात्रै खर्च

**यमलाल भुसाल, बुटवल**

प्रदेश नम्बर ५ को राजधानी रहेको रुपन्देही जिल्लामा आर्थिक वर्ष २०७४/७५को कुल पुँजी गततर्फको ४२ प्रतिशत रकम असार महिनामा मात्रै खर्च भएको देखिएको छ। कोष तथा लेखा नियन्त्रण कार्यालय रुपन्देहीले दिएको तथ्यांकअनुसार रुपन्देहीमा २ अर्ब ८० करोड ४७ लाख १ हजार ७ सय ९८ रुपियाँ अर्थात करिब ४२ प्रतिशत रकम असार महिनामा मात्र खर्च भएको छ।

जिल्लामा गत आर्थिक वर्षको असारमा मात्रै सडक डिभिजन कार्यालयले १ अर्ब ३० करोड ६३ लाख ९ सय ९९ रुपियाँ पुँजीगत खर्च गरेको छ। यसरी वर्षभरी काम नगर्ने तर आर्थिक वर्ष अन्त्य हुने बेलामा बजेट खर्च गर्नुपर्ने परिपाटी यस वर्ष पनि जिल्लामा दोहोरिएको छ।

रुपन्देहीमा सडक डिभिजनले मात्र होइन हरेक विकास आयोजनाका लागि खोलिएका सरकारी कार्यालयले करोडौंको बजेट आर्थिक वर्षको अन्त्य असारमै खर्च गरेका छन्। असारमा गरिने विकासका कार्य बजेट सक्ने चलखेलको रुपमा हेरिन्छ र झरी पर्ने हुनाले असारमा हुने विकासका काम गुणस्तर भएको पाइँदैन।

आर्थिक वर्ष २०७४/७५ मा रुपन्देही जिल्लामा कुल २१ अर्ब ८२ करोड १० लाख ७३ हजार ६७ रुपियाँ जम्मा अख्तियारी भएको थियो। जसमध्ये चालूतर्फ १३ अर्ब ७९ करोड १४ लाख ६ हजार ७ सय ६७ रुपियाँ र पुँजीगततर्फ ८ अर्ब २ करोड ९६ लाख ६६ हजार ३ सय रुपियाँ रहेको छ।

त्यसै गरी यस आर्थिक वर्षमा राजस्व संकलन ९० अर्ब ३६ करोड ६५ लाख २५ हजार ८ सय ६२ रुपियाँ रहेको छ। राजस्व संकलन गत वर्षभन्दा १३.१८ प्रतिशतले वृद्धि भएको हो। गत आर्थिक वर्षमा राजस्व संकलन ७९ अर्ब ८३ करोड ६९ लाख ६७ हजार ५ सय ७९ रहेको जानकारी प्रमुख कोष निरीक्षक मोतिप्रसाद भुसालले बताउनुभयो।

कोष तथा लेखा नियन्त्रण कार्यालय दिएको तथ्याङ्कले रुपन्देहीमा शहरी विकास तथा भवन विभाग डिभिजन कार्यालयले ४० करोड ७ लाख ६४ हजार ८० रुपियाँ, लुम्बिनी परिक्रमा बर्दघाट पालडाँडा त्रिवेणी सडक योजनाले २५ करोड ९९ लाख ३ सय २९ रुपियाँ, व्यापारिक मार्ग विस्तार आयोजना (बेलहिया-बुटवल सडक) ले २४ करोड ६८ लाख ७९ हजार ६ सय ५२ रुपियाँ, पश्चिमाञ्चल सिंचाइ विकास डिभिजन नम्बर ६ ले १२ करोड ९१ लाख ६३ हजार ७ सय ५९ रुपियाँ र खानेपानी तथा सरसफाई डिभिजन कार्यालयले १० करोड ७१ लाख १३ हजार ४ सय ५५ रुपियाँ पुँजी गत खर्च असारमै गरेका छन्।



# बूढीगण्डकीका निम्ति इन्धनबाट २२ अर्ब जम्मा

काठमाडौं, (नेस)

बूढीगण्डकी जलविद्युत् आयोजना निर्माणका निम्ति स्रोत जुटाउन सरकारले पेट्रोलियम पदार्थमा लगाएको पूर्वाधार करबाट आर्थिक वर्ष २०७४/७५ सम्ममा करिब २२ अर्ब रुपियाँ जम्मा भएको छ। अघिल्लो आर्थिक वर्षमा १ अर्ब ४२ करोड रहेको थियो। नेपाल आयल निगमका अनुसार आर्थिक वर्ष २०७४/७५ मा मात्रै १२ अर्ब ५८ करोड रुपियाँ जम्मा भएको जनाएको छ। नेपालमा प्रत्येक वर्ष २० प्रतिशतसम्म इधनको माग बढिरहेको सन्दर्भमा चालू आवमा अझै बढी रकम जम्मा हुने संकेत देखिएको छ।

उक्त आयोजना स्वदेशी लगानीबाट निर्माण गर्न सरकारले पेट्रोलियम इन्धनमा लगाउँदै आएको ५ रुपियाँ प्रतिलिटरको पूर्वाधार र कार्बन करलाई बलियो आधारका रुपमा लिइएको छ।

बूढीगण्डकी जलाशययुक्त आयोजना निर्माणका लागि वार्षिक रूपमा बजेट विनियोजन गर्ने तथा पेट्रोलियम इन्धनमा लगाइने र कार्बन करसमेतलाई स्वदेशी स्रोत सम्भाव्यताको प्रमुख आधार मानिएको छ। यसका साथै सरकारले पेट्रोलियम पदार्थमा भन्सार शुल्क, प्रज्ञापन पत्र शुल्क, सडक मर्मत सम्भार शुल्क, प्रदूषण शुल्क मूल्य अभि वृद्धि कर लिँदै आएको थियो। यसकारण निगमले भारतमा किनेको मूल्य दरभन्दा दोब्बर बढी मूल्यमा उपभोक्तालाई पेट्रोलियम पदार्थ बेच्दै आएको छ।

{ आन्तरिक राजस्व विभागले गत आर्थिक वर्षमा मूल्य अभिवृद्धि करबाट ७६ अर्ब, आयकरबाट १ खर्ब ३८ अर्ब, अन्त:शुल्कबाट ६० अर्ब ३९ करोड राजस्व संकलन गरेको छ। सरकारले सो अवधिमा ब्याजकरबाट १४ अर्ब ९२ करोड राजस्व संकलन गरेको छ।




# कमोडिटी बजार सञ्चालनका लागि ५ कम्पनीको आवेदन

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाल स्टक एक्सचेन्ज (नेप्से) मार्फत् वस्तु विनिमय बजार (कमोडिटी मार्केट) सञ्चालन गर्नका लागि ५ वटा कम्पनीको आवेदन परेको छ।

नेपाल धितोपत्र बोर्डले कमोडिटी मार्केट सञ्चालनका लागि अनुमति लिन गत आर्थिक वर्षभित्र आवेदन माग गरेकामा नेपाल कमोडिटी एक्सचेन्ज, मल्टी डेरिभेटिभ एक्सचेन्ज लिमिटेड, नेपाल मर्कान्टाइल एक्सचेन्ज, कमोडिटी फ्युचर एक्सचेन्ज र राइजल कमोडिटी एन्ड डेरिभेटिभ एक्सचेन्ज लिमिटेडले अनुमतिका लागि बोर्डमा आवेदन दिएका हुन्। पुँजी बजारमा वस्तु विनिमय बजारको प्रवेशपछि हाल कम्पनी रजिष्ट्रारको कार्यालयबाट अनुमति लिएर वस्तु बजार सञ्चालन गर्दै आएका कम्पनीहरूले उक्त कारोबार गर्न पाउने छैनन्। वस्तु विनिमय बजार सञ्चालन अनुमतिका लागि आवेदन परेका कम्पनीको कागजात अध्ययन गरी वस्तु विनिमय बजार सम्बन्धी ऐन, नियमावली तथा अन्य प्रकृया पुगे नपुगेको विश्लेषणपछि मात्र अनुमतिपत्र दिइने धितोपत्र बोर्डले जनाएको छ। वस्तु विनियम बजार सञ्चालन गर्ने कम्पनीको चुक्ता पुँजी ५० करोड रुपियाँ निर्धारण गरिएको छ भने त्यस्ता कम्पनीहरूले बजार सञ्चालन अनुमति पाएको ६ महिनाभित्र कारोबार सञ्चालन गरिसक्नुपर्ने कानुनी व्यवस्था रहेको छ।

नेपाल धितोपत्र बोर्ड र नेपाल स्टक एक्सचेन्जसँग रहेको हालको मानव संशाधन, प्रविधि र भौतिक संरचना डेरिभेटिभ मार्केटका पर्याप्त भए पनि कमोडिटी मार्केटका लागि भने थप व्यवस्था गर्नुपर्ने आवश्यक रहेको बताइएको छ। कमोडिटी मार्केट पनि पुँजी बजारमा भित्रिएपछि त्यस्तो कारोबार गर्ने ब्रोकर कम्पनीहरूले डिलरको समेत काम गर्नुपर्ने देखिन्छ।

# सातामा ६ दशमलव ७० अंकले घट्यो नेप्से

काठमाडौं, (नेस)

चालू आर्थिक वर्षको पहिलो साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा ६ दशमलव ७० अंकले घटेर अन्तिम दिन १ हजार १ सय ९३ दशमलव ३९ अंकमा पुगेको छ।

साताभर नेपाल स्टक एक्सचेन्जमा १ सय ८६ कम्पनीको कारोबार भएको छ। जसअनुसार १५ हजार १ सय २८ कारोबारबाट १ अर्ब ४५ करोड ५१ लाख ५७ हजार रुपियाँ बराबरका ४७ लाख ५४ हजार ५ सय २० कित्ता शेयर खरिद बिक्री भएका छन्। कारोबार रकम गत साताको भन्दा ३१ दशमलव ३२ प्रतिशत कम हो। गत साता १ सय ९१ कम्पनीको कारोबार भएको थियो। जसअनुसार २४ हजार ३ सय ७० कारोबारबाट २ अर्ब ११ करोड ८८ लाख ८ हजार रुपियाँ बराबरका ६१ लाख १२ हजार ३ सय ७० कित्ता शेयर खरिद बिक्री भएका थिए।

'क' वर्गका कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पहिलो दिनको तुलनामा १ दशमलव ३९ अंकले घटेर २ सय ५१ दशमलव ४२ अंकमा आइपुगेको छ। अघिल्लो साता कारोबार रकमका आधारमा प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड संस्थापक अग्रस्थानमा रहेको छ। प्राइम लाइफ संस्थापकको ३५ करोड ८० लाख १० हजार रुपियाँ बराबरको कारोबार भएको।

त्यसैगरी कारोबार भएको शेयर संख्याका आधारमा पनि १२ लाख ५२ हजार कित्ता शेयर खरिद बिक्री भई प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड संस्थापक नै अग्रस्थानमा रहेको छ। त्यसैगरी कारोबार संख्याका आधारमा ९ सय ६८ वटा कारोबारसहित नबिल बैंक लिमिटेड अग्रस्थानमा रहेको छ।

अघिल्लो साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि पाँच दिन खुला रह्यो। साताभर ऋणपत्रतर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरूको कुनै पनि कारोबार भएन। यस साता सूचिकरणतर्फ रिलायन्स फाइनान्स लिमिटेडको २० लाख ५ हजार २ सय ९७ कित्ता हकप्रद, मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेडको ८६ हजार ५८ कित्ता बोनस शेयर, नेपाल इन्स्योरेन्स लिमिटेडको ३० लाख १९ हजार ८ सय ८६ कित्ता हकप्रद शेयर, नेपाल इन्स्योरेन्स लिमिटेडको १३ लाख ६ हजार ६ सय १४ कित्ता बोनस शेयर र फरवार्ड कम्युनिटी माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको १० लाख १ हजार ६ सय ५७ कित्ता बोनस शेयर सूचीकृत भएको छ।

# भन्सारबाहेक अन्य शीर्षकको राजस्व संकलन लक्ष्यभन्दा कम

**नेपाल समाचारपत्र**

काठमाडौं




गत आर्थिक वर्ष २०७४/७५ मा सरकारले राजस्व संकलनमा आफ्नो लक्ष्य भेट्टाए पनि भन्सार राजस्व संकलन बाहेक अन्य कुनै पनि शीर्षकमा लक्षित राजस्व संकलन भएको छैन।

चालू आर्थिक वर्षमा ७ खर्ब ३० अर्ब रुपियाँभन्दा बढी राजस्व संकलन गर्ने सरकारको लक्ष्य रहेकोमा ७ खर्ब ३१ अर्ब ३७ करोड रुपियाँ बराबर राजस्व संकलन भएको महालेखा नियन्त्रकको कार्यालयको तथ्यांकमा छ। सरकारले वार्षिक राजस्वको संकलनको लक्ष्य भेट्टाए पनि भन्सार महशुल बाहेक अधिकांश राजस्व शीर्षकमा लक्ष्य अनुसारको राजस्व संकलन हुन सकेको देखिँदैन। भन्सार महशुलबाट मात्र शतप्रतिशत राजस्व संकलन भएको छ। सरकारले सो शीर्षकबाट १ खर्ब ३७ अर्ब ७८ करोड राजस्व असुली गरेको छ।


भन्सार राजस्व बढ्नुको अर्थ मुलुकमा बढी वस्तु तथा सेवाको आयात भएको र यसले वैदेशिक व्यापार सन्तुलन कायम गर्न नकारात्मक प्रभाव पार्ने अर्थशास्त्रीहरू बताउँछन्। वार्षिक संकलित राजस्वमध्ये मूल्य अभिवृद्धि (भ्याट) बाट २ खर्ब ६ अर्ब ७५ करोड संकलन भएको छ। उक्त शीर्षकमा असुली भएको कर लक्ष्यको तुलनामा ९५ दशमलव ७३ प्रतिशत हो। सरकारले उक्त शीर्षकमा २ खर्ब १५ अर्ब ९६ करोड रुपियाँ बराबर राजस्व असुली गर्ने लक्ष्य राखेको थियो। अन्त:शुल्क शीर्षकबाट गत आर्थिक वर्षमा सरकारले १ खर्ब २ अर्ब ८८ करोड राजस्व संकलन गर्ने लक्ष्य राखेको भए पनि १ खर्ब २ अर्ब ५७ करोड रुपियाँ बराबर मात्र राजस्व संकलन गरेको छ। अन्त:शुल्कतर्फ ३१ करोड रुपियाँ बराबर कम राजस्व संकलन भएको छ।

त्यसैगरी, आयकरबाट १ खर्ब ६७ अर्ब १९ करोड राजस्व संकलन गर्ने लक्ष्य राखिएकोमा १ खर्ब ५९ अर्ब ८१ करोडमात्र राजस्व संकलन गरेको छ। यसरी अन्त:शुल्कतर्फ ८ अर्ब रुपियाँ बराबर कम राजस्व संकलन भएको छ। गत आर्थिक वर्षमा रजिस्ट्रेसन दस्तुरबाट १९ अर्ब ३२ करोड, सवारी साधन करबाट १० अर्ब ६७ करोड, अन्य करबाट २० अर्ब ३७ करोड राजस्व संकलन गरेको छ। त्यसैगरी सरकारले शिक्षा सेवा शुल्कबाट ९१ करोड र स्वास्थ्य सेवा करबाट १ अर्ब १४ करोड संकलन गरेको छ।

आर्थिक वर्ष २०७४/७५ मा गैरकरबाट ७१ अर्ब १८ करोड राजस्व संकलन भएको छ। उक्त शीर्षकमा संकलन भएको राजस्व भने लक्ष्यको तुलनामा बढी हो। सरकारले वार्षिक लक्ष्य अनुरुप राजस्व संकलन गरे पनि कुल राजस्वको आधाभन्दा बढी हिस्सा ओगट्ने ठूला करदाता कार्यालयले पनि आफ्नो लक्षित कर उठाउन सकेको देखिँदैन। ठूला करदाता सेवा कार्यालयले गत आर्थिक वर्षमा १ खर्ब ५६ अर्ब राजस्व संकलनको लक्ष्य लिए पनि १ खर्ब ४८ अर्ब ५० करोड रुपियाँ बराबरमात्र राजस्व संकलन भएको देखिन्छ। आन्तरिक राजस्व विभागले २ खर्ब ९९ अर्ब ९१ करोड राजस्व उठाउने लक्ष्य पाएकोमा ७४ दशमलव २८ प्रतिशत राजस्व ठूला करदाता कार्यालयले संकलन गरेको छ। संकलित राजस्व कुल राजस्वको २० प्रतिशतभन्दा धेरै हो।

आन्तरिक राजस्व विभागले गत आर्थिक वर्षमा मूल्य अभिवृद्धि करबाट ७६ अर्ब, आयकरबाट १ खर्ब ३८ अर्ब, अन्त:शुल्कबाट ६० अर्ब ३९ करोड राजस्व संकलन गरेको छ। सरकारले सो अवधिमा ब्याजकरबाट १४ अर्ब ९२ करोड राजस्व संकलन गरेको छ।

# माथिल्लो दोर्दी 'ए' को ७७ प्रतिशत काम पूरा, दशैंपछि शेयर जारी गर्दै



**नेपाल समाचारपत्र**

लमजुङ

लमजुङमा निर्माणाधीन अवस्थाको माथिल्लो दोर्दी 'ए' को ७७ प्रतिशत निर्माणको काम पूरा भएको छ। आयोजनाले एक वर्षभित्र उत्पादन शुरू गर्ने भएको छ।

लमजुङको पूर्वी क्षेत्रमा बहने दोर्दीखोला करिडोरमा निर्माण भइरहेको माथिल्लो दोर्दी 'ए' जलविद्युत् आयोजनाको ७७ प्रतिशत निर्माण कार्य सम्पन्न भएको आयोजनाका साइट प्रोजेक्ट म्यानेजर टेकेन्द्र भण्डारीले बताउनुभयो। उहाँका अनुसार टनेलतर्फको निर्माण कार्य ९१ प्रतिशत काम सकिएको छ। सो आयोजनाको उत्पादन क्षमता २५ मेगावाट रहेको छ। उक्त आयोजनाको निर्माण क्रममा २ हजार ८ सय मिटर लामो पेनेस्टक पाइप लाइनको ९० प्रतिशत बिछ्याउने काम सकिएको छ।

त्यस्तै आयोजनाको टनेलको काम २ हजार ६ सय २३ मिटरमा २ सय २८ मिटर बाँकी रहेको अवस्थामा रहेको २५ मेगावाटको आयोजनाको प्रवर्द्धक निर्माण कम्पनी लिवर्टी इनर्जी कम्पनी लिमिटेड हो। त्यसका सञ्चालक राजेन्द्र वस्तीले आयोजनाको पाइप लाइन, शुरूङ र विद्युत्को काम अहिले तीव्र रुपमा भएको छ भने बाँधको काम वर्षाको कारण रोकिएको जानकारी दिनुभयो। उहाँका अनुसार आयोजनको बाँध क्षेत्रतर्फको ६० प्रतिशत काम सकिएको छ।

उक्त आयोजनामा आयोजनामा शुरूङ र पाइप दुवै रहने गरी डिजाइन गरिएको छ। हालको निर्माण स्थिति आंकलन गर्दा अबको १६ महिनामा उत्पादन शुरू गर्ने तालिका छ। तर, पनि एक वर्षभित्र काम सम्पन्न गर्ने लक्ष्यसहित निर्माण कार्यलाई तीव्रता दिएको वस्तीले बताउनु भएको छ। उहाँका अनुसार ४ अर्ब लगानीमा निर्माण हुन अनुमान गरिएको सो आयोजनामा नेपाल इन्भेष्टमेन्ट बैंकको नेतृत्वमा नौ बैंकले लगानी गरेका छन्। आयोजनाको कुल ग्रस हेड ३२५ मिटर रहेको छ। आयोजनामा बैंकको ७० प्रतिशत ऋण र ३० प्रतिशत स्वपुँजी लगानी छ। आयोजना २०७५ मंसिरमा सक्ने लक्ष्यका साथ काम शुरू भए भूकम्प र त्यसपछिको भारतीय नाकाबन्दीका कारण नेपाल विद्युत प्राधिकरणले एक वर्ष समय थप गरेको आयोजनाका सञ्चालक वस्तीले बताउनु भयो।

सो अयोजनाले उत्पादन गर्ने विद्युत् गृहको पनि ५० प्रतिशत निर्माण पूरा भएको छ। उत्पादन हुने विद्युत् गृह नजिकै नेपाल विद्युत प्राधिकरणले निर्माण गर्ने १३२ केभी कीर्तिपुर सबस्टेसनमा लगेर जोड्ने कार्यक्रम छ। लिबर्टी इनर्जी कम्पनी लिमिटेडले २०६९ मा पीपीए गरेको हो।

यसैबीच माथिल्लो दोर्दी 'ए' जलविद्युत् आयोजनाले दशैंपछि शेयर निष्कासन गर्ने भएको आयोजनाका प्रबन्ध निर्देशक डा. आत्माराम घिमिरेले बताउनु भएको छ। उहाँका अनुसार स्थानीयबासीसँग समन्वय गरी लगानी गर्न सक्ने समयमा आयोजनाको शेयर निष्काशनको तयारी गरिएको छ। आयोजनाले स्थानीयलाई १० प्रतिशत र सर्वसाधरणलाई १५ गरी जम्मा २५ प्रतिशत शेयर निष्काशनको तयारी गरेको जानकारीमा आएको छ। आयोजनाका प्रबन्धक घिमिरेले दिनु भएको जानकारी अनुसार आयोजनाले स्थानीयलाई १५ करोड रुपियाँ रकम बराबरको १५ लाख कित्ता साधारण शेयर र सर्वसाधरणलाई २२ करोड ५० लाख रुपियाँबराबरको २२ लाख ५० हजार कित्ता शेयर निष्काशन गर्ने छ।


## छपाई तथा स्टेशनरी सामाग्री आपूर्ति सम्बन्धी शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

यस यती एयरलाइन्स डोमेस्टिक प्रा. लि. लाई आवश्यक पर्ने छपाई तथा स्टेशनरी सामाग्रीहरु आपूर्ति गर्न इच्छुक ईजाजत प्राप्त फारम तथा कम्पनीहरुले निम्न शर्तहरुको अधिनमा रहि रीतपूर्वक शिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरु

१. बोलपत्रको फारम यती एयरलाइन्सको मुख्य कार्यालय तिलगंगा, काठमाडौंबाट नगद रु. १०००/- (एक हजार मात्र) (फिर्ता नहुने गरी) तिरी लिन सकिने र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिदेखि १५औं दिनको अपरान्ह ४:०० बजे भित्र निम्न लिखित कागजपत्रका साथ पेश गर्नु पर्नेछ।
   (क) आ.व. २०७४/७५ सम्मको लागि नविकरण भएको दर्ता प्रमाणपत्र
   (ख) आयकर दर्ता प्रमाणपत्र
   (ग) मु.अ. कर दर्ता प्रमाणपत्र
   (घ) २०७३/७४ सम्मको कर चुक्ता प्रमाणपत्र समेतको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्ने छ तथा
   (ङ) बोलपत्र पेश गर्दा आइटमहरुको एक मुष्ट रकम उल्लेख गर्नुपर्नेछ।
२. बोलपत्रदाताले आफूले कबोल गरेको प्रत्येक आईटमहरुको मु.अ. कर बाहेकको दर रेटलाई अंक र अक्षर दुवैमा अनिवार्य रुपमा लेखिएको हुनु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।
३. बोलपत्र पेस गर्दा बिडबण्ड सुरक्षण बापत बोल अंकको दुई (२%) प्रतिशतले हुन आउने रकम यस एयरलाइन्सको नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडमा रहेको ओभरड्राफ्ट खाता नं. ००१५९०१०००७६१८ मा नगद जम्मा गरेको सक्कल भौचर वा यती एयरलाइन्सको नाममा जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मितिदेखि गणना हुने गरी १२० दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त 'क' श्रेणीको कुनै वाणिज्य बैंकको जमानतपत्र (बिड बण्ड) पेश गर्नुपर्नेछ।
४. बोलपत्रदाताले दर रेट उल्लेख गर्दा केरमेट गरेको, टिपेक्स लगाएको ठाउँमा सही छाप नगरेको, बोलपत्र फारमको प्रतिलिपि गरी पेश गरेको वा आफ्नो तर्फबाट कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन।
५. बोलपत्र फारम खरीद गर्ने र दर्ता गर्ने अन्तिम दिन बिदा पर्न गएमा सोपछि कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिनेछ।
६. कुनै शर्त राखी पेश गरेको शिलबन्दी बोलपत्र उपर कुनै कारबाही हुने छैन।
७. बोलपत्र स्वीकृत गर्ने तथा नगर्ने सम्पूर्ण अधिकार यस एयलाइन्समा निहित रहनेछ।
८. शिलबन्दी बोलपत्र खाम बाहिर "छपाई सामाग्री सम्बन्धी" वा "स्टेशनरी सामाग्री सम्बन्धी" भनी स्पष्ट उल्लेख गर्नु पर्ने र लाहा छाप अनिवार्य रुपमा लगाउनु पर्नेछ।
९. रीत र म्याद नाघी आएको शिलबन्दी बोलपत्रमा कुनै कारबाही गरिने छैन।
१०. शिलबन्दी बोलपत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस एयरलाइन्सको प्रशासन विभागमा सम्पर्क राख्न सकिनेछ।
११. अन्य कुराको हकमा प्रचलित ऐन नियम बमोजिम हुनेछ।

यती एयर लाइन्स डोमेस्टिक प्रा. लि.
प्रशासन विभाग
तिलगङ्गा, काठमाण्डौ
फोन : ४४६५८८८ Extn: ४०९

Yeti Airlines
You come first

नेपाल समाचारपत्र
जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३ www.newsofnepal.com

# जमान र इमामको कीर्तिमानी साझेदारी



करााँची, (एजेन्सी)

पाकिस्तानका ओपनर ब्याट्सम्यान फखर जमान र इमाम उल हकले वानडे अन्तर्राष्ट्रिय क्रिकेटमा उच्चतम ओपनिङ साझेदारी गरेर नयाँ कीर्तिमान राखेका छन्। शुक्रबार जिम्बाबेको बुलावायोमा घरेलु टोलीविरुद्धको चौथो वानडे खेलमा दुवैले ३ सय ४ रनको उच्चतम साझेदारी गरेर नयाँ कीर्तिमान रचे। योसँगै उपुल थारांगा र सनथ जयसूर्याले २००६ मा इंग्ल्यान्डविरुद्ध लिड्समा बनाएको २ सय ८६ रनको ओपनिङ साझेदारी छायामा परेको छ। जमान र इमामले ४२ औं ओभरमा ३ सय ४ रनको साझेदारी गर्दा बायाँहाते ब्याट्सम्यान इमाम वेलिङ्टन मासाकाडजाको बलमा आउट भए। उनले १ सय २२ बलमा ८ चौकाको सहयोगमा १ सय १३ रन बनाएका थिए।

सोही खेलमा जमानले पाकिस्तानका लागि पहिलो दोहोरो शतक बनाए। उनको सहयोगमा पाकिस्तानले वानडेमा ३ सय ९९ रनको ठूलो योगफल पनि जोडेको छ। उनले पाकिस्तानी खेलाडी सइद अनवरको व्यक्तिगत १ सय ९४ रनलाई पनि पछि पारेका छन्। सइदले १९९७ मा भारतविरुद्ध सो रन बनाएका थिए। जमानले १ सय ५६ बलको सामना गरेर २ सय १० रन जोड्दा २४ चौका र ५ छक्का प्रहार गरे। वानडे क्रिकेटको इतिहासमा जमान दोहोरो शतक बनाउने छैटो ब्याट्सम्यान हुन्। उनी अगाडि भारतका सचिन तेन्दुलकर, वीरेन्द्र सेहवाग र रोहित शर्मा, वेस्ट इन्डिजका क्रिस गेल र न्युजिल्यान्डका मार्टिन गप्टिलले दोहोरो शतक छोएका थिए। जसमा रोहितको २ सय ६४ रन वानडे क्रिकेटमा सबैभन्दा उच्चतम व्यक्तिगत रन हो। उनीपछि गप्टिलले २ सय ३७ रन, सेहवागले २ सय १९ रन र गेलले २ सय १५ रन जोडेका थिए।


## उच्चतम साझेदारी ओपनिङमा

३०४ फखर जमान/इमाम उल हक (पाकिस्तानविरूद्ध जिम्बाबे)
२८६ उपुल थारांगा/सनथ जयसूर्या (श्रीलंकाविरूद्ध इंग्ल्यान्ड)
२८४ डेविड वार्नर/हेड (अस्ट्रेलियाविरूद्ध पाकिस्तान)
२८२ क्विन्टम डिकक /हसिम अमला (दक्षिण अफ्रिकाविरूद्ध बंगलादेश)
२८२ उपुल थारांगा/तिलकरत्ने दिलसान (श्रीलंकाविरूद्ध जिम्बाबे)



काठमाडौं कोरा साइकल च्यालेन्ज २०१८ मा भाग लिएका एक सहभागी। सन् २०११ देखि हरेक वर्ष आयोजना हुने उक्त कोरा साइकल च्यालेन्जमा करिब ३ हजार सहभागी हुने आनुमान गरिएको छ। साइकल ऱ्याली पाटन दरबार परिसरबाट शुरु भएको छ। तस्वीर : अनिल आङदेम्बे

# १३औं सागमा दुई खेल थपियो



नेपाल समाचारपत्र

काठमाडौं

नेपालले आयोजना गर्ने १३औं दक्षिण एसियाली खेलकुद (साग) मा दुई खेल थपिएको छ। शनिबार याक एन्ड यति होटलमा बसेको सागमा केन्द्रित दक्षिण एसियाली ओलम्पिक काउन्सिलको बैठकले सोको निर्णय गरेको हो। पहिले नराखिने भने पनि क्रिकेट र प्याराग्लाइडिङलाई १३औं सागमा राखिने भएको हो। योसँगै नेपालमा मार्च २०१९ मा हुने सो प्रतियोगितामा २७ खेलमा प्रतिस्पर्धा गराइने भएको छ।

नेपाल ओलम्पिक कमिटी (एनओसी) एवं काउन्सिलका अध्यक्ष जीवनराम श्रेष्ठको अध्यक्षता बैठक बसेको हो। बैठकमा भुटानबाहेक नेपालसहित भारत, बंगलादेश, पाकिस्तान, माल्दिभ्स र श्रीलंका गरी ६ राष्ट्र सहभागी थिए। एनओसीका अध्यक्ष श्रेष्ठले सरोकारवाला सबैको सहयोग भए १३औं सागको समय तालिकामा कुनै फेरबदल नगरी निर्धारित समयमै साग आयोजना गर्न लागिपरेको बताए।

मार्चसम्ममा त्रिपुरेश्वरस्थित दशरथ रंगशालाको निर्माण सकिने पनि श्रेष्ठले आशा गरेका छन्। यो बैठकपछि सबै राष्ट्रका प्रतिनिधिले रंगशालाको निरीक्षणसमेत गरेका थिए। त्यस्तै सातदोबाटोस्थित पौडी पोखरीको ९० प्रतिशत काम भइसकेको बताइएको छ। त्यहाँ हिटिङ सिस्टम पनि जडान गरिएको छ। पोखरामा पनि सागका केही खेल आयोजना गर्न त्यहाँ भौतिक पूर्वाधार बनिरहेको राष्ट्रिय खेलकुद परिषद्ले जनाएको छ। तर, आयोजकले त्यहाँ कुन-कुन खेल आयोजना गर्ने भनेर कुनै जानकारी गराउन सकेको छैन।

१३औं सागमा हुने २७ खेल यस प्रकारका छन् : १. ब्याडमिन्टन २. एथ्लेटिक्स ३. बक्सिङ ४. गल्फ, ५. कराते ६. क्रिकेट, ७. प्याराग्लाइडिङ ८. खो खो ९. सुटिङ १०. आर्चरी ११. टेबलटेनिस १२. लन टेनिस १३. ट्रायथलन १४. भलिबल १५. फुटबल १६. पौडी १७. स्क्वास १८. बास्केटबल १९. कबड्डी २०. भारत्तोलन २१. उसु २२. कुस्ती २३. तेक्वान्दो २४. ह्यान्डबल २५. जुडो २६. हकी २७. साइक्लिङ।

# खेलकुद मन्त्रालय सुतेर बसेको छ

पोखरा, (नेस)

गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङले खेलकुदको विकास गर्ने अभिभावक खेलकुद मन्त्रालय सुतेर बसेको बताएका छन्।

अखिल नेपाल फुटबल संघ एन्फाले गण्डकी प्रदेशस्तरीय अन्तरक्रिया एवं कार्यशाला गोष्ठीलाई सम्बोधन गर्दै मुख्यमन्त्री गुरुङले खेलकुदलाई समृद्धिको आधार बनाउनुपर्ने बताउँदै फुटबलमा नेतृत्व परिवर्तनसँगै नयाँ युगको प्रारम्भ भएको बताएका छन्।

'गणेश थापालाई दोष लगाएर उमकन पाइँदैन, अर्को युग शुरू भएको छ, अरूले गरे गरेन भन्ने होइन अब आफैंले गरेर देखाउने हो।' -मन्त्री गुरुङले भने। फुटबल खेलमा आर्थिक नियमावली नहुँदा आर्थिक अनियमितता, खेलकुदमा मिलेमतो हुने कुरालाई औंल्याउँदै खेलकुदसम्बन्धी उचित कानुन र नियमावली निर्माण गर्नुपर्ने बताए।

प्रदेशको राजधानी पोखरा भएकाले खेलकुदको हब बन्न सक्ने कुरालाई इङ्कित गर्दै मन्त्री गुरुङले पोखरालाई हरेक खेलको 'न्युट्रल भेन्यु' को रूपमा परिचित गर्न सकिने बताए।

पोखरा फुटबलको 'होम ग्राउन्ड' भए पनि संधै उपेक्षाका गरिएको तर्फ ध्यानकर्षण गराउँदै पोखरामा फुटबलको टेक्निकल सेन्टर स्थापना गर्न एन्फालाई आग्रह गरे। सोही कार्यक्रमलाई सम्बोधन गर्दै अखिल नेपाल फुटबल संघ एन्फाका अध्यक्ष कर्मा छिरिङ शेर्पाले नेपाली फुटबल इतिहासमै पहिलोपटक आर्थिक नियमावली निर्माण गर्न लागेको बताए। नेपाली फुटबलले नयाँ फड्को मार्ने दिशातर्फ अगाडि बढेको बताउँदै योजनाबद्ध ढंगले एन्फाले आफ्ना कार्यक्रमहरू ल्याएको बताए।




## धरहरा

# समाजवादी लाठी र ग्यास !



धरहराले कुरोको चुरो बुझ्रेर कहिल्यै नसक्ने भो। भूकम्पपीडित लुरो धरहरा साह्रै शूरो हुने कुरो पनि भएन। नभए समाजवादी कार्यकारी सरकारको उखान टुक्काको लय बुझ्रेको भए मार्दिनु ! पहिला-पहिला त उखान टुक्के कार्यकारीको उखान सुनेर मनोरञ्जन मिल्थ्यो। अहिले उखान टुक्काको लय नै बदलिन थालेको छ जय नेपालमा। उखान टुक्का अब लाठीचार्ज र अश्रुग्यासमा लयबद्ध हुन थालेको धरहराको मात्र होइन धेरै मानिसको ठम्याइ छ।

व्यवहारले जोगी भन्न मिल्ने एक जना चिरफारे डाक्टरले आम गरिब जनताले पढ्न पाउने गरी उपत्यकाबाहिर पनि मेडिकल कलेज खोल्न पाउनुपर्छ भनेर भोकहड्ताल गर्न थालेपछि उखान टुक्काले लय फेर्न थालेको हो भन्ने धरहरालाई लाइरा'छ। उखान टुक्काले लाठीचार्ज र अश्रुग्यासमा लय मिलाएर जुम्ला अस्पतालमा प्रवेश गऱ्यो। त्यो फेरि काठमाडौंमा फर्किएको कुरा धरहराको उचाइबाट शनिबार प्रस्टै देखियो। चिरफारे डाक्टरका समर्थकले निकालेको शान्तिपूर्ण ऱ्यालीमा लाठी र अश्रुग्यास बर्सिएपछि उखान टुक्के कार्यकारीले विगतमा बोलेका सन्दर्भहरू त्यही ऱ्यालीझैं ओहोर-दोहर हुन थाले दिमागमा। ए, समाजवादी लाठी त यस्तो पो हुँदोरहेछ, अनि घर-घरमा ग्यास पुऱ्याउने भन्या त आँखा-आँखामा पो रै'छ। कम्युनिस्ट सरकारका पालाँ रुन पर्दैन भन्या त उल्टो पो रैछ।

# ज्यादै खुसी छन् सन

लन्डन, (एजेन्सी)

टोटेनह्यामका फरवार्ड सन हिउङ मिनले क्लबसँग सन् २०२३ सम्मका लागि ५ वर्षको नयाँ सम्झौता गरेपछि आफू ज्यादै खुसी भएको बताएका छन्। २६ वर्षीय दक्षिण कोरियाका खेलाडीले सम्झौतापत्रमा हस्ताक्षर गरेपछि बताए- 'नयाँ सम्झौता गर्न पाउँदा म ज्यादै खुसी छु।'

सनले लन्डन क्लबका लागि १ सय ४० खेलमा ४७ गोल गरिसकेका छन्। उनी सन् २०१५ मा जर्मन क्लब बायर लिभरकुसेनबाट टोटनह्याम आएका थिए। गत सिजनमा स्पर्सका लागि उनले सबै प्रतिस्पर्धामा गरी ५५ खेलमध्ये ५३ खेल खेलेका थिए। हालै सम्पन्न रुसमा भएको विश्वकपमा सनले २ गोल गरेका थिए। एक गोल गत विश्वकपको विजेता जर्मनीविरुद्ध गरेका थिए। जुन गोलले दक्षिण कोरियाले जर्मनीलाई स्तब्ध पार्दै पहिलोपटक युरोपियन टोलीमाथि जित हात पारेको थियो।

Call 4-261179, (98511) 08620, (98510) 35406, (9841) 764976 to Advertise on the Collector's Issue of The Largest Selling Entertainment Magazine

BOOK YOUR AD SPACE TODAY




Ad Deadline: Shrawan 18, 2075 (August 3, Friday)

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ